# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

हेल्लो भक्तपुर नगरपालिका

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jì{ #$✭cÆ !!✭g];=!#&✭lj=;=@)&$ c;fh ✭A.D.2017

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## Pp6f tl:a/

भक्तपुर नपाको वडा नं. १० (साविक वडा नं. ४) क्वाठण्डौ पोखरीको २०३३ सालको दृश्य । दायाँ अगाडिको घर तेल पेल्ने साल हो । यसले नवदुर्गा द्योछेंमा बत्ती बाल्न तेल र खँमेलाई खुवाउन तोरीको पीना दिन्थ्यो । जर्मन प्रोजेक्टको बेला यो साल भत्काएर खुल्ला चोक बनाइएको थियो । *तस्बिर सौजन्य : विष्णुबहादुर मानन्धर ।*




'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

'अध्ययन गर्नु राम्रो कुरा हो तर अध्ययन जागिर खान र ओहोदा वा पदवी पाउनको लागि नभएर जनताको सेवा गर्न, मेहनती र योग्य हुनको लागि हुनुपर्छ ।' - माओ त्सेतुङ

# यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) भक्तपुर नगरपालिकाद्वारा 'गाईजात्रा पर्व २०७४' का उत्कृष्टलाई पुरस्कार वितरण | – | ३ |
| २) विश्व पर्यटन दिवसमा पर्यटकको स्वागत | – | ६ |
| ३) ऐतिहासिक भाजु पोखरीको सफाइ | – | ७ |
| ४) जबरजस्ती विधेयक पास गर्नु तानाशाही | – | ८ |
| ५) भाषा र संस्कृति नसिक्दा विदेशमा नेपाली युवा सस्तो श्रमिक मात्र | – | ९ |
| ६) ख्वप विश्वविद्यालयको स्वीकृति शर्तरहित हुनुपर्छ | – | ११ |
| ७) भारतीय दूतावासको पत्रमाथि छानबिन गर्नु पर्ने | – | १३ |
| ८) प्रमुख प्रजापतिबाट टेलिमेडिसिन सेवाको उद्घाटन | – | १४ |
| ९) विकास कार्यको हिसाब व्यवस्थित र पारदर्शी हुनुपर्छ | – | १५ |
| १०) 'भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न कोसिस गर्दैछौँ' | सुनिल प्रजापति | १७ |
| ११) 'सबै काम विदेशीहरूलाई सुम्पेर हाम्रो मौलिकता बचाइराख्न सक्दैनौं' | सुनिल प्रजापति | १९ |
| १२) विभिन्न वडामा जनप्रतिनिधिहरुको सय दिन | – | २० |
| १३) सय दिनमा ९ वडाको प्रगति | – | २४ |
| १४) तःमुँज्याको ३७ औं सम्मेलन भव्यताका साथ सम्पन्न | – | २७ |
| १५) थ्रेसहोल्डविरुद्ध नेमकिपाद्वारा सर्वोच्चमा रिट | – | ३१ |
| १६) भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ३२ |
| १७) मध्यपुर थिमी नगरपालिकाको मत विवरण | – | ४४ |
| १८) वडाध्यक्ष परिचय-कुमार चवाल | – | ५१ |
| १९) त्रिपुरासुन्दरी | ओम धौभडेल | ५२ |
| २०) नमुना सङ्ग्रहालय खोल्ने हो कि ! | विगोल | ५५ |
| २१) आत्मनिर्भरताको लागि घरेलु तथा साना उद्योगको आवश्यकता | कृतिका प्रजापति | ५९ |
| २२) नेपालको 'अन्न भण्डार' लाई 'बलि' चढाएर भारतले कति 'पुण्य' कमाउने ? | अनल कुमार | ६१ |
| २३) नागरिक भावना : विश्वास | हेमन्त | ६६ |
| २४) SKETCHES FROM NIPAL (17) | Henry Ambrose Oldfield | ६९ |
| २५) गाईजात्राको उत्भव थलो भक्तपुर (सम्पादकको पृष्ठ) | | ७२ |


**साथमा**


तीस वर्षदेखि बन्द दाफा भजनको पाटी खुला-६/ विश्व पर्यटन दिवसान दुमाजु पोखरीको सरसफाइ-१०/ ग्वंग पोखरीको सरसफाइ-१२/ सफाइ सबैको लागि-१२/ महाकाली पीठ परिसरमा सरसफाइ कार्यक्रम-१६/ मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन-३०/ चिनियाँ नीतिकथा : गाली र ताली-५४/ बसिबियाँलो-५८/ नेपालको संविधान २०७२, भाग -१७, स्थानीय कार्यपालिका (२४)-६७/ तपाईको भान्सा : क्यान्सरबाट बच्न काउली-७०/ जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ-७०/ भाद्र महिनाको पर्यटक तथ्याङ्क-७१/



नगरपालिका नगरवासीहरूको संस्था हो । करदाताहरूले समयमै कर बुझाऔं

**नगरको विकासमा सघाऔं ।**

# भक्तपुर नगरपालिकाद्वारा 'गाईजात्रा पर्व २०७४' को उत्कृष्टलाई पुरस्कार वितरण

भक्तपुर नगरपालिकाले २०७४ सालको गाईजात्रा पर्वमा प्रदर्शित परम्परागत तथा आधुनिक सांस्कृतिक विधाका उत्कृष्ट टोली र कलाकारहरूलाई असोज ७ गते एक कार्यक्रम गरी नगदसहित पुरस्कार वितरण तथा भक्तपुर सम्बन्धी गीतका सर्जक नारायणकुमार आचार्यलाई नगद उपहारसहित सम्मान गऱ्यो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् सांसद नारायणमान बिजुक्छेंले कला–संस्कृति हाम्रो पहिचान भएकोले यसको संरक्षण गर्नुपर्ने बताउनुभयो ।

साहित्यकार नारायणकुमार आचार्यको भक्तपुर सम्बन्धी गीतले सम्पदा संरक्षण गर्नुपर्ने सन्देश दिएकोले धेरैले मन पराएको कारण उहाँलाई सम्मान गरिएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सचिव एवम सांसद प्रेम सुवालले समयमा जीर्णोद्धार नगरिएका सम्पदाहरू भूकम्पले क्षति पुऱ्याएको बताउँदै पुर्खाले सिर्जेको सम्पदा संरक्षण गर्न हामी आफै सक्षम भएको बताउनु भयो ।

पूर्व पदाधिकारी भएकै नाताले राज्यबाट सेवा सुविधा लिने काम गलत भएकोले हामीले विपक्षमा बोलेको धारणा राख्दै उहाँले सम्पत्ति नभएका पूर्व पदाधिकारीलाई राज्यले














मन्तव्य राख्नु हुँदै नेमकिपा अध्यक्ष एवं सांसद बिजुक्छें, सांसद सुवाल, प्रमुख प्रजापति, उपप्रमुख जोशी र वडाध्यक्ष ज्याख्व



मन्तव्य राख्नु हुँदै वडा अध्यक्ष कवां, संस्कृतिविद् ग्वंग, इतिहासविद् श्रेष्ठ, साहित्यकार आचार्य र अधिकृत मिश्र

पाल्नुपर्ने र सम्पत्ति छ भने कर लगाउनु पर्छ भन्नुभयो ।

उहाँले पूर्व सांसदलाई पेन्सन दिने, अपराधको सजायँ भोगेको ६ वर्षपछि उम्मेदवार हुन पाउने प्रावधानको संसदमा विरोध गरेको जानकारी दिँदै निःशुल्क उपचार पूर्व सांसदलाई मात्र होइन सम्पूर्ण जनतालाई हुनुपर्छ भन्नुभयो ।

कार्यक्रमको सभापतिको आसनबाट भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले कला संस्कृतिमा धनी हाम्रो नगर हामीले नै बनाउनुपर्नेमा जोड दिँदै हाम्रो सम्पदाको कहीं पनि क्षति गराउन नहुने बताउनुभयो ।

उहाँले हरेक नगरवासी बाजा र नाच जानेकैले भक्तपुर नाचगानको राजधानी भएको र समय समयमा सांस्कृतिक विधाको प्रतिस्पर्धा गरेर यसको संरक्षण गरिएको बताउँदै हाम्रो संस्कृति र सम्पदालाई यथावत राख्न सके स्वदेशी तथा विदेशी पर्यटकहरूको निम्ति भक्तपुर आकर्षणस्थल भइरहने बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै उपप्रमुख रजनी जोशीले मूर्त र अमूर्त राष्ट्रिय सम्पदाको संरक्षणको लागि जनप्रतिनिधिहरू लागिरहने र मानव सभ्यताको जीवित सङ्ग्रहालयको रूपमा रहेको सांस्कृतिक नगरलाई नमुनाको रूपमा जगेर्ना गर्न नगरवासीको साथ र सहयोग आवश्यक छ भन्नुभयो ।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले हाल सञ्चालन





प्रमुख अतिथि बिजुक्छेंबाट उत्कृष्ट सांस्कृतिक टोलीलाई पुरस्कार वितरण गरिँदै

भइरहेका जात्राको अर्थ हुने हुँदा सोको खोज तथा अनुसन्धान गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। सम्पदा संरक्षणमा भक्तपुर नगरपालिकालाई सहयोग गर्नुपर्ने विचार राख्दै उहाँले यहाँको कला संस्कृतिले खुला विश्वविद्यालयको काम गरिरहेको छ भन्नुभयो।

इतिहासविद् प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठले भक्तपुर हरेक क्षेत्रमा अग्रणी रहेको उल्लेख गर्दै नगरपालिकाले मूर्त अमूर्त सम्पदालाई संरक्षण गर्दै आएको बताउनुभयो।

गाईजात्राको उत्भव थलो ६०० वर्ष अघि भक्तपुर भएको तथ्य गोपाल राजवंशावलीमा उल्लेख भएबाट प्रमाणित हुन्छ भन्नुहुँदै वहाँले भक्तपुरका प्रमुख देव–देवी कहाँ काठमाडौं र ललितपुरबाट पूजा भाग पठाउने प्रचलनबाट भक्तपुर सांस्कृतिक राजधानी भएको अद्यापि प्रमाणित भएको बताउनु भयो।

कार्यक्रममा 'यो नगर भक्तपुर, नेपालीको धरोहर' गीतका रचयिता भक्तपुरका पूर्व प्रहरी प्रमुख नारायण कुमार आचार्यले २०२९ सालमा भक्तपुर आउँदा नाक थुनेर जानुपर्नेमा २०५६ सालमा आउँदा भक्तपुरको कायापलट भएको अनुभव सुनाउँदै आफू भक्तपुरको धेरै ऋणी भएको बताउनुभयो।

वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले गाईजात्रा पर्व २०७४ को मूल्यांकन परिणाम घोषणा गर्दै सम्पदा सुरक्षित रूपमा नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रतियोगिताको आयोजना गरेको र आधुनिक युगमा सम्पदा संरक्षण र सम्वर्द्धनमा चुनौति थपिएको बताउनुभयो।

भक्तपुर जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत रविचन्द्र मिश्रले भक्तपुरलाई देशकै सफा नगर बनाउनमा भक्तपुर नपाले महत्त्वपूर्ण देन दिएको बताउँदै परम्परागत सांस्कृतिक विधाको संरक्षण गर्न नगरपालिकाले अद्वितीय रूपमा योगदान पुऱ्याएको र भविष्यमा जारी रहने विश्वास व्यक्त गर्नुभयो।



प्रमुख अतिथि बिजुक्छेंबाट साहित्यकार नारायणकुमार आचार्यलाई नगद उपहारसहित सम्मान गरिँदै

वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको उक्त कार्यक्रमको बीच बीचमा प्रतियोगितामा पुरस्कृत उत्कृष्ट लाखे, फाकंदली, नागाचा, खिचा, माक, भैल प्याखँ प्रस्तुत गरिएको थियो।

# विश्व पर्यटन दिवसमा पर्यटकको स्वागत

विश्व पर्यटन दिवसको अवसरमा असोज ११ गते भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा भक्तपुर भ्रमणमा आएका पर्यटकहरूलाई स्वागत तथा उपहार प्रदान, फोटो प्रदर्शनी एवं सांस्कृतिक कार्यक्रम दरबार क्षेत्रमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर एक सांस्कृतिक नगर र विश्व सम्पदा सूचीमा सूचिकृत शहर भएकोले नगरपालिका यहाँको कला, संस्कृति र सम्पदा संरक्षणमा क्रियाशील रहेको बताउनु भयो ।

नगरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न सरसफाइमा जोड दिँदै पर्यटक आकर्षणको लागि विभिन्न देशका पर्यटकहरूलाई सांस्कृतिक एवं ऐतिहासिक नगरमा स्वागत गर्न पाउँदा खुशी लागेको पनि बताउनु भयो ।




कार्यक्रममा पहिलो समूहमा भक्तपुर नगर प्रवेश गरेको रसियाली पर्यटक इरिना ओसिपोभा (Irina Osipova) ले ऐतिहासिक नगरमा पर्यटकलाई स्वागत गर्ने संस्कृतिबाट आफू निकै प्रभावित भएको बताउनु भयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले पर्यटकहरूलाई मयुर झ्याल, भक्तपुर नगरको फोटो पुस्तिका, परम्परागत थैली, नगरपालिकाको झोलालगायतका सामग्रीहरू उपहारका साथै निःशुल्क नगर प्रवेश पास प्रदान गर्नु भएको थियो ।

पर्यटक सेवा केन्द्रका इन्चार्ज एवं नगरपालिका कर्मचारी एशोसियसनका अध्यक्ष गौतम प्रसाद लासिवाले ३८ औं विश्व पर्यटन दिवसको विभिन्न कार्यक्रमहरू बारे जानकारी दिनु भएको थियो ।

त्यस्तै भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष राम सुन्दर भेलेले निःशुल्क दिवा भोज, रात्रीभोज र होटल बास कुपन, भक्तपुरको परिचय पुस्तिका उपहार प्रदान गर्नु भएको थियो ।

स्वागत कार्यक्रममा गलसी पुखुको माक प्याखं र मानन्धर व्यायाम मन्दिरबाट धिमाय् बाजा प्रस्तुत गरिएको थियो ।

भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिले असोज ६ गतेदेखि सप्ताह व्यापी रूपमा सम्पदा सफाइ कार्यक्रम, सांस्कृतिक कार्यक्रम, 'भक्तपुरको पर्यटन गन्तव्यस्थलको राम्रो भविष्य' विषयक प्रवचन कार्यक्रम, नगरभरि ब्यानरहरू राखी प्रचार अभियान, फोटो प्रदर्शनी लगायतका कार्यक्रम गरिएको थियो ।

# तीस वर्षदेखि बन्द दाफा भजनको पाटी खुला

भक्तपुर नपाको साविक वडा नं. ५ खिंछेस्थित २०४३ सालदेखि बन्द गरिरहेको भजन पाटी दाफा भजनका सदस्य र स्थानीयवासीहरूले असोज ६ गते खुला गरेका छन् ।

उक्त भजन पाटी २०४३ सालदेखि भजनका सदस्य आशकुमार दुवालले बन्द गरी भोगचलन गर्दै आएका थिए । दाफा भजनका भजनियाँहरूले पटक-पटक भजन पाटी खुला गरी भजन सञ्चालन गर्न सम्बन्धित व्यक्तिलाई मौखिक र लिखित अनुरोध गर्नुका साथै स्थानीय निकाय र प्रशासनलाई लिखित जानकारी दिएका थिए ।

भक्तपुर नपा र जिल्ला प्रशासनले पाटी खुला गर्न पटक-पटक लिखित पत्राचार गर्दा पनि खुला नगरेपछि भजनियाँ र स्थानीयवासीहरूले जिल्ला प्रशासन र भक्तपुर नपा कार्यालयको रोहवरमा उक्त पाटी खुला गरेका हुन् ।

उक्त सार्वजनिक पाटी खुला गर्दा निजीरूपमा पाटी प्रयोग गर्दै आएका राजकुमार दुवाल प्रतिकारमा उत्रे । प्रतिकारमा उत्रेका मनोजकुमार दुवालले स्थानीयलाई इँटा प्रहार गर्दा भजनियाँ आसकाजी गलु सख्त घाइते भएका छन् भने स्थानीय कृष्णराम त्वायना, रविन कैटी र दिजन त्वायना घाइते भएका छन् ।

# ऐतिहासिक भाजु पोखरीको सफाइ

भक्तपुर नगरपालिकाको वातावरण तथा सरसफाइ समितिको आयोजनामा ऐतिहासिक भाजु पोखरीको असोज १५ गते सरसफाइ गरियो ।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भएको वडा नं. १ स्थित भाजु पोखरीको सफाइ कार्यमा नगरवासीहरूको उल्लेख्य उपस्थिति रह्यो । कार्यक्रममा प्रमुख सुनिल प्रजापतिले ठेक्कापत्तामा बिकेको देशका रूपमा बदनाम हुँदै गइरहेको वर्तमान अवस्थामा परिवर्तन ल्याउन सकोस् भन्ने भावनाले स्थानीय टीम, क्लव, उपभोक्ता एवम् टोल सुधार समितिहरूको माध्यमबाट हरेक विकास, निर्माण, सरसफाइमा जनश्रमदान जुटाउँदै जाने उद्देश्यअनुसार तपाई हामी आफै श्रमदानमा जुट्दै अगाडि बढिरहेका हौं भन्नुभयो ।



कार्यक्रममा भूतपूर्व वडा अध्यक्ष एवम् नेपाल मजदुर किसान पार्टी वडा नम्बर १ एकाइ समितिका अध्यक्ष लक्ष्मीनारायण राजलवट खत्रीले ऐतिहासिक भाजु पोखरी जीर्णोद्धार विगत २०५८/५९ सालदेखिको हाम्रो निरन्तर प्रयास हो भन्नुभयो ।

आयोजक समितिका संयोजक एवं वडा नम्बर ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले निर्वाचित भएदेखि नगरपालिकाले नगरको चोक, गल्ली, मूलसडकलगायत पाटी-पौवा, मठ-मन्दिर, इनार, पोखरी, ढुङ्गेधाराका साथै ऐतिहासिक



सम्पदास्थलहरू सरसफाइ गर्न विशेष ध्यान पुऱ्याउँदै आइरहेको छ भन्नुभयो ।

भक्तपुर नपा वडा नम्बर १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले स्वागत मन्तव्य राख्दै निकट भविष्यमै यस स्थलमा



एथलेटिक्स प्रतियोगिता सञ्चालन हुन गइरहेको जानकारी दिनुभयो ।



कार्यक्रममा वडा सदस्य विश्वराज शिल्पकारले पनि बोल्नु भएको थियो ।

# जबरजस्ती विधेयक पास गर्नु तानाशाही

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले संसदमा गणपुरक सङ्ख्या नपुगेकोमा नेमकिपाका सांसदहरूले नाराबाजी गरिरहँदा समेत बेवास्ता गरेर जबरजस्ती विधेयकहरू पास गर्नु पूँजीवादी तानाशाही भएको बताउनुभयो ।

उहाँले सभामुखले नक्कली बहुमत खडा गरेर प्रजातन्त्रको हत्या गरेको समेत बताउनुभयो ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूबीच असोज ११ गते आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा अध्यक्ष बिजुक्छेंले सत्तापक्षले निरङ्कुशता लादेको र प्रमुख प्रतिपक्षी पार्टीले त्यसको समर्थन गरेर प्रजातन्त्रिक अभ्यासमाथि अंकुश लगाएको प्रष्ट पार्नुभयो । दिनुभयो ।

देशको सार्वभौमिकता गुम्दा जनतालाई अत्यन्त पीडा हुने चर्चा गर्दै प्रजग कोरियाली जनताहरू आफ्नो देशको स्वाधिनताको लागि अमेरिकी साम्राज्यवादविरुद्ध जस्तोसुकै लडाइँ लड्न तयार रहेको बताउनुभयो । उहाँले देशभक्त नेपालीहरूले कोरियाली वीर जनताबाट देशभक्ति र संङ्घर्षशील भावना सिक्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संसदबाट भर्खरै पारित गरिएको स्थानीय तह सञ्चालन सम्बन्धी ऐनमा जनभावना विपरीतका दफाहरू रहेको उल्लेख गर्नुभयो । 'जनताबाट अनुमोदित प्रतिनिधिलाई कमजोर बनाई कर्मचारीलाई बलियो




स्थानीय चुनावमा पार्टीको घोषणापत्रलाई विश्वास गरेर जनताले मतदान गरेको उल्लेख गर्दै उहाँले जनप्रतिनिधिहरूले जनताको भावनाअनुसार र पार्टीको निर्देशनमा काम गर्न निर्देशन दिनुभयो ।

'जनप्रतिनिधिहरू राजनैतिक कार्यकर्ताहरू पनि हुन् र सामाजिक अगुवा पनि हुन्' उहाँले भन्नुभयो ।

उहाँले नगरपालिकामा अन्य राजनैतिक दल विजयी नभए पनि तिनका पनि कुरा सुन्ने, सर्वसाधारण जनताका पनि गुनासो सुन्ने बानी विकास गर्नुपर्नेमा जोड बनाउन खोज्नु प्रजातान्त्रिक मूल्यविपरीत कार्य हो'– उहाँले भन्नुभयो ।

उपप्रमुख रजनी जोशीले दक्षिण कोरियामा भएको एसिया प्रशान्त क्षेत्रीय सहरहरूको प्रमुखहरूको सम्मेलनमा भाग लिंदाको अनुभव बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले शुभकामनासँगै बिदाको समयमा पनि जनताको काम गर्न नरोक्ने बताउनुभयो ।

# भाषा र संस्कृति नसिक्दा विदेशमा नेपाली युवा सस्तो श्रमिक मात्र

भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने विभिन्न सीपमूलक तालिमको असोज १ गते एक समारोहबीच नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें ( रोहित) ले उद्घाटन गर्नुभयो। तालिमका प्रशिक्षकहरूलाई सम्बन्धित सामग्री हस्तान्तरण गरी उहाँले तालिमको उद्घाटन गर्नुभएको थियो।




कार्यक्रममा बोल्दै सांसद बिजुक्छेंले वैदेशिक रोजगारीमा गएका नेपाली युवाहरूलाई उनीहरू गएका देशको भाषा र संस्कृतिबारे जानकारी दिन नसक्दा सस्तो शारीरिक श्रमिकमात्र बन्नु परेको बताउनुभयो।

भाषा र संस्कृतिको ज्ञान दिन सरकारले ध्यान दिए विदेशको संस्कृति र प्रविधिबाट नेपालसमेत लाभान्वित हुनसक्ने उहाँको भनाइ थियो।

अध्यक्ष बिजुक्छेंले विभिन्न देशमा गएर शारीरिक श्रमिकमात्र बन्ने नभई त्यहाँको साहित्यको नेपाली भाषामा पनि अनुवाद गर्न सके नेपाली समाजले लाभ उठाउन सक्ने धारणा राख्नुभयो। शैक्षिक योग्यताका साथै कोही पनि व्यक्तिसँग हातमा सीप भए समाजमा धेरै योगदान पुऱ्याउन सक्ने उहाँको भनाइ थियो।

नेपाली समाजमा दक्ष जनशक्तिको अभाव भएको चर्चा गर्दै सांसद बिजुक्छेंले कुनै पनि व्यक्तिको सीपलाई शैक्षिक योग्यतासँग जोड्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राजनीतिक नेतृत्व सही नभएसम्म समाज अघि बढ्न नसक्ने विचार व्यक्त गर्दै कुनै अन्तर्राष्ट्रिय गैससले दिने तालिमभन्दा स्थानीय तहले दिने तालिम फरक हुनुपर्ने धारणा राख्नुभयो। भक्तपुर



सीपमूलक तालिमको उद्घाटन कार्यक्रममा उपस्थिति

नगरका कोही पनि युवा सीप नभएको कारण पछि नपरोस् भनी नगरपालिकाले सीपमूलक तालिमको क्रम सुरु गरेको भन्दै प्रमुख प्रजापतिले आफूसँग भएका सीप र क्षमता देश र समाजको हितमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा वडाध्यक्षहरू उकेश कवां, राजकृष्ण गोरा, महिला वडा सदस्यहरू रोशनमैंया सुवाल, सरिना द्योला, प्रशिक्षकहरूको तर्फबाट राजेन्द्र चवाल र धर्मलक्ष्मी लघुलगायतले नगरपालिकाले दिने तालिमको विषयमा बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाले चिनिया भाषा, आधारभूत सिलाइ, उन्नत सिलाइ, बुटिक आदिको तालिम सुरु गरेको हो ।



प्रमुख अतिथि बिजुक्छेंबाट चवाललाई सामग्री हस्तान्तरण गरिँदै



प्रमुख अतिथि बिजुक्छेंबाट लघुलाई सामग्री हस्तान्तरण गरिँदै

# विश्व पर्यटन दिवसमा दुमाजु पोखरीको सरसफाइ

३८ औं विश्व पर्यटन दिवस २०१७ को अवसरमा असोज ७ गते भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा ऐतिहासिक भक्तपुर दरबार क्षेत्रको तलेजु परिसरमा अवस्थित दुमाजु पोखरीको सरसफाइ कार्यक्रम सम्पन्न गरियो । धार्मिक तथा ऐतिहासिक रूपमा अत्यन्त महत्त्वपूर्ण उक्त पोखरी सरसफाइ गर्न भक्तपुर नगरपालिका, भक्तपुर पर्यटन विकास समिति, पुरातत्त्व विभाग, सेना, प्रहरी, भक्तपुर पर्यटन सद्भाव संघ र स्थानीय जनसमुदायसमेत गरी करिब १०० जनाको समूहबाट सरसफाइ कार्य सम्पन्न गरियो ।

कार्यक्रममा सरसफाइ गर्न सहयोग गर्ने सम्पूर्ण सहभागीहरूलाई भक्तपुर नपाको तर्फबाट पर्यटन अधिकृत गौतमप्रसाद लासिवा र भक्तपुर पर्यटन विकास समितिको तर्फबाट अध्यक्ष रामसुन्दर भेलेले धन्यवाद ज्ञापन गरी कार्यक्रमको समापन गरियो ।



ऐतिहासिक भक्तपुर दरबार क्षेत्रको तलेजु परिसरमा अवस्थित दुमाजु पोखरीको सरसफाइ (तस्बिरः फेसबुक)

# ख्वप विश्वविद्यालयको स्वीकृति शर्तरहित हुनुपर्छ

'ख्वप विश्वविद्यालयको स्वीकृति शर्तरहित हुनुपर्छ। ख्वप विश्वविद्यालयको स्वीकृति दिने तर मेडिकल कलेज सञ्चालन गर्ने स्वीकृति नदिने शर्त हामीलाई कदापि मान्य हुनेछैन।'

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं सांसद नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको आयोजनामा संविधान दिवसको अवसरमा असोज ३ गते सम्पन्न प्रवचन कार्यक्रममा व्यक्त गर्नुभएको हो।

देश र जनताको हित हुने काम गर्दै आएकोले शासक पार्टीहरूले नेमकिपालाई सबभन्दा ठूलो बाधा ठानी संविधानविपरीत थ्रेसहोल्डको कानुन ल्याएको हुँदा नेमकिपाले उक्त कानुनको विरोधमा सडक र सदनमा सङ्घर्ष अगाडि बढाइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'संसदलाई कालाबजारी, तस्कर, जालीफटाहा र ठेकेदारहरूको अखडा बनाउन नदिनेमा हामी जनतालाई सचेत गराउँदै छौं।'

मानव समाजलाई सुसंस्कृत बनाउने र समाजवाद हुँदै साम्यवादसम्म पुग्ने पार्टीको दीर्घकालीन लक्ष्य रहेको हुँदा शिक्षक, कर्मचारी तथा पार्टी कार्यकर्ताहरू अथक भई हरेक क्षेत्रमा अगाडि बढ्नुपर्नेमा अध्यक्ष रोहितले जोड दिनुभयो। राजनीतिक पार्टी चिन्तन गर्ने चौतारी हुनुपर्छ, प्राज्ञिक निकेतन हुनुपर्छ । जाति, भाषा, क्षेत्र, धर्म र सम्प्रदायको आधारमा पार्टी स्थापना गर्ने नभई वर्गीय आधारमा गठन गर्नुपर्छ, अध्यक्ष रोहितले भन्नुभयो।

निर्वाचनमा प्राप्त गर्ने मतको आधारमा राष्ट्रिय दलको मान्यता पाउने प्रावधान राख्न नहुने विचार राख्दै उहाँले भन्नुभयो, 'निर्वाचनको आचारसंहिता उल्लङ्घन गर्ने दल र उम्मेदवारको उम्मेदवारी खारेज गर्नुपर्छ, निर्वाचनमा जितेपछि घोषणापत्रअनुसार प्रतिबद्धता पूरा नगर्ने र आफू सरकारमा गएपछि घोषणापत्रअनुसार काम नगरेको पार्टीको दर्ता खारेज गर्नुपर्छ। सामाजिक अपराधीहरूले निर्वाचनमा भाग लिन नपाउने कानुन बनाउनुपर्छ।'

नेमकिपाका केन्द्रीय सचिव एवं सांसद प्रेम सुवालले संविधानमा राजनीतिक र आर्थिक प्रणाली महत्त्वपूर्ण हुने चर्चा गर्दै 'नयाँ नेपाल' को नाममा नेपाललाई समाप्त गर्ने दुष्प्रयास भइरहेको हुँदा सचेत हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। हिमाल, पहाड र तराई समावेश भएको चौध प्रदेश बनाउनुपर्ने नेमकिपाको प्रस्तावविपरीत देशलाई ७ प्रदेशमा विभाजन गरिएको हुँदा साम्प्रदायिक र क्षेत्रीय भावना बढेको र प्रदेशमा राज्यको प्राकृतिक स्रोत र साधन बाँडफाँडमा एकरूपता नभएकोले देशको सन्तुलित विकास नहुने सांसद सुवालले बताउनुभयो।

जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति र राष्ट्रपतिअनुकूल बुद्धिजीवी र विशेषज्ञहरूको सानो मन्त्रिमण्डल तथा संसद सदस्य मन्त्री बन्न नपाउने शासकीय संरचनाको व्यवस्था गर्न सके सरकार स्थिर हुने विचार उहाँले राख्नुभयो। संविधानको प्रस्तावनामा समाजवादउन्मुख र सामाजिक न्यायको भावनाविपरीत विदेशी पूँजी र निजीकरणको पक्षमा विधेयकहरू पास हुनु संविधानको भावनाविपरीत रहेको सांसद सुवालले बताउनुभयो। संसदमा पेश भइसकेको ख्वप विश्वविद्यालयको विधेयक पूर्वाग्रही भएरै अगाडि नबढाएको उहाँले बताउनुभयो।

वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले संविधानले स्थानीय निकायलाई सशक्त बनाए पनि साधनविहीन बनाएको बताउनुभयो। सुन्दर संसार बनाउन भ्रष्टाचारविरोधी कानुन, बैङ्किङ प्रणाली र सम्पत्ति शुद्धीकरण ऐन प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो, 'हाम्रो देशमा पर्याप्त ऐन छ, तर कानुन प्रभावकारी रूपमा लागू भएन।'

संसारमा सङ्घीयता अशुभ भइरहेको बताउँदै ➲➲



# ग्वंग पोखरीको सरसफाइ

भक्तपुर नपाको वडा नं. १० (साविक ४) स्थित प्रसिद्ध ग्वंग पोखरीको सरसफाइ भाद्र ३० गते वडावासी र नपाका कर्मचारीहरूको सहभागितामा गरिएको छ।




ग्वंग पोखरीको सरसफाइ गरिँदै

उक्त कार्यक्रममा वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले सरसफाइ कार्य सफाइ मजदुरहरूले मात्र गर्दा सफा हुन गाह्रो हुनेछ अतः सबै वडावासीको सहयोग आवश्यक छ भन्नुभयो। वहाँले सबैको सहयोग जुटेमा ग्वंग पोखरी पहिलेजस्तै सफा हुने विश्वास व्यक्त गर्नुभयो।

पूर्व वडाध्यक्ष चन्द्रबहादुर उलकले ग्वंग पोखरीको महत्त्वबारे जानकारी दिनुभएको उक्त कार्यक्रममा वडा सचिव गोविन्द राम थुसाले पनि बोल्नुभएको थियो।

# सफाइ सबैको लागि

भक्तपुर नगरपालिका सफाइ क्षेत्रमा कार्यरत ड्राईभर र हेल्पर कर्मचारीहरूको भेला असोज ११ गते व्यासीस्थित हस्तकलामा सम्पन्न भएको छ।

उक्त भेलामा भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिका संयोजक एवं भनपा ९ नं का वडाध्यक्ष रविन्द्र ज्याख्वले दशैं विदामा पनि अथक भई नगरवासीहरूको सेवा गर्नु गौरवको कुरा हो भन्नुभयो।

सरसफाइले सारा नगरवासीहरूका साथै सम्पूर्ण कर्मचारीहरू र पर्यटकहरू पनि लाभान्वित हुने बताउनु भयो।

कार्यक्रममा भक्तपुर नगरपालिका कर्मचारी एशोसियसनका अध्यक्ष गौतमप्रसाद लासिवाले भक्तपुर सहर नगरपालिकाका कर्मचारीहरूले आन्दोलनको समयमा पनि सफाइ कार्य नरोकेकोले सबै क्षेत्रबाट उदाहरणीय कार्य भएको भनी सराहना भएको बताउनु भयो।

नगरलाई सफा गर्नु हामी सम्पूर्ण कर्मचारी एवं सचेत नागरिकहरूको कर्तव्य र दायित्व भएको बताउनु भयो।

श्यानिटेशन उपशाखाका अधिकृत दिलिपकुमार सुवालले दशै अगाडिको कर्मचारी भेला र मार्गनिर्देशनबाट कर्मचारीहरू सफाइ कार्यमा थप अभिप्रेरित हुने बताउनु भयो। भेलामा शुभकामना आदानप्रदान कार्यक्रम पनि भएको थियो।

---

उहाँले सङ्घीयताले मधेस र पहाडबीच विभेद सिर्जना गरेको बताउनुभयो।

कार्यक्रमका सभापति एवं कलेज सञ्चालक समितिका अध्यक्ष तथा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले सरकारमा गएका पार्टीहरूले संविधानको कार्यान्वयन राम्रोसँग गर्न नसकेको बताउनुभयो। विदेशीको निर्देशनमा जनसङ्ख्या र भूगोलको नाममा संविधान संशोधन हुनु देशको लागि दुर्भाग्य भएको उहाँले बताउनुभयो।

नेपालमा अस्थिरता कायम गर्दै स्थानीयदेखि केन्द्रीय तहसम्म भारतले आफ्नो अनुकूल मान्छे खोजेको जानकारी दिँदै प्रमुख प्रजापतिले संविधान संशोधनको नाममा ६ महिने नाकाबन्दी नेपालीले कहिल्यै नबिर्सने बताउनुभयो। भूकम्प पीडित र डुबान पीडितलाई राहत दिन नसक्ने सरकारले पूर्वपदाधिकारीहरूलाई सुविधा दिने विधेयक ल्याउनु गलत रहेको उहाँले बताउनुभयो।

कार्यक्रममा कानुन अध्ययन समाज, नेपालका अध्यक्ष एवं उपप्राध्यापक रामप्रसाद प्रजापतिले प्रजातन्त्र, निर्वाचन र थ्रेसहोल्ड विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

# भारतीय दूतावासको पत्रमाथि छानबिन गर्नु पर्ने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भारतीय राजदूतावासले भक्तपुर जिल्ला अदालतमा विचाराधिन मुद्दामा प्रभाव पार्ने उद्देश्यले पठाएको पत्र भनी अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित समाचारबारे गृहमन्त्रीको ध्यानाकर्षण गर्नुभयो ।

गृहमन्त्री जनार्दन शर्माको अध्यक्षतामा असोज ५ गते काठमाण्डौ उपत्यकाभित्रका महानगर र नगरपालिकाका प्रमुखहरू तथा सुरक्षा निकायका प्रमुखहरूको बैठकमा प्रमुख प्रजापतिले नेपालको सार्वभौमिकता र स्वतन्त्र न्यायपालिकामाथि हस्तक्षेप गर्ने भारतीय दूतावासको पत्रमाथि छानबिन गर्नु पर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो–प्रहरीले मोष्ट वाण्टेड सूचीमा रहेका गुण्डालाई गोली हानेर हत्या गर्दा सरकारमा बसेका दलले शहीद घोषणा गर्न र प्रहरीमाथि कार्बाही गर्न माग गऱ्यो । अर्को त्यस्तै कुख्यात गुण्डा प्रहरीद्वारा मारिन्दा पनि अर्को शासक दलले संसद अबरोध गर्ने धम्की दियो । यसले सरकारमा बसेका दलहरू नै गुण्डाहरूका संरक्षक भएको पुष्टि गर्दछ ।

विद्यालय शान्तिक्षेत्र घोषणा गर्ने दलहरूले नै आफ्ना भातृ संगठनहरू पठाएर विद्यालय कलेज हडताल गर्न दिन्छन् भने कसरी शान्ति क्षेत्र हुनसक्छ ? सरकारमा जाने दलहरूले बोली र व्यवहारमा एकरूपता कायम गर्नुपर्छ । दाहोरो चिरित्र त्यागनुपर्छ– उहाँले भन्नुभयो ।

उहाँले बैदेशिक रोजगारीको नाउँमा म्यान पावर कम्पनीहरूले अहिले मानव बेचबिखन गरिरहेको हुँदा त्यस्ता कम्पनीहरूलाई खारेज गरी कडा कार्बाही गर्नुपर्छ भन्नुभयो ।

गृहमन्त्री जनार्दन शर्माले काठमाण्डौ तस्करहरूको राजधानी बन्दै गएको बताउँदै प्रहरी र जनप्रतिनिधिहरूबीच समन्वय गरेर अगाडि बढ्ने ८४ बुँदे मार्ग चित्रबारे जानकारी दिनुभयो ।

असोज ६ गते देशभरी एकैसाथ प्रहरी जनताका साथी हुन् भन्ने नारासहित सन्देश मुलक कार्यक्रम गर्ने भएकोले जनप्रतिनिधिहरूको साथ र सहयोग हुने आशा व्यक्त गर्नुहुँदै मन्त्री शर्माले टोल टोलमा प्रहरी एकाईको गठन गर्ने जानकारी पनि दिनुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले एउटै टोलमा धेरै वटा टोलहरू पनि रहेको हुँदा एकाइहरू कसरी गठन हुन्छ भनी जिज्ञासा राख्नुभयो ।



महानगर र नगरपालिकाका प्रमुखहरू तथा सुरक्षा निकायका प्रमुखहरूको बैठकमा प्रमुख सुनिल प्रजापति बोल्नुहुँदै

यो कार्यक्रम कतै मुस्कानसहितको प्रहरी अभियान जस्तै असफल हुने त होइन भनी गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले शंका व्यक्त गर्नुभयो ।

शंखरापुर नगरपालिकाका प्रमुख सुवर्ण श्रेष्ठले शान्ति सुरक्षा कायम गर्ने सवालमा प्रहरीसित मिलेर कार्यदल गठन गरी अघि बढ्न आफू तयार भएको बताउनु भयो ।

गृह मन्त्रालयले तयार गरेको मार्गचित्रमा आन्तरिक सुरक्षा क्षेत्र सुधार गर्ने, जिल्ला प्रशासनबाट प्रवाह हुने सेवामा सुधार गर्ने, विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धिमा सुधार तथा शीघ्र परिचालनलगायतका विषयहरू समेटिएका छन् ।

# प्रमुख प्रजापतिबाट टेलिमेडिसिन सेवाको उद्घाटन

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अस्पताल व्यवस्थापन समितिहरूमा जनप्रतिनिधिहरूको प्रतिनिधित्व हुनुपर्ने बताउनुभयो ।

नेपाल अर्बुद रोग निवारण संस्थाको ३५ औं वार्षिक दिवसको उपलक्ष्यमा भदौ ३० गते आयोजित क्यान्सर अस्पतालमा टेलिमेडिसिन सेवाको उद्घाटन गर्दै प्रमुख प्रजापतिले भक्तपुर क्यान्सर अस्पताललाई नगरपालिकाले जग्गा प्रदान गरेको कुरा स्मरण गर्नुभयो ।

'क्यान्सर रोगका बिरामीहरूले भक्तपुरमा आधुनिक उपचार सेवा प्राप्त गर्न सकून् भन्ने उद्देश्यले २०५८ सालमा भक्तपुर नपाले ५ रोपनी ४ आना जग्गा प्रदान गऱ्यो । अहिलेको आधुनिक भवन त्यसैमा निर्माण भएको हो । अस्पतालले नपासँग गरेका सम्झौतालाई ध्यान दिनुपर्छ ।' उहाँले भन्नुभयो ।

उहाँले जनताको स्वास्थ्यको लागि राम्रो सेवा होस् भनी भक्तपुर नपाले घरघरमा नर्सिङ सेवा सुरू गरेको जानकारी दिँदै भक्तपुरमा आधुनिक उपचार सेवा हुने सन्देश पठाउन टेलिमेडिसिन सेवाले मद्दत पुग्ने विचार व्यक्त गर्नुभयो ।

व्यवस्थापिका-संसदमा धूमपान निषेधसम्बन्धी विधेयकबारे छलफल हुँदा जनतालाई क्यान्सर हुनबाट बचाउन कडा कानुनी प्रावधान राख्न आफूहरूले जोड दिएको कुरा पनि उहाँले स्पष्ट पार्नुभयो ।




टेलिमेडिसिन सेवाको उद्घाटन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

क्यान्सर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष लोकेन्द्रकुमार श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा डा. प्रकाशराज न्यौपानले अस्पतालले नयाँ नयाँ प्रविधिको प्रयोग गर्दै बिरामीहरूको सेवा गर्दै जाने बताउनुभयो ।

उहाँले भारत र अमेरिकासँग कहिलेकाहींमात्रै टेलिमेडिसिन सेवा सञ्चालन गर्दै आएकोमा नेपालका विभिन्न जिल्लाहरूमा पनि नियमित सेवा विस्तार गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।




क्यान्सर अस्पतालमा टेलिमेडिसिन सेवाको उद्घाटन कार्यक्रममा प्रमुख प्रजापतिलगायत

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जीसी बीच शुभकामना आदानप्रदान भएको थियो भने पोखराका बिरामीहरूलाई डा. न्यौपानेको निर्देशनमा स्थानीय डाक्टरले उपचार गरेका थिए ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।

# ljsf; sfo{sf]lx;fa Jojl:yt / kf/bzL{xg'k5{

'कसैले दियो भन्दैमा सहयोग लिनु उचित हुँदैन। सहयोगको पछाडि के कस्तो स्वार्थ लुकेको हुन्छ ? बुझ्नुपर्छ।



प्रमुख प्रजापति ढुङ्गेधारा उद्घाटन गर्नुहुँदै

सांस्कृतिक सम्पदा हाम्रो सम्पत्ति भएको हुँदा त्यसको संरक्षण हामी आफैले गर्नुपर्छ।'

उक्त विचार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असोज ५ गते महेश्वरी परिसरमा भइरहेको विकास निर्माण तथा ढुङ्गेधारा उद्घाटन कार्यक्रम व्यक्त गर्नुभएको हो।

सम्पदा संरक्षण एवं विकास निर्माण कार्यले आयस्रोत पनि वृद्धि हुने चर्चा गर्दै नपा प्रमुख प्रजापतिले भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न नपा लागिरहेको बताउनुभयो। गैरसरकारी संस्थाले नपामा स्वीकृति लिएरमात्र आफ्नो गतिविधि गर्न पाउने व्यवस्था भएको विचार राख्दै उहाँले उपभोक्ता समितिमार्फत भएका विकास कार्यको हिसाब किताब व्यवस्थित र पारदर्शी गर्नुपर्छ भन्नुभयो।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले सामूहिक कार्यले विकास छिटो हुने उल्लेख गर्दै नपाले पुनःनिर्माणका साथै बहुउद्देश्यीय भवन, ख्वप अस्पताल, अरनिको सभाभवन, हनुमन्ते खोला सुधारका कार्यक्रममा प्राथमिकता दिइरहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमली र पूर्ववडाध्यक्ष कृष्णगोविन्द खाइजूले उपभोक्ता समितिमा बसेर सहयोग गर्न र विकास कार्यमा साथ दिन आग्रह गर्नुभयो।

महेश्वरी ध्वाका मर्मत तथा ढुंगेधारा निर्माण समितिका अध्यक्ष रामेश्वर प्रजापतिको सभापतित्वमा भएको सो कार्यक्रममा वडासदस्य हेरा ख्याजूले विभिन्न उपभोक्ता समितिमार्फत भएको खर्चबारे जानकारी दिनुभयो।



कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति



कार्यक्रममा उपस्थित सहभागीहरू

महेश्वरी पीठ परिसर हरियाली तथा वातावरण सुधारअन्तर्गत बगैंचा निर्माणमा रू. ९,७८,९२२।१८, खँचा पोखरी मर्मत तथा सरसफाइमा रू. १,१८,१३१।- र महेश्वरी ग्यारेज भित्र पानी निकास व्यवस्थापनमा रू. ५१,३१९।- खर्च भएको जानकारी दिनुभयो।

कार्यक्रममा हरिकृष्ण दुवाल र कृष्णराम वासीले पनि बोल्नुभएको थियो।

# dxfsfnL kL7 kl/;/df ;/;kmfO sfo{qmd

भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिको आयोजनामा भक्तपुर नगरपालिका वडा नं. ६ स्थित महाकाली पीठ तथा अँचा पोखरी परिसरमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम असोज ४ गते सम्पन्न भयो।




महाकाली पीठ तथा अँचा पोखरी परिसरमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रममा सांसद सुवाल, प्रमुख प्रजापतिलगायत

उक्त कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवालले भक्तपुर नगरको सार्वजनिक क्षेत्रहरूमा सरसफाइ तथा वृक्षारोपण गर्दै हरियाली प्रवर्द्धन गर्दै जानु अत्यन्त सान्दर्भिक भएको बताउनुभयो। उहाँले वृक्षारोपण गरेपछि यसको स्याहार सुसार गर्नुपर्नेमा पनि जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले चुनावको समयमा जनतालाई वचन दिएबमोजिम नै यस्ता कार्यक्रमहरू गर्दै आएको कुरा बताउनुभयो। उहाँले प्रत्येक महिनाको १५ दिनमा भक्तपुर नपाका जनप्रतिनिधिहरू, कर्मचारी र स्थानीय जनताको सहभागीतामा यस्ता कार्यक्रमहरू हुँदै आएको कुरा बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले पनि सरसफाइमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नपाका जनप्रतिनिधिहरू, पूर्वजनप्रतिनिधिहरू कर्मचारी, स्कूललगायत स्थानीय जनताको व्यापक सहभागिता रहेको छ।



महाकाली पीठ तथा अँचा पोखरी सरसफाइमा सहभागीहरू



महाकाली पीठ तथा अँचा पोखरी सरसफाइमा वडाध्यक्ष खत्री लगायत



महाकाली पीठ तथा अँचा पोखरी सरसफाइमा सहभागी विद्यार्थीहरू

# ‘भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न कोसिस गर्दैछौं’

**- सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका**

भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न भ.न.पाले प्रयाश गरिरहेको छ। तर २०७२ (सन् २०१५) सालमा गएको विनाशकारी भूकम्पपछि भक्तपुर आउने पर्यटकहरूमा कमी आयो। त्यही बेला छिमेकी देश भारतले संविधान निर्माणलाई निहुँ बनाएर नाकाबन्दी गऱ्यो। नेपाली जनता एकातिर भूकम्पबाट पीडित भए भने अर्कोतर्फ नाकाबन्दीको कारण थप दु:ख पाए। ती घटनाक्रमहरूले भक्तपुरको पर्यटन क्षेत्रमा नराम्रो असर पऱ्यो।




सन् २०१६ मा नेपालमा ७ लाख ५३ हजारको सङ्ख्यामा पर्यटकहरू आए भने त्यसमध्ये भक्तपुरमा करिव ३० प्रतिशतले मात्रै भ्रमण गरेको पाईन्छ।

भक्तपुर नगरपालिकाले नगरको सम्पदा संरक्षण र यहाँको विकास निर्माणलाई टेवा दिने उद्देश्यले वि.सं. २०५० सालदेखि पर्यटक शुल्क उठाउन शुरु गरेको हो। तत्कालीन सरकार त्यसको पक्षमा थिएन। स्थानीय विकास मन्त्री रामचन्द्र पौडेलले पर्यटन शुल्क तत्काल रोक्न आदेश दिएका थिए। त्यो नगरपालिकाको स्वायतत्तामाथि हस्तक्षेप थियो। हामी जनप्रतिनिधिहरूले त्यसलाई अस्वीकार गऱ्यौं। अहिले पर्यटन शुल्क नै भक्तपुर नगरपालिकाको मुख्य आयश्रोत बनेको छ। भक्तपुर नपाले सात वटा शैक्षिक संस्थाहरू चलाइरहेको छ, अस्पताल खोल्ने तयारी गरिरहेको छ, सम्पदाहरूको मर्मत र पुनः निर्माणमा धेरै रकम खर्च गरिरहेको छ।

विश्वका भ्रमण योग्य ठाउँहरू मध्ये नेपाल पनि एक भएको प्रचारमा आएको छ। नेपालका प्राचीन सम्पदाहरू, कला र संस्कृतिबारे अझ बढी अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नु आवश्यक छ।

भक्तपुरमा कसरी बढीभन्दा बढी पर्यटकहरू भित्र्याउने भन्ने हाम्रो साझा चासोको विषय हो। २०७२ सालको भूकम्पले भक्तपुर नगरका १३६ वटा सम्पदाहरूमा क्षति पुग्यो। ७४ वटा सम्पदाहरूमा पूर्ण तथा ६२ वटा आंशिक क्षति भएको थियो। ती क्षतिग्रस्त सम्पदाहरूको पुनः निर्माण आजको हाम्रो चुनौति हो। हामी निर्वाचित भएको चार महिना भयो। यस अवधिमा क्षतिग्रस्त पाटी, पौवा, सत्तलहरूको ल.ई. गर्दै उपभोक्ता समितिमार्फत पुनः निर्माणको कामलाई अगाडि बढाएका छौं। प्रसिद्ध पाँच तले मन्दिर र भैरवनाथको मन्दिरलगायतका सम्पदाहरूको मर्मतको ल.ई. भइसकेको छ। उपभोक्ता समितिमार्फत छिट्टै मर्मत कार्य शुरु गर्ने तयारी गर्दैछौं। वत्सला मन्दिर, केदार नाथको मन्दिर, रामेश्वरको मन्दिर निर्माणाधिन छन् भने ताहाफल्चा, फसीदेगलगायतका अन्य संरचनाहरूको पनि निर्माण भइरहेको छ। आवश्यक काठको अभावमा नगरपालिकाले चाहेर पनि काम तिव्र गतिमा अगाडि बढाउन सकिरहेको छैन।

भक्तपुरमा धेरै किसिमका परम्परागत नाचहरू पनि छन्। मूर्त र अमूर्त सम्पदाको विषयमा यहाँ चर्चा पनि भयो। हामी सम्पदामा धनी छौं। हिजो मात्रै गाईजात्रा पर्वमा प्रदर्शित साँस्कृतिक विधाहरूलाई पुरस्कार दियौं। त्यसको लागि करिव ७ लाखभन्दा बढी रकम विनियोजन गरिएको थियो। नगरपालिकाले परम्परागत साँस्कृतिक विधाहरूलाई पुनरुत्थान र संरक्षणको लागि समय समयमा प्रतियोगिताहरू गर्दै आकर्षक पुरस्कारको व्यवस्था गरेर संस्कृतिकर्मीहरूलाई उत्साहित गर्दै आएको छ।

हामीले भक्तपुर आउने पर्यटकहरूको बसाई लम्ब्याउन सक्यौं भने पनि त्यसबाट भक्तपुर नपा, भक्तपुरका पर्यटन व्यवसायीहरू र स्थानीय जनताले बढी फाइदा लिन सक्छन्। भक्तपुरमा दुईघण्टा घुमेर खान र बस्न काठमाण्डौ जान्छन् भने हामीलाई के फाइदा भयो ? त्यसको लागि आवश्यक पूर्वाधारहरू तयारी गर्नु पर्दछ। जन प्रतिनिधिहरूले पर्यटकहरूको बसाई लम्ब्याउन स्थानीय पथप्रदर्शकहरू तयार गर्ने उद्देश्यले चिनियाँ भाषा तालिम शुरु गरेको छ। त्यसले भक्तपुरबारे बुझ्ने पथप्रदर्शकहरू तयार गर्न सहयोग मिल्ने हाम्रो विश्वास छ।

भक्तपुर नपाले भक्तपुरको मौलिकतालाई बचाउने प्रयास गरिरहेको छ। परम्परागत शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई घरको मोहडामा लागेको काठ र इँटाको लागि लागेको खर्चको ३५ प्रतिशत न.पा.ले अनुदान दिने नीति पारित गरिसकेको छ। भक्तपुरको प्राचीन मौलिक स्वरूप कायमै रहोस् भन्ने यसको मुख्य उद्देश्य हो।

सर–सफाइमा भक्तपुरले बजेटको महत्त्वपूर्ण भाग खर्च गर्दै आएको छ। वार्षिक करिब ७ करोड रूपैया सर–सफाइमा खर्च हुन्छ। भक्तपुर नपाले दैनिक तीस टन फोहर संकलन गर्दै आएको छ। प्रति केजी फोहर सफा गर्न रु. ९।८० पर्ने अनुमान गरिएको छ। त्यो साह्रै महँगो हो। नगरवासीहरूमा नियमित कर तिर्ने बानी छैन। नक्सा पास, घर जग्गा नामसारी वा अन्य कुनै काम विशेषले न.पा.को सिफारिस लिनु परेको अवस्थामा कर तिर्छन्। नगरपालिकामा सफाइ शुल्क त झन कम मात्र उठ्छ। यसबारे पर्यटन व्यवसायीहरूले ध्यान दिनुपर्ने म देख्छु।

क्यूबा नेपाल जस्तै सानो देश हो। क्यूबाले सन् २०१६ मा ४० लाख पर्यटक भित्र्यायो। त्यसबाट अर्बौं डलर आम्दानी गऱ्यो। क्यूबाले योजनाबद्ध ढंगले पर्यटन विकासको लागि पूर्वाधारहरू निर्माण गर्दै बढीभन्दा बढी पर्यटकहरू भित्र्याउने तयारी गर्दैछ। त्यो उनीहरूको राष्ट्रिय नीति हो। नेपाल सरकारले पनि यस्तै नीति तयारी गर्नु पर्थ्यो तर गरेको छैन।

संयोग कै विषय हो क्यूबाका सातवटा क्षेत्रलाई युनेस्कोले विश्व सम्पदा क्षेत्र घोषणा गरेको थियो भने नेपालमा पनि ७ वटा क्षेत्रलाई विश्व सम्पदा क्षेत्र घोषणा गरेको छ। भक्तपुर जिल्लामा दुइवटा सम्पदा क्षेत्र छन्, भक्तपुर दरबार क्षेत्र र चाँगुनारायण क्षेत्र। यस अर्थमा हामी गौरवान्वित छौं।

भक्तपुर नगरपालिकाले हरेक महिनाको १ गते र १५ गते सफाइ गर्ने निर्णय गरेको छ। सफाइ कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू र सम्बन्धित वडाका टीम, क्लब, वाचनालय, डाफा, भजनलगायत वडावासीहरूको सकृय सहभागिता रहँदै आएको छ। नगरका प्रमुख ठाउँहरूमा पर्यटक शौचालय बनाउने तयारी पनि नगरपालिकाले गरिरहेको छ। नगरको भार्वाचोदेखि च्याम्हासिंहसम्मको मूल सडकमा ढुङ्गा छाप्ने कार्यलाई नगरपालिकाले अगाडि बढाएको छ। भक्तपुर नगरपालिका, शहरी विकास कार्यालय र नेपाल सरकारको तर्फबाट प्राप्त हुने बजेटबाट त्यो कामलाई निरन्तरता दिइनेछ।

केही नगरवासीहरू र बुद्धिजिवीहरूबाट नगरको मुख्य सडकमा गाडी निषेध गर्नुपऱ्यो भन्ने पनि सुझावहरू आइरहेका छन्। हामी त्यसबारे सचेत छौं। भूकम्प गएको दुइ वर्ष भयो। जनताले आफ्ना भत्केका घरहरू पुनःनिर्माण गर्न सकेका छैनन्। सरकारले अनुदान दिएको रकम पनि थोरैले मात्रै प्राप्त गर्न सकेका छन्। पुनःनिर्माणको लागि निर्माण सामग्रीहरू ल्याउन पर्ने बाध्यता छ। त्यसको विकल्प नदिई गाडी निषेध गरेको खण्डमा जनतालाई ठूलो मर्का पर्नेछ। केही दिन अघि हार्डवेयर पसल र निर्माण व्यवसायीहरूको बैठक राखी निर्माण सामग्रीहरू पेटीमा राखी बाटोमा हिंड्ने बटुवाहरूलाई मर्का पर्ने गरी नराख्न र इँटा बिछ्याइएका ठाउँहरूमा १० चक्की र १२ चक्की गाडीहरू नल्याउन र सवारी चाप भएको बेला सामान नझारी दिन अनुरोध गऱ्यौं। उहाँहरूले हाम्रो आग्रहलाई सहमति जनाउनु भएको छ।

भक्तपुर नगरपालिका, स्थानीय जनता र पर्यटन व्यवसायीहरू मिलेर भक्तपुरलाई सफा र सुन्दर नगर बनाऔं।

*(३८औं विश्व पर्यटन दिवसको अवसरमा २०७४ असोज ८ गते आयोजित प्रवचन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नु भएको मन्तव्यको सार)*

# हार्दिक समवेदना



**स्व. गणेशबहादुर फोजु**

**जन्म : १९९१ चैत्र १५    निधन : २०७४ भाद्र २८**

'भक्तपुर' मासिकका वितरक अनिल फोजुका हजुरबुबा **गणेशबहादुर फोजु**को निधनमा गहिरो शोक व्यक्त गर्दै मृतक प्रति श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्य धारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**'भक्तपुर' मासिक परिवार**

# 'सबै काम विदेशीहरूलाई सुम्पेर हाम्रो मौलिकता बचाइराख्न सक्दैनौं'

**- सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका**

भक्तपुर कला र संस्कृतिले धनी नगर हो । यहाँका अधिकांश जनता कुनै न कुनै बाजा बजाउन वा नाच्न जान्छन् । यहाँ बाह्रै महिना विभिन्न सँस्कृतिक गतिविधिहरू हुन्छन् । त्यसैले भक्तपुर नगरलाई 'कलाकारहरूको नगर', 'नाचगानको राजधानी' को उपमा पनि दिइएको छ । यो हाम्रो लागि गौरवको कुरा हो ।

'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारा दिएर भक्तपुर न.पा.ले यहाँको लोपोन्मुख सांस्कृतिक विधाहरूलाई जीवन्तता दिंदै आएको छ । समय समयमा सांस्कृतिक प्रतियोगिता गरेर, सहभागी विधाहरूलाई पुरस्कृत गरेर संस्कृति संरक्षणको लागि उत्साहित गर्दै आएको छ । हाम्रो परम्परागत संस्कृतिको संरक्षण गर्न यसले मद्दत पुगेको हाम्रो विश्वास छ ।

भक्तपुरमा ढुङ्गेधारा, पाटी–पौवा, सत्तल आदि धेरै सम्पदा र संस्कृतिहरू छन् । वि.सं. १७५९ मा अर्थात आजभन्दा ३१५ वर्ष पहिले बनेको उपत्यकाकै सवभन्दा अग्लो ५ तल्ले मन्दिर गौरवशाली ईतिहास बोकेर हाम्रो सामु खडा छ, सोही बेला बनेको भैरवनाथको मन्दिरले भक्तपुर नगरलाई थप आकर्षण दिइरहेको छ ।

नेपालमा वि.सं. १९९०, २०४५ र २०७२ सालका ठूल्ठूला भूकम्पहरूमा पनि हाम्रा सम्पदाहरू भत्केनन् । ५ तल्ले मन्दिर, भैरवनाथको मन्दिर र अन्य धेरै प्राचीन सम्पदाहरूले ती ठूला भूकम्पहरूलाई थेग्न सके । त्यसले हाम्रो परम्परागत उच्चतम प्रविधिको प्रदर्शन गरिरहेको छ । यहाँका कयौं सम्पदाहरूले काष्ठकला, प्रस्तरकला र धातुकलाका अनुपम उदाहरण प्रस्तुत गर्दैछन् ।

२०७२ सालको भूकम्पले भक्तपुरमा हजारौं घरहरू र सयौं सम्पदाहरूमा क्षति पुऱ्यायो । १३६ वटा सम्पदाहरू क्षतिग्रस्त भयो । ७४ वटा पूर्ण क्षति भयो भने ६२ वटा आंशिक क्षति भएको छ । नगरपालिका अहिले पुन:निर्माणमा जुटेको छ । वत्सला मन्दिर, केदारनाथ मन्दिर, रामेश्वर मन्दिर पुन:निर्माण जारी छ भने लायकु ढोकालगायत विभिन्न सम्पदाहरूको पुन:निर्माणको काम सम्पन्न भएको छ । वडा वडाका सम्पदाहरू पुन: निर्माण जारी छ ।

हाम्रा कला–संस्कृति र सम्पदाहरू अवलोकन गर्न विश्वका धेरै मुलुकहरूबाट दैनिक सयौंको सङ्ख्यामा पर्यटकहरू आउँछन् । हाम्रा सम्पदाहरू देखेर कैयौं पर्यटकहरूले भक्तपुरको मुक्तकण्ठले प्रशंसा गर्छन् । हाम्रो सम्पदा परम्परागत र पुरानै शैलीमा बनाउनु पर्छ भन्नेमा हामी अत्यन्त सचेत छौं । १९९० पछि धेरै स्मारकहरू पुरानो शैलीभन्दा फरक शैलीमा बनेको पाइएको छ । भक्तपुर न.पा. भक्तपुरको मौलिक शैलीलाई बचाइराख्न चाहन्छ ।

थुप्रै अनुपम कला र संस्कृतिले सम्पन्न नगरलाई अगाडि बढाउने जिम्मेवारी यतिबेला हाम्रो कांधमा आएको छ । सन् १९७२ मा युनेस्कोले नेपालको ऐतिहासिक, सांस्कृतिक र धार्मिक दृष्टिले महत्त्वपूर्ण रहेका काठमाडौं उपत्यकाका सातवटा स्मारक एवं स्मारक क्षेत्रहरूलाई विश्व सम्पदाको सूचीमा राखेको थियो । त्यसमध्ये भक्तपुरको दरबार क्षेत्र पनि एक हो ।

हाम्रो पुर्खाहरूले सिर्जेका ती अमूल्य सम्पदाहरूलाई कहिं कतैबाट पनि क्षति हुन दिने छैनौं । हाम्रा डकर्मी, सिकर्मी, प्राविधिकहरू सम्पदा संरक्षण र पुन:निर्माण गर्न सक्षम छन् भन्ने प्रमाणित गर्ने बेला पनि आएको छ । सबै काम विदेशीहरूलाई सुम्पेर हाम्रो मौलिकता बचाइ राख्न सक्दैनौं । हाम्रो नगर हामी आफै बनाऔं भन्ने भावनाले काम गऱ्यौं भने हाम्रो नगरको पुरानै स्वरूपलाई कायम राख्न सक्छौं । स्थानमा ल्याउन समय लाग्ने छैन ।

हाम्रो नगरको बारेमा ***'यो नगर भक्तपुर...'*** नामको गीत लेखेर देश, विदेशसम्म पनि भक्तपुर नगरको प्रचार प्रसार गर्न सहयोग गर्ने सर्जक नारायण कुमार आचार्यलाई सम्मान गर्न पाउँदा हामीलाई खुशी लागेको छ । उहाँले यस्तै थुप्रै रचनाहरू तयार गर्न सकून् । उहाँलाई हार्दिक बधाई तथा शुभकामना !

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७४ असोज ७ गते सम्पन्न 'गाइजात्रा पर्व २०७४' को सांस्कृतिक प्रतियोगितामा पुरस्कृत विधाहरूलाई पुरस्कार वितरण कार्यक्रममा दिनुभएको मन्तव्यको सार संक्षेप)*

**भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

# विभिन्न वडामा जनप्रतिनिधिहरूको सय दिन

## नागरिक भावना जगाउने जिम्मा जनप्रतिनिधिकै

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष तथा सांसद नारायणमान बिजुक्छें (रोहित) ले नगरपालिकाका जनप्रतिनिधिहरूले नगरवासीहरूका नागरिक भावना जगाउन जनतामाझ पुग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ कार्यालयको आयोजनामा भाद्र २८ गते जनप्रतिनिधिहरूले सय दिनमा गरेका कार्यको समीक्षा कार्यक्रममा अध्यक्ष बिजुक्छेंले जनताको विश्वास प्राप्त गरी जितेका जनप्रतिनिधिमार्फत नागरिक भावना जगाउने अभियान सञ्चालन गर्दा प्रभावकारी हुने प्रस्ट पार्नुभयो ।



'नेमकिपाले जनताको इमानदारीपूर्वक सेवा गर्न कार्यकर्ताहरूलाई स्थानीय तहमा पठाएको चर्चा गर्दै चुनावमा जनतालाई झूठो आश्वास दिने र धोखा दिने तथा भ्रष्टाचार गर्ने पार्टीलाई अङ्कुश लगाउनुपर्ने हो, तर पूँजीवादी व्यवस्थामा देश र जनताको पक्षमा सङ्घर्ष गर्ने पार्टीमाथि अङ्कुश लगाउन थ्रेसहोल्डको प्रावधान ल्याइएकोले त्यसको विरोध गर्नु हाम्रो दायित्व हो ।'– उहाँले भन्नुभयो ।

प्रजग कोरियामाथि संरा अमेरिकी साम्राज्यवादले विगत ६० वर्षदेखि नाकाबन्दी र युद्धको धम्की दिइरहेकोले आफ्नो देशको सार्वभौमिकता जोगाउन कोरियाली जनताले आणविक परीक्षण गरेको अध्यक्ष बिजुक्छेंले जानकारी दिनुभयो । उहाँले सोझोलाई सबैले हेप्ने हुँदा अन्यायको विरोधमा उत्रन कोरियाली वीर जनताबाट सिक्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिका स्थानीय सरकार भएकोले जनभावनाबमोजिम कार्य गर्न विभिन्न कानुनहरू बनाउन सक्षम रहेको प्रस्ट पार्नुभयो । उहाँले गणतान्त्रिक नेपालमा पनि आदेशको भरमा स्थानीय सरकार चलाउन खोज्नु प्रजातन्त्र विरोधी भएको उललेख गर्दै भक्तपुर नगरपालिकाले नक्सा पास, दण्ड जरिवाना र बैठक सञ्चालनसम्बन्धी कानुन बनाएर कार्य गरिरहेको बताउनुभयो । उहाँले चुनावको बेला जनतालाई दिएको वचनकै आधारमा नगरपालिकाले घरदैलो नर्सिङ सेवा सञ्चालन गरेको, सफाइ अभियान सञ्चालन गरेको र परम्परागत शैलीमा घर बनाउनेलाई नगरपालिकाको तर्फबाट अनुदान दिएको जानकारी दिनुभयो । नक्सापास गरेर मात्र नक्साबमोजिम घर बनाउन आग्रह गर्दै उहाँले भन्नुभयो, 'जरिवाना तिर्दैमा नियमित हुन्छ भन्ने भ्रमबाट मुक्त हुनुपर्छ ।'

वडाध्यक्ष रविन्द्र ज्याख्वले सय दिनमा वडा कार्यालयमार्फत गरेका कार्यहरूको प्रगति विवरण पेश गर्नुभएको उक्त कार्यक्रममा पूर्ववडाध्यक्षहरू कृष्णभक्त लवजू र लक्ष्मीप्रसाद कुसीले वडामा रहेका सार्वजनिक सम्पत्तिहरू संरक्षण गर्नुपर्ने र बजार व्यवस्थापनमा जोड दिनुपर्ने सुझाव दिनुभयो । *(वडाध्यक्षबाट प्रस्तुत विवरण २४ पृष्ठमा दिइएको छ)*

स्थानीय दिलभक्त कोजू र सञ्जय मानन्धरले नगरमा खानेपानी समस्या समाधानको लागि नगरपालिकाको तर्फबाट ठोस कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

वडाका ज्येष्ठ जनप्रतिनिधि जगतलाल मानन्धरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कार्यपालिका सदस्य छोरीमैया सुजखू, वडासदस्य इन्द्रबहादुर प्याथ र वडा सचिव पुण्यराम लाखाले वडा कार्यालयका गतिविधिहरूमा विगतमा झैं स्थानीय जनताको सक्रिय साथ र समर्थन रहने विश्वास व्यक्त गर्नुभयो ।

## जनप्रतिनिधिले टोल र वडाको नहेरी देशकै विषयमा सोच्नुपर्ने

भक्तपुर नपा ३ नं. वडा समितिको आयोजनामा भाद्र ३१ गते वंशगोपालमा जनप्रतिनिधिहरूले कार्यभार सम्हालेको सय दिनको अवसरमा समीक्षा कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले निर्वाचित जनप्रतिनिधिहरूले भक्तपुरलाई देशकै नमुना नगरको रूपमा अगाडि बढाउने सोचका साथ काम गरिरहेको चर्चा गर्दै जनप्रतिनिधिले टोल र वडाको नहेरी देशकै विषयमा सोचेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

क्युवा र प्रजग कोरिया जनसङ्ख्या र भूगोलले नेपालभन्दा सानो देश भए तापनि क्युवाले शिक्षा र स्वास्थ्य क्षेत्रमा नमुनाको रूपमा काम गरिरहेको, संसारका जनतालाई सेवा गरिरहेको र प्रजग कोरियाले संरा अमेरिकी साम्राज्यवादको विरुद्धमा स्वाधीनता, सार्वभौमिकता र स्वतन्त्रताको लागि डटेर सङ्घर्ष गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले एनजीओ र आईएनजीओको नाममा

सार्वभौमिकता, स्वतन्त्रता, राष्ट्रियता र स्वाधीनतामाथि गद्दारी गर्नेहरूबाट सचेत हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले नगरमा दैनिक १० टन फोहर उठ्ने गरेको र प्रतिकेजी फोहरको झन्दै रु. १०।- का दरले खर्च भइरहेकोले नगरको सरसफाइमा नगरवासीहरूबाट सहयोग हुने अपेक्षा गर्नुभयो ।

कार्यक्रममा पूर्व वडाअध्यक्ष रामहरि गोरा, रामसुन्दर खाताखो, प्रज्ज्वल जोन्छे, हरि बल्ल, वडा सदस्यहरू राजकुमार शिल्पकार, सुनिता प्रजापति, कृष्णगोपाल चौगुथीलगायतले बोल्नुभएको थियो ।



कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति बोल्नुहुँदै

कार्यक्रमका सभापति एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले वडा समितिले १०० दिनमा गरेका कार्यहरूको विवरण प्रस्तुत गर्नुभएको थियो ।

## विकास निर्माण पारदर्शी र कम लागतमा सम्पन्न गर्न सहयोगको अपेक्षा

भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको सय दिन पुगेको अवसरमा भक्तपुर नपा वडा नं. १ कार्यालयको आयोजनामा असोज २ गते सिंहावलोकन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिले देश र जनताको निःस्वार्थ सेवा गर्नु नै नेमकिपाको उद्देश्य रहेको बताउनुभयो ।

उहाँले नगरको विकास निर्माणका कार्यहरू उपभोक्ता




समिति गठन गरी गर्दै आइरहेको चर्चा गर्दै विकास निर्माणको कार्य पारदर्शी र कम लागतमा सम्पन्न गर्न नगरवासीहरूको सयोगको अपेक्षा गर्नुभयो ।

प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठले वडामा रहेका सम्पदाहरूको जगेर्नामा ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवं वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले वडामा भएका कार्यहरूको प्रगति विवरण प्रस्तुत गर्नुभयो ।


वडा नं १ को कार्यक्रममा उपस्थित सहभागीहरू

कार्यक्रममा वडा नं. ४ का वडाध्यक्ष कुमार चवाल, महिला सदस्य गङ्गलक्ष्मी बमन्, सूर्यप्रसाद श्रेष्ठ र विश्वराज शिल्पकारले पनि बोल्नुभएको थियो ।

## जनताको सेवा गर्न थ्रेसहोल्डले नछेक्ने

भक्तपुर नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको सय दिनको सिंहावलोकन कार्यक्रम भदौ २७ गते वडा नं. २ मा सम्पन्न भयो ।

भक्तपुर नगरपालिका २ नं. वडा समितिको आयोजनामा भएको उक्त कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले देश र जनताको पक्षमा आवाज बुलन्द गर्ने नेमकिपालाई अंकुश लगाउन ठूला दलहरूले थ्रेसहोल्डको व्यवस्था गरेको बताउनुभयो । जनताको सेवा गर्न नेमकिपालाई थ्रेसहोल्डले नछेक्ने उहाँले बताउनुभयो ।

भक्तपुर नपा साविक १५ नं. का पूर्ववडाध्यक्ष

रवीन्द्र खर्बुजाले पञ्चायतकालदेखि हालसम्म नपालाई सहज रूपमा काम गर्न नदिइएको उल्लेख गर्दै जग्गा एकीकरण आयोजना सफल पार्न सबैको सहयोग आवश्यक छ भन्नुभयो।

साविक वडा नं. १० का पूर्ववडाध्यक्ष आकुमार कोजूले जनताका छोराछोरीलाई देशको भौगोलिक र राजनैतिक परिस्थितिबारे जानकार बनाउनुपर्ने बताउनुभयो।




भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाको सभापतित्वमा भएको उक्त कार्यक्रममा सदस्यहरू श्यामसुन्दर मातां, रत्नकाजी नायोभारी र तुल्सीलक्ष्मी दुमरुले पनि बोल्नुभएको थियो।

## वडा १० मा १०० दिनको कार्यक्रम

नगरपालिकामा जनप्रतिनिधिहरू १०० दिन पुगेको अवसरमा भाद्र १२ गते वडा नं. १० मा एक कार्यक्रम सन्पन्न भयो।

उक्त कार्यक्रममा वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले बितेका १०० दिनमा वडाका समस्याको पहिचान र समाधानका उपाय खोज्न विभिन्न मितिमा वडावासीहरूसँग छलफल गरिएको, वडालाई प्राप्त ५० लाखको बजेटको योजना र इस्टिमेट भइरहेको, वडालाई सफा राख्न सफाइ मजदुरहरूसित सरसफाइ सम्बन्धमा छलफल भएको जानकारी दिनुभयो।

पूर्व वडाध्यक्ष चन्द्रबहादुर उलकले विगतको अनुभव बताउँदै सबै वडावासीबाट सहयोगको लागि आग्रह गर्नुभयो।

वडा सदस्य जीतेन्द्र मुनंकर्मीले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा वडा सचिव गोविन्द राम थुसाले सय दिनको प्रगति विवरण प्रस्तुत गर्नुभयो–

घर बाटो सिफारिस– ८५ धारा विद्युत जडान– ४
जनजाती सिफारिस–१३ अन्य सिफारिस– २८
चारकिल्ला प्रमाणित सर्जमिन–२९
नाता प्रमाणित सर्जमिन–१७
घर जग्गा दर्ता तथा नामसारी सर्जमिन–२७
जोत नामसारी सर्जमिन लगत कट्टा–१०
घर जग्गा मूल्यांकन–१४९ बैठक भेला –११
व्यवसाय पसल दर्ता–१८ पसल लगत कट्टा–६
नक्सा सर्जमिन–३८ माथिल्लो तल्ला सिफारिस–४९
संशोधित नक्सा–५ लेखा सम्बन्धी पत्र– ८
जग्गा बाँडफाँड–३१ घर जनाउने सिफारिस–८
अंग्रेजीमा सिफारिस–२७ नागरिकता मात्र–५७
जन्म दर्ता– ३७ (पु.–१९, म.–१८) विवाह दर्ता–१८
मृत्यु दर्ता १२ (पु.–८, म.–४)
सामाजिक सुरक्षा भत्ता वितरण– १ पटक
भूकम्प पीडित लाभग्राही सम्झौता–१०
२०७३।२।०९ देखि २०७४ को भाद्र ११ गते सम्मको आम्दानी रु. ३३,७१,६३५।०९

## शिक्षा, स्वास्थ्य, ऐतिहासिक सम्पदा जीर्णोद्धारमा भक्तपुर नपा निरन्तर सक्रिय

भक्तपुर नगरपालिका वडा नं. ६ का जनप्रतिनिधिहरूले कार्य थालनी गरेको १०० दिन पूरा भएको अवसरमा भाद्र ३० गते समिक्षा कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले स्थानीय तहको विकास निर्माणको साथसाथै राष्ट्रिय–अन्तर्राष्ट्रिय परिस्थितिको बारेमा जानकारी लिनुपर्ने विचार राख्दै संरा अमेरिकी साम्राज्यवादले विभिन्न कमजोर राष्ट्रमाथि थिचोमिचो गर्दै आएको बताउनुभयो।

उहाँले प्रजग कोरियामाथि थप नाकाबन्दी गर्ने भन्ने संरा अमेरिकाले गरेको निर्णयको विरुद्धमा प्रजग कोरियाले आत्मरक्षाको लागि आणविक हतियार परीक्षण गर्दै संरा अमेरिकालाई चुनौती दिइरहेको स्पष्ट पार्नुभयो।




पञ्चायती व्यवस्थामा देश र जनताको पक्षमा प्रतिक्रियावादीहरूको विरुद्ध नेमकिपाले आवाज बुलन्द गरेको हुँदा नेमकिपालाई समाप्त पार्ने कुनियतकासाथ थ्रेसहोल्डको प्रावधान ल्याइएको हो, प्रमुख प्रजापतिले भन्नुभयो।

भक्तपुर नपा वडा नं. ६ का वडा सदस्य गोविन्द

दुवालले समाजमा नैतिक शिक्षाका साथसाथै नागरिक भावनाको विषयमा प्रचार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

शिक्षा, स्वास्थ्य, ऐतिहासिक सम्पदा जीर्णोद्धारमा भक्तपुर नपा निरन्तर लागिरहेको उहाँले बताउनुभयो ।

वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले कार्य थालनी



गरेको १०० दिनमा भएगरेका कार्यहरूको प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका सदस्य रोशनमैया सुवाल, नेमकिपा ६ नं. वडा समन्वय समितिका प्रतिनिधि एवं पूर्व वडाध्यक्ष कृष्णराम थुसा, गणेशराम थुसा, वडा सदस्य सिद्धिराम अवाल र वडासचिव जितबहादुर खाइजूले पनि बोल्नुभएको थियो ।

## सम्पदा संरक्षणका लागि विदेशी भर नचाहिने

'हाम्रो कला, संस्कृति र सम्पदा हामी आफै मिलेर बनाउन सक्छौं, सम्पदा संरक्षणका लागि जनताले सक्रिय साथ, समर्थन तथा राय सुझाव दिएको खण्डमा विदेशीको भर पर्नुपर्दैन ।'

उक्त भनाइ भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा ४ वडा कार्यालयको आयोजनामा असोज ८ गते




सम्पन्न 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको सय दिन' को सिंहावलोकन कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

प्रमुख अतिथि प्रजापतिले जर्मन सरकारको तर्फबाट भक्तपुरको सम्पदा पुन:निर्माणका लागि दिइने भनिएको सहयोग विनासर्त भए मान्य हुने, आत्म स्वाभिमानलाई चोटपुग्ने कुनै पनि किसिमको शब्द वा शर्त मन्जुर नहुने बताउँदै प्रमुख प्रजापतिले सरकारले ख्वप विश्वविद्यालयसम्बन्धी विधेयक पास गरी जनताका छोराछोरीलाई सस्तोमा चिकित्साशास्त्र अध्ययन गर्न पाउने मेडिकल कलेजको स्थापनाका लागि सम्बन्धन दिनुपर्नेमाथि जोड दिनुभयो ।

स्थानीय बुद्धिजीवी एवं आदर्श मा.वि.लायकुका प्रअ उद्धव सुजखुले सिंहदरबारको अधिकार नगर र गाउँपालिकामा आउँदा जनता जति खुशी थिए त्यति नै उक्त अधिकार संरक्षण हुने हो या होइन भनी पीर पनि लिइरहेको बताउँदै प्रजातन्त्रको जग स्थानीय निकाय भएकाले किसान मजदुरको समस्याहरू कामदार वर्गकै जनप्रतिनिधिले राम्ररी बुझेका हुनाले तिनका समाधानका लागि आवश्यक योजना तर्जुमा र कार्यान्वयन हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

सामाजिक कार्यकर्ता उपेन्द्र सुवालले सरसफाइको विषयमा नगरका सबै स्कूलहरूबाटै शिक्षा दिन सके भावी पुस्तामा नागरिक भावनाको विकास हुने बताउँदै दाफा भजनका गुरुहरूलाई सम्मान गर्दै कला र संस्कृति अध्ययन समूह बनाई तिनको प्रवर्द्धन गर्नसके नगरवासीहरूको आयश्रोत वृद्धि गर्न सकिन्छ भन्नुभयो ।

शिक्षक न्हुछेराम भेलेले वडाका विभिन्न भेगका मल्लकालीन सम्पदा संरक्षण गर्नुपर्ने र राममन्दिरदेखि बोलाछेंसम्मको बाटामा इँटा छपाइ कार्य यथाशिघ्र अगाडि बढाइ वडावासी र सर्वसाधारणलाई दुर्घटना हुनबाट बचाउनुपर्ने बताउनुभयो ।

संस्कृतिविद् ओमप्रसाद धौभडेलले भक्तपुर नगर सम्पदा र संस्कृतिको अथाह भण्डारका रूपमा कायम रहनुमा ख्वपका बासिन्दाहरूको उल्लेखनीय योगदानलाई बिर्सन नहुने धारणा राख्नुभयो ।

त्यस्तै व्यवसायी युवक किशोर राजभण्डारीले भक्तपुर नपा ४ वडाबाट भइरहेका सम्पूर्ण गतिविधि सन्तोषजक रहेको बताउँदै भूकम्प पश्चात् निर्माण सामग्रीको ढुवानीमा देखापरेको समस्या समाधानका लागि नगरपालिकाबाट ठोस पहल गरिनुपर्ने बताए ।

कार्यक्रमका सभापतिको आसनबाट वडाध्यक्ष कुमार चवालले सय दिनमा वडामा भएका कामबारे स्पष्ट पार्दै स्वास्थ्य स्वयम्सेविका परिचालन, खानेपानी आपूर्तिका लागि पहल, घरायसी झैझगडा मिलान, नक्सापास सिफारिस, घरजग्गा सिफारिस, जन्मदर्ता, विवाह दर्ता, नाता प्रमाण आदि सम्पूर्ण काम कार्वाहीको जानकारी गराउँदै भदौ मसान्तसम्मको आम्दानी १२ लाख,४६ हजार ९ सय ९२ रूपैयाँ रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिका ४ वडाका निर्वाचित महिला सदस्य एवं कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवाल, पुरुष सदस्य राजेन्द्र माकलगायतले बोल्नुभयो ।

वडाध्यक्ष रविन्द्र ज्याख्वद्वारा प्रस्तुत

# सय दिनमा ९ वडाको प्रगति

सर्वप्रथम स्थानीय तहको निर्वाचन २०७४ मा नेपाल मजदुर किसान पार्टीको चुनाव चिन्ह मादलमा मतदान गरी हामीलाई अत्यधिक मतले विजयी गराउन महत्त्वपूर्ण योगदान गर्नुहुने सबैप्रति निर्वाचित पदाधिकारीहरूको तर्फबाट हार्दिक आभार एवं सम्मान व्यक्त गर्दछु ।

भक्तपुर नगरपालिकामा हामी निर्वाचित जनप्रतिनिधिहरूले मिति २०७४ जेठ ७ गते शपथ ग्रहण गरेसँगै पदभार ग्रहण गरेका थियौं । सोही दिन हामीले यस वडा कार्यालयमा औपचारिक कार्य थालनी पनि गऱ्यौं । दिनगन्तिका हिसावले २०७४ भाद्र १२ गते हामीले कार्य थालेको सय दिन पुग्यो ।

यस अवसरमा हजार माइलको यात्रा एक पाइलाबाट शुरु हुने चिनियाँ उखान स्मरण गर्न चाहन्छु । निर्वाचनको बेला पार्टीको घोषणापत्रमार्फत वडावासीहरूमाझ व्यक्त गरेका प्रतिवद्धताहरूलाई मार्गचित्रको रूपमा स्वीकार गर्दै अघि बढिरहेका छौं । वडाको स्थानीय आवश्यकता र जनभावना बमोजिम प्राथमिकता क्रम छुट्याएर कार्य थालनी गरिरहेका छौं । अहिले वडाको जिम्मेवारी लिएर सय दिनमा गरेका कार्यहरूको समीक्षा गर्दैछौं । यतिबेला विश्व कम्युनिष्ट आन्दोलनका एक अग्रज नेता का. लेनिनले एक पाइला अघि, दुई पाइला पछि पुस्तकमार्फत हरेक गतिविधिको सिंहावलोकन गर्ने र कमीकमजोरीबाट पाठ सिकेर अझ उत्साहका साथ लक्ष्यमा पुग्न उत्साहित गर्नुभएको प्रसँग यहाँ उल्लेख गर्न चाहन्छु ।

हुन त सय दिन लामो समय होइन, न त यस अवधिमा कुनै क्रान्तिकारी फड्को नै मार्न सम्भव छ । तथापि हामी वडाका निर्वाचित जनप्रतिनिधिहरूको सामूहिक प्रयास एवं कर्मचारीहरूको तदारुकताबीच यस अवधि (२०७४ जेठ ७ देखि भाद्र १२ गतेसम्म) मा वडा कार्यालयमार्फत शुरुवात गरेका एवं सम्पन्न भएका गतिविधिहरू यहाँ प्रस्तुत गर्दछु । आशा छ, यहाँहरूले समालोचनात्मक समीक्षा गरी हामी जनप्रतिनिधिहरूलाई आगामी दिनमा अझ उत्साहपूर्वक जनताको सेवा गर्न प्रोत्साहित गर्नुहुने छ ।

**पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।**

### क) जनताको काम

जनप्रतिनिधिहरूको पहिलो दायित्व जनताको काम छिटो र प्रभावकारी रूपमा सम्पन्न गर्नु हो । सय दिनको अवधिमा जनप्रतिनिधिहरूले एक दिन पनि कार्यालयमा विदा लिएनौं । हामीले कार्यालयलाई नै आफ्नो घर, जनप्रतिनिधि र कर्मचारीहरू परिवार र सेवाग्राही वडावासीहरूलाई अभिभावक सरह ग्रहण गर्ने प्रयत्न गऱ्यौं । सय दिनको अवधिमा वडा कार्यालयमा भएका जनताका कामहरू निम्नानुसार रहेको उल्लेख गर्दछु :

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | नागरिकता प्रमाणपत्रमा सिफारिस | ५६ |
| २ | नाता प्रमाणपत्र वितरण | १४ |
| ३ | अंग्रेजीमा नाता प्रमाणपत्र वितरण | २४ |
| ४ | व्यक्तिगत घर निर्माणको नक्सा सर्जमिन गरी प्राविधिक प्रतिवेदन पेश | ६४ |
| ५ | व्यक्तिगत घर निर्माणको नक्सा मिसिल फिर्ता | ५१ |
| ६ | जग्गा नामसारी सिफारिस | ३१ |
| ७ | घरबाटो सिफारिस | ४२ |
| ८ | घरजग्गा कर मूल्याङ्कन | २७ |
| ९ | व्यक्तिगत घटना दर्ता | ४१ |
| १० | माथिल्लो तल्ला निर्माण स्वीकृतिको सिफारिस | ४० |
| ११ | तीन पुस्ते फोटो टाँस | ७ |
| १२ | नक्सा संशोधन सिफारिस | ६ |
| १३ | अन्य सिफारिस | ४२ |
| १४ | जनजाति सिफारिस | ३१ |

यस अवधिमा विभिन्न शीर्षकमा यस वडा कार्यालयले जम्मा १३ लाख ८ हजार २२० रूपैयाँ आम्दानी गरेको देखिन्छ ।

### ख) योजनाहरू

जनताले जनप्रतिनिधिहरूको उपस्थितिको बलियो आधार विकास निर्माणलाई लिने गर्दछन् जुन स्वभाविक पनि हो । जेठदेखि भदौसम्मको अवधि वर्षातको समय भएकोले जनताले प्रत्यक्ष देख्नेगरी विकास निर्माणलाई तिब्रता दिन नसकेपनि योजना छनौट, नक्सा डिजाइन तथा लगत इष्टिमेट तयारीका कामहरू तदारुकताका साथ अघि बढिरहेको छ । अघिल्लो आर्थिक वर्षमा विनियोजित केही योजनाहरू उपभोक्ता समितिहरू गठन गरी कार्य थालनी भइरहेका छन् ।

| क्र.सं. | योजना | उपभोक्ता समितिका अध्यक्ष | कैफियत |
|---|---|---|---|
| १ | गः महादेव जाने बाटोमा इँटा छपाइ | बुद्धिसागर प्रजापति | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट सम्पन्न |
| २ | लक्ष्मी नारायण मन्दिर पुनः निर्माण | कृष्णगोपाल लाछिमस्यू | कार्य सम्पन्न तर पेश्की फछ्र्यौट हुन बाँकी |
| ३ | वाकुपति चाँगु नारायण मन्दिर दक्षिणको पाटी तथा न्हेपँ स्या देग पुनःनिर्माण | आशाकाजी प्रजापति | कार्य सम्पन्न तर पेश्की फछ्र्यौट हुन बाँकी |
| ४ | वडाका विभिन्न स्थानमा सोलार बत्ती जडान | लक्ष्मी प्रसाद कुसी | कार्य सम्पन्न तर पेश्की फछ्र्यौट हुन बाँकी |
| ५ | लामगाल पाटी पुनः निर्माण | कृष्णभक्त लवजू | कार्य थालनी हुँदै |
| ६ | चोफल उकालोमा रहेको नारायण मन्दिर पुनःनिर्माण | राजेन्द्र दुमरु | कार्य थालनी हुँदै |
| ७ | सूर्यमढी पाटी पुनः निर्माण | प्रेम प्रजापति | कार्य थालनी हुँदै |
| ८ | बालकुमारी मन्दिरको छाना मर्मत | | सम्पन्न भइसकेको |

चालु आर्थिक वर्ष २०७४/०७५ का लागि यस वडामा संचालन हुने योजनाहरू देहाय बमोजिम छन् :

| क्र.सं. | योजना | नगरस्तरीय/ वडास्तरीय | कैफियत |
|---|---|---|---|
| १ | ख्वप अस्पताल | नगरस्तरीय | प्रारम्भिक अध्ययन हुँदै |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवन | नगरस्तरीय | लगत इष्टिमेट तयार हुँदै |
| ३ | दत्तात्रयमा पर्यटक सूचना केन्द्र तथा शौचालय | नगरस्तरीय | नक्सा र ल.इ. तयार भइसकेको |
| ४ | वाकुपति नारायण मन्दिर परिसरको दक्षिणमुखी पाटी पुनः निर्माण | वडास्तरीय | ल. इ. स्वीकृत भइसकेको |
| ५ | ब्रम्हायणी दीपमा पानी ट्यांकी जडान | वडास्तरीय | ल.इ. तयार हुँदै |
| ६ | सकोलानको ताहाफल्चा पुनः निर्माण | वडास्तरीय | ल.इ. तयार हुँदै |
| ७ | सकोलानको ताःका गल्ली र शिवननीमा इँटा छपाइ | वडास्तरीय | ल.इ. स्वीकृत भइसकेको |
| ८ | गरुडकुण्ड महादेवको मन्दिर पुनः निर्माण | वडास्तरीय | ल.इ. तयार हुँदै |
| ९ | वाकुपति नारायण मूल ढोकासँगैको भजन घरको छाना मर्मत, प्रगति पुस्तकालय रहेको पाटीको छाना मर्मत र नासल मन्दिर छाना मर्मत | | ल.इ. तयार हुँदै |
| १० | ब्रम्हायनी दीप (घाट) र खोलाको ढील सुधार कार्य | | ल.इ. तयार हुँदै |

यी बाहेक गत आर्थिक वर्षको क्रमागत योजना अन्तर्गत तलातुँछी पाटी पुनः निर्माण र च्याम्हासिंह गेट पुनः निर्माण पनि रहेका छन् । वडाका अगुवा, बुद्धिजीवी, राजनैतिक दलका कार्यकर्ता, किसान र महिलाहरूको व्यापक सहभागितामा यी योजनाहरू सम्पन्न हुने विश्वास लिएका छौं ।

**ग) सरसफाइ :**

नगरपालिकामा जनप्रतिनिधिहरू आइसकेपछि नगरको सरसफाइलाई विशेष महत्त्व दिएको हिसावले यस वडामा पनि सरसफाइका गतिविधिहरू भइरहेका छन् । विश्व वातावरण दिवसको अवसरमा नगरपालिकाका प्रमुख सुनिल प्रजापति तथा उपप्रमुख रजनी जोशीको उपस्थितिमा ब्रम्हायणी पीठ पीठ विकास समितिको अगुवाइ तथा वडा कार्यालयको आयोजनामा वृक्षारोपण र सलाँगणेश पोखरीमा सरसफाइ गरेर अभियानको शुरुवात गरिएको थियो । यो अवधिमा यस वडाको अगुवाइमा तथा गरुडकुण्ड सुधार समितिको आयोजनामा गरुडकुण्ड र त्यस वरिपरिको क्षेत्रमा सरसफाइ, साविक १ वडा (हाल ९ वडा) खेलकुद समितिको आयोजनामा तथा यस वडाको अग्रसरतामा ब्रम्हायणी पीठ सरसफाइ, देगइना क्षेत्रका स्थानीय आमा समूहको आयोजनामा वाँचु हिटी सरसफाइ, दुगुरेका स्थानीय जनताको अग्रसरतामा दुगुरेमा प्रिकास्ट सफा गरी पानी ढलोको निकास व्यवस्थापन एवं वडाका विभिन्न स्कूलहरूको आयोजनामा धार्मिक एवं साँस्कृतिक स्थलहरूको सरसफाइ भइरहेको यहाँहरूलाई अवगत नै छ । साथै २०७२ सालको भूकम्पको कारण जीर्ण भई कुनै पनि बखत भत्किएर धनजनको क्षति हुने सम्भावना रहेको वाकुपति चाँगु नारायणस्थित दक्षिणमुखी पाटी पनि स्थानीय जनताको सहभागितामा भत्काउने र ऐतिहासिक सम्पदाहरू सुरक्षित गर्ने कार्य सम्पन्न भयो । तुमचोका स्थानीय महिलाहरूको अगुवाइमा त्यहाँ रहेको खुल्ला फोहर संकलन केन्द्र हटाउने कार्यलाई उल्लेखनीय मान्न सकिन्छ ।

गत साउने सोमबारको दिन दत्तात्रयमा लाग्ने मेलालाई व्यवस्थित गर्ने उद्देश्यले जनप्रतिनिधिहरूकै सक्रियतामा दत्तात्रय क्षेत्रमा जथाभावी सामान विक्रीस्थल राख्न नदिने कार्य भएको थियो । साथै मेला अवधिभर घुम्ती शौचालयको प्रभावकारी बन्दोबस्त पनि गरिएको थियो । च्याम्हासिंह चोकमा अनियन्त्रित रूपमा राखिएका ढावा पसल र तरकारी पसलहरू हटाई खुल्ला स्थान बनाउने कार्य पनि सम्पन्न भयो । त्यस ठाउँमा गाडी पार्किङ्ग कार्य हटाउने प्रयत्न पनि भइरहेको छ । दत्तात्रयको तरकारी बजारलाई व्यवस्थित गर्न गृहकार्य भइरहेको अवगत गराउन चाहन्छु ।

यसका साथै वडाका चोक, गल्ली र मूल सडकको

दैनिक सरसफाइ कार्यलाई प्रभावकारी बनाउने ध्येयले सफाइ मजदुरहरूको आन्तरिक समायोजन गरिएको छ। सरसफाइसम्बन्धी जनगुनासोलाई तत्काल सुनुवाइ गर्ने हेतुले समय समयमा सफाइ मजदुरहरूको बैठक गरी आवश्यक निर्देशन दिने कार्य पनि भइरहेको छ।

**घ) वडाका गतिविधिहरू :**

**१) वडा कार्यालय भवन उद्घाटन :**

यस वडाको कार्यालय रहेको भवन निर्माण भई भक्तपुर नगरपालिकाले उपयोग गरिरहेको लामो समयपश्चात गत २०७४ साउन ८ गते उक्त भवनको औपचारिक उद्घाटन सम्पन्न भयो। नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा वडा कार्यालय भवन निर्माणबारे जानकारी सहितको पुस्तिका विमोचन पनि गरिएको थियो।

**२) पूर्व जनप्रतिनिधिहरूसँगको बैठक :**

स्थानीय तहमा विगत १५ वर्षदेखि जनप्रतिनिधिविहीन भएको अवस्थामा भर्खरै सम्पन्न निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरूलाई जनताको सेवा गर्ने कार्यमा चुस्तता ल्याउने उद्देश्यले वडाका पूर्व जनप्रतिनिधिहरूसँग २०७४ जेठ १३ गते बैठक सम्पन्न भयो। बैठकमा विभिन्न विषयहरूमा विगतका अनुभवसहित मार्ग निर्देशन प्राप्त भएको थियो।

**३) वडास्तरीय योजनाबारे स्थानीयसँग राय सल्लाह संकलन:**

आर्थिक वर्ष २०७४/०७५ का लागि भक्तपुर नगरपालिकाको बजेट निर्माणपूर्व वडास्तरीय योजना छनौट सम्बन्धी राय सल्लाह लिन यस वडा कार्यालयले गत २०७४ असार ९ र ११ गते दुई दिन वडाका स्थानीय अगुवा, महिला, बुद्धिजीवी, किसान, युवा, विद्यार्थी र पूर्व जनप्रतिनिधिहरूसँग छलफल गर्‍यो। ती बैठकहरूबाट प्राप्त सुझावकै आधारमा वडास्तरीय योजनाहरू तयार गरिएको जानकारी गराउन चाहन्छु।

**४) सामाजिक सुरक्षा भत्ता वितरण :**

स्थानीय तहमा जनप्रतिनिधि आइसकेपछि पहिलो पटक यस वडाका ज्येष्ठ नागरिक, एकल महिला तथा अपांगता भएका व्यक्तिहरूलाई जनप्रतिनिधिहरूको प्रत्यक्ष उपस्थितिमा गत २०७४ जेठ २७ र असार ३ गते सामाजिक सुरक्षा भत्ता वितरण गरियो।

**५) गाईजात्रा मूल्याङ्कन :**

यस वर्षको गाईजात्रा पर्वको समयमा सापारुको दिन प्रदर्शन गरिएका घिन्टाङघिसी र माक प्याखँ तथा कृष्णाष्टमीसम्मको अवधिमा प्रदर्शन गरिएका परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूको मूल्याङ्कन दत्तात्रयमा पनि गरिएको थियो। यस वडा कार्यालयको तर्फबाट मूल्याङ्कन स्थलको व्यवस्थापन एवं मूल्याङ्कनकर्ताहरूलाई खाना र खाजाको व्यवस्थापन गरिएको थियो।

**ङ) विविध :**

१) भक्तपुर नगरपालिकाबाट संचालित तुमचो, दुगुरे चोखा जग्गा एकीकरण आयोजना पूर्ण रूपमा यस वडामा परेको हुँदा आयोजनाको बाँकी कार्य सम्पन्न गर्न तथा त्यहाँ देखिएका समस्याहरू समाधानका लागि जनताको भावनाअनुसार पटक पटक छलफल र स्थलगत निरीक्षण भइरहेको छ। गत असार मसान्तमा उक्त आयोजनाको म्याद सकिएको हुँदा अहिले केही अन्यौल देखिएको छ। यस विषयमा नगरपालिकाका निर्वाचित पदाधिकारीहरू, उपभोक्ता समिति र स्थानीय जनतासँग राय सल्लाह माग्ने कार्य भइरहेको छ। आयोजनाका बाँकी कार्यहरू प्रभावकारी ढंगबाट छिटै सम्पन्न गर्न ठोस निर्णय आउने विश्वास छ।

२) २०७२ सालको भूकम्पबाट पीडित वडावासीहरूलाई सरकारले दिँदै आएको अनुदान रकम सहज रूपमा प्राप्त गराउन यस वडा कार्यालयमार्फत पहलहरू भइरहेका छन्। विभिन्न कारणले पहिलो किस्ता प्राप्त गर्न नसकेकाहरूलाई सम्पर्क गरी सहज वातावरण बनाउने प्रयास गरेका छौं भने गुनासो भरेका पीडितहरूको हकमा राष्ट्रिय पुनः निर्माण प्राधिकरणको तर्फबाट पुनः सर्वेक्षणको कार्य पनि भइसकेको छ। नयाँ गुनासो फारम भरेका पीडितहरूको निवेदन दर्ता गरी आवश्यकहरूलाई पुनःसर्वेक्षणका लागि वडा कार्यालयबाट सिफारिस गर्ने निर्णय पनि भइसकेको छ।

३) गरुडकुण्ड र चोखामा रहेको भूकम्प पीडितहरूको अस्थायी शिविरमा बसिरहेका वडावासी दाजुभाइ दिदीबहिनीहरूसँग निरन्तर जीवन्त सम्पर्कमा रही उहाँहरूको समस्याको बारेमा छलफलका साथै उहाँहरूलाई सम्भव भएसम्म आफ्नै जग्गामा वा अर्को उपयुक्त विकल्प खोज्न आग्रह गर्ने काम भइरहेको छ। वडा कार्यालयको आग्रह बमोजिम नै चोखास्थित जिल्ला अदालतको कार्यालय भवन निर्माणस्थलमा रहेको शिविर क्रमशः खाली हुँदैछ।

अन्त्यमा यहाँहरूले जुन विश्वासले हामीलाई निर्वाचित गर्नुभयो, त्यो विश्वासलाई निरन्तर कायम राख्न हाम्रो हरसम्भव प्रयास जारी रहने र स्थानीय आवश्यकता र जनभावना बमोजिम वडा कार्यालयले अगाडि सार्ने योजना तथा कार्यक्रमहरूमा विगतमा झैं यहाँहरूको सक्रिय साथ र समर्थन हुने विश्वास व्यक्त गर्दछु। हाम्रो हरेक पाइलालाई आलोचनात्मक दृष्टिकोणले हेर्नुहुने छ र समाजको प्रगतिको निम्ति आवश्यक सल्लाह सुझाव प्राप्त भइरहने छ भन्ने विश्वासका साथ यो प्रतिवेदन टुंग्याउँछु। धन्यवाद !

# तःमुँज्याको ३७ औं सम्मेलन भव्यताका साथ सम्पन्न

'जनता म्वासा भाषा म्वाइ' नारा बोकेको नेपालभाषा साहित्य तःमुँज्याको ३७ औं दुई दिने साहित्य सम्मेलन र सांस्कृतिक कार्यक्रम ने.सं. ११३७ कौलाथ्व द्वादशी र त्रयोदशी (२०७४ असोज १६ र १७ गते) ल्योसिंख्योमा भव्यताका साथ सम्पन्न भयो ।

## पहिलो दिन

नेपालभाषा साहित्य तःमुँज्याको ३७ औं सम्मेलन असोज १६ गते अगुवा किसान कार्यकर्ता कुलबहादुर कवांले पानसमा द्वीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो । भक्तपुरको ल्योसिंख्योमा आयोजित सम्मेलनका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी र संस्कृतिविद् एवं साहित्यकार तेजेश्वरबाबु ग्वङ्गलाई सम्मान गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख तथा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुनै पनि नगरपालिका क्षेत्रमा काम गर्न स्थानीय निकायको अनिवार्य स्वीकृति लिनुपर्ने प्रावधान बनाउनुपर्ने औंल्याउनु हुँदै जनताको अधिकार कर्मचारीको हातमा दिनुले प्रजातन्त्र कमजोर बनाउन शासक दलहरूले मतसीमाको बन्दोबस्त थोपरेर दुई दलीय तानाशाही लाद्न खोजिरहेको धारणा राख्नुभयो ।

उहाँले मुलुकी ऐनलाई विस्थापन गर्न बनेको देवानी ऐनसमेतलाई अल्पमतले पारित गरेर लोकतन्त्रको उपहास भएको बताउनुभयो ।

नगरप्रमुख प्रजापतिले उपभोक्ता समितिमार्फत गरिएको निर्माण अझ दिगो र गुणस्तरीय हुने गरेका अनुभव भक्तपुर नगरपालिकासँगै भएकाले कुनै पनि विदेशी दातृनिकायको शर्तसामू झुकेर काम गर्न नसकिने बताउनुभयो ।

'हाम्रो आत्मसम्मानमाथि आँच पुग्ने कुनै पनि शर्त हामीलाई स्वीकार्य हुनसक्दैन ।' उहाँले भन्नुभयो ।

स्वदेशका इन्जिनियर, डकर्मी र सिकर्मीहरूलाई मान्यता नदिने र जसको लगानी उसैको शर्तअनुसार काम गर्नुपर्ने केएफडब्ल्यु (जर्मन विकास बैंक) को शर्त भक्तपुर नगरपालिका र भक्तपुरका जनतालाई मान्य नभएको धारणा राख्नुभयो ।

कार्यक्रममा सम्मानित वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले आफ्नो जीवनमा विभिन्न समय उत्पीडित किसान कार्यकर्ताहरूको प्रभाव भएको रहेको बताउँदै भक्तपुरलगायत देशभरि विभिन्न जिल्लामा भएका किसान आन्दोलनहरूमा सहयोग गर्न पाउनु गौरव भएको बताउनुभयो ।

संस्कृतिविद् तथा साहित्यकार तेजेश्वरबाबु ग्वङ्गले भाषाको अपव्याख्या हुँदा अर्थको अनर्थ भएको र संस्कृतिको मर्म पनि कमजोर भएकोमा सजग हुनुपर्ने धारणा राख्नुभयो ।

उहाँले नेवार जातिको संस्कृति नेपालकै लागि गौरव निधि भएकोले संरक्षणमा सबैको ध्यान जानुपर्ने बताउनुभयो ।

वरिष्ठ सीमाविद् बुद्धिनारायण श्रेष्ठले नेपालको सरकार सक्षम भएको भए भारतले सीमाक्षेत्रमा असमान बाँध र तटबन्ध बनाउँदा, सीमाक्षेत्रका नेपालीहरूलाई दुःख दिंदा पनि सरकार चुप लागेर नबस्ने बताउनुभयो ।

उहाँले ९-९ महिनामा पालैपालो सरकार परिवर्तन हुने अवस्थाले नेपालका सबै क्षेत्रमा अस्थिर भएको बताउनुभयो ।

लेखक एवं जनमत साहित्यिक मासिकका प्रधानसम्पादक मोहन दुवालले जनताको सक्रियताले नै भाषाको संरक्षण हुने चर्चा गर्दै नेपालमा राज्यले लेखक र साहित्यकारलाई प्रोत्साहन गर्न कुनै पहल नगरेको धारणा राख्नुभयो ।

उहाँले देशभरिका कवि कलाकार र लेखकहरूको वर्गीकरण गरी लेखकलाई राज्यले प्रोत्साहन दिनुपर्ने बताउनुभयो ।



मञ्चासिन प्रमुख बिजुक्छें, सम्मानित व्यक्तित्व भण्डारी र ग्वङ्गसहित

मानव अङ्ग प्रत्यारोपण केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले प्रत्यारोपण केन्द्रले मृगौला, हृदय र कलेजो प्रत्यारोपणमा विश्वस्तरीय सुविधा दिइरहेको चर्चा गर्दै मृगौला प्रत्यारोपणका लागि अब आफ्नै घरको सदस्यबाहेक अरु आफन्तबाट पनि मृगौला लिन सक्ने नयाँ बन्दोबस्त आएको बताउनुभयो ।

उहाँले मस्तिष्क मृत्यु भएको मानिसबाट काम लाग्ने अङ्ग लिन सक्ने कानुनी प्रावधानले अब आफ्नो अङ्ग विफल भएका धेरै मानिस बाँच्ने आधार भएको बताउनुभयो ।

विशेष अदालतका पूर्व अध्यक्ष गौरीबहादुर कार्कीले तीन प्रतिशतको मत सीमाले राजनीतिक निरंकुशता थोपर्ने षड्यन्त्र भएको बताउँदै प्रजातन्त्रको नाममा संरा अमेरिकामा जस्तो दुई दलीय तानाशाही लाद्न खोज्नु प्रजातन्त्र नभएको धारणा राख्नुभयो ।



प्रमुख अतिथि बिजुक्छेंबाट भण्डारी र ग्वङ्गलाई सम्मान गर्नुहुँदै

मनोविद धनरत्न शाक्यले मोबाइल जस्ता आधुनिक प्रविधिले आजको समाजमा मानिसको जीवन एकोहोरो भएको धारणा राख्नुभयो ।

शरीरमा कोलेस्टोरेलको मात्रा र मानसिक रोगको सम्बन्ध भएको जानकारी दिंदै मानसिक समस्या कम गर्न सके आत्महत्याको सङ्ख्या घट्ने विचार राख्नुभयो ।

स्त्रीरोग विशेषज्ञ डा.सानुमैंया श्रेष्ठले भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्यमा काम गर्दाताका आफू भक्तपुरमा जनताको सेवा गर्ने तरिकाबाट प्रभावित भएको बताउनुभयो ।

रेडियोलोजिस्ट विशाल प्रतीक मिश्रले स्वस्थ जीवनका लागि ध्यान दिनुपर्ने कुराको विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा कवयत्री बेबी झा, कवि हरिहर तिमिल्सिना, लेखक अभय श्रेष्ठ, कवि सुरेश परियार, लेखक कृष्णकुमार वैद्यलगायतले आ–आफ्ना रचना वाचन गर्नुभएको थियो । साथै एक दर्जनभन्दा बढी साहित्यकारहरूले प्रतियोगी साहित्यहरू वाचन गर्नुभएको थियो ।

पत्रकार समाज तथा जनलेखक सङ्घ नेपालका अध्यक्ष लक्ष्मण जोशीको सभापतित्वमा भएको सम्मेलनमा नेपाल भाषा साहित्य तःमुँज्या मूगुथिका अध्यक्ष चन्द्रबहादुर उलकले मन्तव्यसहित कथा वाचन, कान्छा बासुकलाद्वारा रचित स्वागत गानमा संगीत राजेश हाडा र रवि हाडा, लक्ष्मण पलिखेल, एस हाडा, दीक्षा हाडा र प्रणिल पलिखेलको स्वरमा प्रस्तुत गरिएको थियो भने स्वागत सैंत्तीसौं नेपालभाषा साहित्य सम्मेलन आयोजक समितिका अध्यक्ष बलराम सिंबञ्जारले गर्नुभएको थियो ।

## दोस्रो दिन

तःमुँज्याको दोस्रो दिनको सम्मेलनमा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले मतसीमा राखेर विरोधी समाप्त पार्ने जालझेल भइरहेको भन्दै चीनले २० अर्ब दिएर एमाओवादी र एमाले पार्टी मिलाएको भन्ने हल्ला फैलाइएको तर यथार्थमा दुईतिहाइ बहुमतबाट संविधान संशोधन गराउन भारतले नै दुई पार्टीलाई मिलाएको धारणा राख्नुभयो ।

शोषक वर्गको विरोधमा जनतालाई सचेत बनाउन निर्वाचनमा भाग लिनुपर्ने भदै अध्यक्ष रोहितले समाज विरोधी पार्टीबारे जनतालाई बताउनुपर्ने उल्लेख गर्नुभयो । उहाँले सोभियत समाजवादको विघटनको लागि पार्टीभित्र घुसपैठ भएको उदाहरण दिंदै नेपालका पार्टीहरूभित्र पनि गुप्तचर घुसेर अन्तरध्वंश गरिरहेको बताउनुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, कम्युनिष्ट नामका हाम्रा देशका नेताहरू कुन कुन देशका गुप्तचर हुन्, थाहा पाउनुपर्छ । उहाँले समाजमा पैसा भए जस्तोसुकै कूकर्म गर्न तयार हुने मानिस भएको तर कोही जति नै पैसा भए पनि बेइमानी नगर्ने खालका भएको उल्लेख गर्दै राम्रो काम गर्नेलाई नायक एवम् नायिका बनाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, इमानदारीपूर्वक कठीन काम गर्नेलाई साहित्यको नायक बनाउनुपर्छ ।

नेमकिपाका केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवालले देशभक्त पार्टीलाई समाप्त गरी देशघाती पार्टीहरूलाई उठाउन थ्रेसहोल्ड ल्याइएको उल्लेख गर्नुभयो ।

सांसद सुवालले पूर्वपदाधिकारी अन्तर्गत पूर्वसभासद तथा सांसदहरू, राष्ट्रपति तथा उपराष्ट्रपतिहरूलाई सुविधा दिनु गलत भएको भन्दै गएको निर्वाचनमा भएका आचारसंहिता उल्लङ्घनका घटनाको छानबिनको निम्ति बनेको समितिको बैठकसमेत हुन नसकेको भन्दै ख्वप विश्वविद्यालयको विधेयक अगाडि नबढाएबाट शासक पार्टी जनविरोधी भएको पुष्टि हुने विचार राख्नुभयो ।

वरिष्ठ पत्रकार भैरव रिसालले शासक दलहरूका नेताहरूमा नैतिक पतन भएको उल्लेख गर्नुभयो । उहाँले शासक दलका नेताहरूको राजनीतिक चरित्रले इज्जत प्रतिष्ठान भएकालाई राजनीतिमा नलाग्न सन्देश दिएको विचार राख्नुभयो । उहाँले २०१५ सालको संसदीय निर्वाचनपछि बहुमतप्राप्त दल नेपाली काङ्ग्रेसका नेता विश्वेश्वर प्रसाद कोइरालामा समेत संसदीय व्यवस्थाको विधिविधान थाहा नभएको सन्दर्भ उल्लेख गर्नुभयो ।



प्रमुख अतिथि बिजुक्छेंलगायतका मञ्चासिन व्यक्तित्वहरू

नेमकिपाका केन्द्रीय सदस्य एवम् सांसद अनुराधा थापामगरले संसदमा नेमकिपाले प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गरिरहेको धारणा राख्नुभयो । उहाँले भारतीय विस्तारवादले योगको नाममा नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरिरहेको भन्दै रामदेव भारतीय एकाधिकार पूँजीले प्रयोग गरेको ठग भएको दृष्टान्त प्रस्तुत गर्नुभयो ।

साहित्यकार एवम् राजनीतिज्ञ लक्ष्मण राजवंशीले साहित्यले परिवर्तनलाई घच्घच्याउने उल्लेख गर्दै लोकतान्त्रिक गणतन्त्र नेतातन्त्रमा रूपान्तरण भएको धारणा राख्नुभयो । उहाँले सदनमा भोर जुवा खेलेझैं विधेयकहरू पारित गर्ने गरेको विचार राख्दै भागवण्डाको राजनीतिकै कारण विकृतिहरू आएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, ३ नं. प्रदेशको राजधानी भक्तपुर बनाउन सम्बन्धित सबैले पहल गर्नुपर्छ ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्याटेलाइट सीटीको नाममा पुराना ऐतिहासिक सहर तथा सम्पदाहरूको विनास हुने खतरा भएको चर्चा गर्दै काठमाण्डौका तीनै सहरलाई मिलाएर मेगा सीटी बनाउने योजना पनि उपयुक्त नभएको उल्लेख गर्नुभयो । उपप्रमुख जोशीले काठमाडौं मेगा सीटी नभई अपराध सीटी हुने खतरा रहेको विचार राख्नुभयो ।

प्राध्यापक सर्वज्ञभक्त मल्लले शिक्षाले नै समाज परिवर्तनको ढोका खोल्ने भन्दै भक्तपुर नगरपालिकाले शिक्षामा गरेको लगानी नमुना भएको चर्चा गर्नुभयो । उहाँले नयाँ पुस्तालाई संस्कार, भाषा र आचरण सिकाउनुपर्ने तीतो यथार्थ रहेको उल्लेख गर्नुभयो ।

इतिहासकार प्राध्यापक पुरुषोत्तमलोचन श्रेष्ठले जनता बाँचे भाषा जिउँदो रहने नाराको समर्थन गर्दै मानिसले नै भाषा र संस्कृतिको विकास गरेको र उसले नै जिउँदो बनाउने तर्क गर्नुभयो ।

बुद्धिजीवी कृष्णलाल प्रधानले भक्तपुरका जनताको सहयोगमा शिक्षामा भएको प्रगतिको प्रशंसा गर्दै अहिले भक्तपुर सफा, सभ्य र सुसंस्कृत भएको बताउनुभयो । उहाँले नेपालभाषा र नेपाली भाषा सँगै विकास गर्नुपर्ने अवस्था आएको धारणा



प्रमुख अतिथि बिजुक्छेंबाट वाद्य गुरुहरूलाई सम्मान गर्नुहुँदै

राख्नुभयो ।

खवप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले भक्तपुरलाई ज्ञान र विज्ञानको केन्द्र बनाउन प्राध्यापक तथा बुद्धिजीवीले पनि सक्दो प्रयास गरिरहेको उल्लेख गर्दै कम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्य सार्थक भएको विचार राख्नुभयो ।

पूर्वजर्नेल एवम् सैन्य इतिहासविद् डा. प्रेमसिंह बस्न्यातले बर्दी लगाउने सेनाले भन्न नसकेको तथ्य साहित्यकारले भनिरहेकोमा खुशी व्यक्त गर्दै देशको स्वाधीनता रक्षाको निम्ति सबै एकजुट हुनुपर्ने विचार राख्नुभयो । उहाँले नेपाली सेना, प्रहरी, प्रशासन र जनताबीच ठूलो खाडल भएको विचार राख्नुभयो ।

जलस्रोत अभियन्ता रतन भण्डारीले नेपाल र भारतबीच सबभन्दा विवादित विषय जलस्रोत भएको भन्दै कोशी र गण्डक सम्झौताको विरोध गर्ने पार्टीहरूले नै महाकाली सन्धि अनुमोदन गरेको इतिहास बताउनुभयो । उहाँले महाकाली सन्धिअनुसार कुनै काम नभएकोले सन्धिको औचित्य समाप्त भएको तर्क गर्नुभयो ।

प्रगतिशील साहित्यकार मातृका पोखरेलले पञ्चायती निरंकुशताको विरोधमा लड्न नेपालभाषा एक माध्यम भाषा भएको भन्दै नेपालभाषा जनताले जोगाएको भाषा भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा डा.सरोज धिताल, प्रतिसरा सायमी, सुलोचना मानन्धरलगायतले आ–आफ्नो कविता वाचन गर्नुभएको थियो ।

समारोहमा वाद्य गुरुहरू शंकनारायण सुवाल र आशबहादुर माकलाई नेमकिपाका अध्यक्ष रोहितले दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।

समारोहमा नेमकिपाका केन्द्रीय सदस्य बुद्धिकुमार गोसाईले साहित्यका विभिन्न विधामा उत्कृष्टलाई पुरस्कार वितरण गर्नुभएको थियो । त्यस्तै श्यामसुन्दर धौभडेलले सिद्धिस्मृति पुरस्कार वितरण गर्नुभयो ।

'सहिद' साप्ताहिकका पत्रकार नारायण महर्जनको सभापतित्वमा भएको दोस्रो दिनको कार्यक्रममा त:मुँज्या मू गुथिका सचिव सुरेन्द्रराज गोसाईले धन्यवाद मन्तव्य; स्थानीय संयोजन समितिका उपाध्यक्ष राजेन्द्र चवालले स्वागत; कोषाध्यक्ष पुरुषोत्तम तमखुले कार्यक्रमको निम्ति भएको आयव्यय विवरण प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका दुवै राति सांस्कृतिक कार्यक्रम प्रस्तुत भएको थियो ।

(तस्बिरहरू सौजन्य– त:मुँज्या मूगुथि)

# मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन

आगामी माघ ७ गतेभित्र संविधान पूर्ण लागू भइसक्नु पर्ने संवैधानिक प्रावधानअनुसार देशका सात प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनको मिति निर्वाचन आयोगले तय गरेको छ । मंसिर १० र २१ गते गरी दुई चरणमा दुवै सभाको एकै पटक निर्वाचन हुने भएको छ ।

मंसिर १० गते हुने ३२ जिल्ला निम्न रहेका छन्–

| | | |
|---|---|---|
| १. ताप्लेजुङ | २. पाँचथर | ३. सङ्खुवासभा |
| ४. भोजपुर | ५. खोटाङ | ६. सोलुखुम्बु |
| ७. ओखलढुङ्गा | ८. दोलखा | ९. रामेछाप |
| १०. सिन्धुपाल्चोक | ११. रसुवा | १२. नुवाकोट |
| १३. धादिङ | १४. गोरखा | १५. लमजुङ |
| १६. मनाङ | १७. मुस्ताङ | १८. म्याग्दी |
| १९. बागलुङ | २०. डोल्पा | २१. रुकुम (पूर्वी) |
| २२. रुकुम(पश्चिम) | २३. रोल्पा | २४. जाजरकोट |
| २५. जुम्ला | २६. मुगु | २७. हुम्ला |
| २८. कालीकोट | २९. बाजुरा | ३०. बझाङ |
| ३१. दार्चुला | ३२. बैतडी | |

मंसिर २१ गते हुने ४५ जिल्ला निम्न रहेका छन्–

| | | |
|---|---|---|
| १. तेह्रथुम | २. इलाम | ३. झापा |
| ४. धनकुटा | ५. मोरङ | ६. सुनसरी |
| ७. उदयपुर | ८. सप्तरी | ९. सिरहा |
| १०. धनुषा | ११. महोत्तरी | १२. सर्लाही |
| १३. सिन्धुली | १४. काभ्रे | १५. काठमाडौं |
| १६. भक्तपुर | १७. ललितपुर | १८. रौतहट |
| १९. बारा | २०. पर्सा | २१. मकवानपुर |
| २२. चितवन | २३. तनहुँ | २४. नवलपरासी (बर्दघाट पूर्व) |
| २५. नवलपरासी (बर्दघाट पश्चिम) | | २६. कास्की |
| २७. पर्वत | २८. स्याङ्जा | २९. पाल्पा |
| ३०. रुपन्देही | ३१. गुल्मी | ३२. अर्घाखाँची |
| ३३. कपिलवस्तु | ३४. प्युठान | ३५. दाङ |
| ३६. बाँके | ३७. सल्यान | ३८. सुर्खेत |
| ३९. दैलेख | ४०. बर्दिया | ४१. कैलाली |
| ४२. अछाम | ४३. डोटी | ४४. डडेल्धुरा |
| ४५. कञ्चनपुर । | | |

**भक्तपुर** मासिकलाई
लेख रचनासँगै सम्बन्धित
तस्वीरहरू दिई सहयोग गर्नुहोस् ।
**e-mail :** bhaktapurmasik@gmail.com

# थ्रेसहोल्डविरुद्ध नेमकिपाद्वारा सर्वोच्चमा रिट

नेपाल मजदुर किसान पार्टीका सांसदहरू प्रेम सुवाल र अनुराधा थापामगरले व्यवस्थापिका–संसदबाट हालै पारित प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ ले व्यवस्था गरेको मत सीमा (थ्रेसहोल्ड) विरूद्ध भाद्र २९ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको छ। थ्रेसहोल्डको प्रावधान नेपालको संविधानविपरीत भन्दै उक्त रिट दर्ता गरिएको हो। रिट निवेदन सर्वोच्च अदालतमा ०७४ धअ ०००८ मा दर्ता भएको हो।

संसद सचिवालय, नेपाल सरकार, व्यवस्थापिका–संसद, निर्वाचन आयोगसमेतलाई विपक्षी बनाइएको उक्त रिटमा नेमकिपालगायत देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने र सार्वभौमिकताको पक्षमा आवाज उठाउने पार्टीहरूलाई संसदमा रोक लगाउन तथा बहुदलीय प्रजातन्त्रलाई निषेध गरी दुईदलीय तानाशाही ल्याउन थ्रेसहोल्डको प्रावधान ल्याइएको उल्लेख छ।

रिटमा थ्रेसहोल्डको प्रावधान नेपालको संविधानको धारा १७ बमोजिमको विचार र अभिव्यक्तिको स्वतन्त्रताको हक, धारा १८ बमोजिमको सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्थाको विपरीत हुँदा खारेज गर्नुपर्ने उल्लेख छ।

त्यस्तै मतसीमालगायतका उल्लेखित प्रावधानहरू नेपालको संविधानको धारा २६९ मा समान राजनीतिक विचारधारा, दर्शन, कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचारप्रसार गर्न र गराउन सक्ने व्यवस्था र धारा २७० बमोजिम कुनै दललाई प्रतिबन्ध लगाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय संविधान प्रतिकूल मानिने र स्वतः अमान्य हुने संवैधानिक प्रावधानविपरीत भएको रिट निवेदनमा उल्लेख छ।

रिटमा नेपालको संविधानले नै स्पष्ट रूपमा राजनीतिक दललाई कुनै आधार र कारणबाट भेदभाव गर्न नमिल्ने, समान व्यवहार गर्नुपर्ने व्यवस्था गरेको हुँदा मतसीमालगायतका प्रावधानहरू संविधानको भाग २९ को राजनीतिक दलसम्बन्धी व्यवस्थाको प्रतिकूल हुनुको साथै प्राकृतिक न्यायको सिद्धान्त र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाविपरीत हुँदा स्वतः बदर गर्न माग गरिएको छ।

त्यस्तै रिट निवेदनमा निवेदकहरूले नेपालको संविधानका धारा ८४(२) ले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनमा सुनिश्चित गरिएको पीछडिएको क्षेत्रसमेतबाट प्रतिनिधित्व हुने व्यवस्थाविपरीतको व्यवस्था बदर गर्न माग गरिएको छ।

निवेदकको तर्फबाट रिट निवेदनमा नेपालको संविधानको धारा १ बमोजिम संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने व्यवस्थाअनुसार राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५२, स्थानीय तहसम्बन्धी ऐन २०७३ को दफा २६(६), प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ६० (११) र (१२) तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ६० (९) र (१०) संवैधानिक व्यवस्थाविपरीत हुँदा स्वतः बदर गरी, राजनीतिक दल दर्ताका सम्पूर्ण प्रक्रिया पूरा गरेका दलहरूलाई स्वतः राष्ट्रिय दलको मान्यता प्रदान गर्न परमादेश जारी गरी पाउन माग दाबी गरिएको छ।

त्यस्तै माग दाबी लिइएका संविधानविपरीतका प्रावधानहरू कार्यान्वयनमा आएमा राजनीतिक दलहरूको संविधान प्रदत्त संवैधानिक हक अधिकार समाप्त हुने हुँदा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम रिट निवेदनको अन्तिम किनारा नलागेसम्म उल्लेखित प्रावधानहरू कार्यान्वयन नगर्नू⁄नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरी पाउन पनि माग गरिएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ६० (११) र (१२) मा समानुपातिक निर्वाचन प्रणालीको कूल सदर मतको तीन प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुने र प्रदेशसभा सदस्यको निर्वाचन ऐन २०७४ को दफा ६० (९) र (१०) मा समानुपातिक निर्वाचन प्रणालीको कूल सदर मतको एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुने प्रावधान छ।

त्यस्तै राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५२ मा प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक निर्वाचनमा ३ (तीन) प्रतिशत मत र प्रत्यक्षमा एक सीट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्ने, स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा २६ (६) मा राजनीतिक दलसम्बन्धी प्रचलित सङ्घीय कानुनबमोजिम राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गरेको दलको उम्मेदवारलाई मात्र सम्बन्धित दलको निर्वाचन चिह्न वितरण गर्ने, राष्ट्रिय मान्यता प्राप्त दललाई मात्र स्थानीय तहमा दलको निर्वाचन चिह्न वितरण गर्ने र यसरी वितरण गरिने चिह्न तत्काल अघि भएको प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक निर्वाचनतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा समावेश गरिने उल्लेख छ।

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित नयाँ भवन ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७४ भाद्र ९ गते, शुक्रबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रवीन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना ह्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू :

### जनप्रतिनिधिहरूको सय दिन कार्यक्रम

यस नगरपालिकामा जनप्रतिनिधिहरूले कार्यभार सम्हालेको सय दिन पुगेको अवसरमा निम्न मिति, समय र स्थानमा 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन' कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

मिति : २०७४ भाद्र १२ गते, सोमबार, दिनको १:०० बजे
स्थान : स्टार बैक्वेट, कमलविनायक, भक्तपुर

### गाईजात्रामा प्रस्तुत विधाको परिणाम

यस वर्षको गाईजात्रा पर्वको अवसरमा सापारुको दिन प्रदर्शन गरिएका घिन्ताङघिंसी र माक प्याखँ तथा साउन २६ देखि ३० गतेसम्म प्रदर्शन गरिएका विभिन्न आधुनिक तथा परम्परागत सांस्कृतिक विधाहरूको मूल्यांकन गरी पुरस्कृत गर्न गठित मूल्यांकन समितिको सिफारिसअनुसार देहाय बमोजिमका सांस्कृतिक विधाहरू पुरस्कृत भएको निर्णय अनुमोदन गरियो।

भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा पर्व २०७४ सालको उपलक्ष्यमा प्रदर्शन गरिएका साँस्कृतिक विधाहरूको परिणाम र पुरस्कार रकम (कर बाहेक)

**१ देवी प्याखँ**

प्रथम - गलसीपु:खु देवी प्याखँ - रू.३०,०००।-
द्वितीय - श्री महाकाली देवी नाच - रू.२४,०००।-

**२ भैल प्याखँ**

प्रथम- तुछिमला भैल प्याखँ - रू.३०,०००।-
द्वितीय- विश्वकर्मा भैल प्याखँ - रू.२४,०००।-

**३ माक प्याखँ**

प्रथम- यातात दाफा भजन- रू.१८,०००।-
द्वितीय- कोट देवी दाफा भजन- रू.१२,०००।-
तृतीय- राधाकृष्ण भजन- रू.८,०००।-
सान्त्वना/सहभागी- गलसीपु:खु देवीप्याखँ, सूर्यमढी, भनपा १ भार्वाचो, गणेश माक प्याखँ- रू.४,०००।-

**४ जंगली प्याखँ**

प्रथम- निभा युवा क्लब- रू.१२,०००।-
द्वितीय- चोर्चा बाँसुरी बाजा समूह- रू.९,०००।-
तृतीय- गलसी पु:खु देवीप्याख- रू.६,०००।-
सान्त्वना/सहभागी- महाकाली देवी नाच- रू.३,०००।-

**५ खिचा प्याखँ**

प्रथम- चोर्चा बाँसुरी बाजा समूह- रू.१०,०००।-
द्वितीय- विश्वकर्मा भैल प्याखँ- रू.८,०००।-
तृतीय- तुछिमला भैल प्याखँ समूह- रू.६,०००।-

**६ ख्या प्याखँ**

प्रथम- गलसी पु:खु देवी प्याखँ- रू.१०,०००।-
द्वितीय- महाकाली देवी नाच- रू.८,०००।-
तृतीय- विश्वकर्मा भैल प्याखँ- रू.६,०००।-

**७ कवांचा प्याखँ**

प्रथम- विश्वकर्मा भैल प्याख- रू.१०,०००।-
द्वितीय- निभा युवा क्लब- रू.८,०००।-
तृतीय- गलसी पु:खु देवी प्याख- रू.६,०००।-
सान्त्वना/सहभागी- तुछिमला भैल प्याखँ, महाकाली देवी नाच- रू.३,०००।-

**८ गाईचा प्याखँ**
प्रथम- आस्था सांस्कृतिक परिवार- रू.१८,०००।-
द्वितीय- पासा पुचः समूह- रू.१२,०००।-

**९ लुसी/लिख्वा पियगु**
विशेष- तलेजु गणेश लुसी प्याखँ- रू.१२,०००।-

**१० नागाचा प्याखँ**
प्रथम- निभा युवा क्लब- रू.१२,०००।-
द्वितीय- चोर्चा बाँसुरी बाजा समूह- रू.९,०००।-

**११ लाखे प्याखँ**
प्रथम- पासा पुचः समूह- रू.१२,०००।-
द्वितीय- निभा युवा क्लब- रू.९,०००।-

**१२ कलाली प्याखँ**
प्रथम- पासा पुचः समूह- रू.१२,०००।-
द्वितीय- तलेजु गणेश- रू.९,०००।-

**१३ इ्याउरी/ लाहुरे प्याखँ**
विशेष- पासा पुचः समूह

**१४ फाकंदली प्याखँ**
प्रथम- आस्था सांस्कृतिक परिवार- रू.१८,०००।-
द्वितीय- पासा पुचः समूह- रू.१२,०००।-
तृतीय- तलेजु गणेश लुसी प्याखँ- रू.८,०००।-
सान्त्वना/सहभागी- याताव दाफा भजन,
राधाकृष्ण दाफा भजन- रू.४,०००।-

**१५ म्हेखा प्याखँ**
विशेष- गलसी पुःखु देवी प्याखँ- रू.६०००।-

**१६ ख्याल प्याख**
विशेष- ने.क्रा.वि.सं.नगर समिति, स्कलर्स होम- रू.६०००।-

**१७ सिलु वानेगु**
विशेष- देगमना परिवार- रू.८०००।-

**घिन्ताङ्घिसीको परिणाम**

भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा पर्व २०७४ सालको उपलक्ष्यमा भएको घिङताङघिसी (सापारु) मूल्यांकनको परिणाम र पुरस्कार रकम (कर बाहेक) -

| क्र.सं. समूह | ठेगाना | परिणाम र रकम रू. |
| --- | --- | --- |
| १. केदार प्रजापति | बोलाछें भनपा-४ | प्रथम १५,०००।- |
| २. नारायणभक्त बनमाला | चोर्चा भनपा-७ | द्वितीय १२,०००।- |
| ३. आसबहादुर सितिखु | दाम्लाचा भनपा-६ | तृतीय १०,०००।- |
| ४. जगतबहादुर त्वायना | घट्खा भनपा-३ | सान्त्वना ५,०००।- |
| ५. ने.क्रा.वि.सं. | भनपा-१० | सान्त्वना ५,०००।- |

उत्कृष्ट कलाकार : कृष्णप्रसाद बनमाला (नारायण भक्त बनमालाको रावणसहितको रू.२,०००।- घिन्ताङ्घिसीबाट)

**कोष दाखिला हप्तामा**

यस नगरपालिका अन्तर्गत वडा नं. १ देखि १० सम्मका वडा कार्यालयहरूबाट विभिन्न सिफारिस दस्तुर समेत उठेको रकम यस नगरपालिकामा महिना महिनामा दाखिला गरी आएकोमा अब उपरान्त वडाहरूबाट उठेको रकम भक्तपुर नगरपालिकामा हप्ता हप्तामा कोषमा दाखिला गर्न लगाउने निर्णय गरियो ।

**घरदैलो नर्सिङ सेवा र गाईजात्राको परिणाम**

क. यस नगरपालिकाको प्रथम नगरसभाबाट पारित कार्यक्रम अनुसार घरदैलो नर्सिङ कार्यक्रम पहिलो चरणको लागि वडा नं. ३, ४ र ६ मा संचालन गर्ने निर्णय गरियो ।

ख. आउँदो भाद्र १२ गते आयोजना गरिने 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन' कार्यक्रममा गाईजात्रामा प्रस्तुत गरिएका सांस्कृतिक विधाहरूको परिणाम तथा घरदैलो नर्सिङ संचालनको घोषणा गर्ने निर्णय गरियो ।

**वाकीटाकी खरिद गर्ने**

यस नगरपालिका अन्तर्गत पर्यटक काउण्टरमा कार्यरत कर्मचारीहरूबीच समन्वय गर्न तथा पर्यटकहरूबारे सूचना प्रवाह गर्ने उद्देश्यले वाकीटाकी खरिद गर्ने प्रक्रियालाई अगाडि बढाउने निर्णय गरियो ।

**इन्टर्नसीप**

भक्तपुर नगरपालिका क्षेत्रको कला र सम्पदाको अनुसन्धान गर्ने ध्येयले ख्वप इन्जिनियरिङ कलेजमा आर्किटेक्चर विषयमा नवौं सेमेष्टरमा अध्ययनरत निम्न विद्यार्थीहरूलाई नगरपालिकामा इन्टर्नसीप गराउने निर्णय गरियो :

तपसिल

१) विकल दुमरु २) राजिव सुवाल जरेजु
३) इन्सिया श्रेष्ठ ४) मनिका बासुकला ५) अमन लाखाजु

**सफाइ मजदुरको व्यवस्थापन**

यस नगरपालिकाका वडाहरूमा सरसफाइका गतिविधिलाई थप प्रभावकारी बनाउने उद्देश्यले सफाइ मजदुरहरूको आन्तरिक व्यवस्थापन गर्ने निर्णय गरियो । व्यवस्थापन गरिएका सफाइ मजदुरहरूको परिवर्तित कार्य क्षेत्र र विवरण यसै माइन्यूटमा टाँसिएको छ ।

**आर्थिक सहयोग**

गुँलां ङकधलँ व्यवस्थापन समिति, सा कोलांन नौबाजा खरिदका लागि मिति २०७४ साउन २ गते यस नगरपालिकामा दर्ता गरेको पत्रमाथि छलफल हुँदा परम्परागत सांस्कृतिक विधाको संरक्षण र सम्वर्द्धन गर्ने हेतुले उक्त समितिलाई रु.५०,०००। (पचास हजार रूपैया) मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

### ब्रसर छपाइ

यस नगरपालिकाको प्रेस हाल बिग्रिएको हुँदा पर्यटकहरूलाई वितरण गरिने ६ वटा भाषाको ब्रसरहरू छपाइका लागि बाहिरको प्रेसलाई जिम्मा दिने निर्णय गरियो ।

### काजमा खटाइएका कर्मचारी

मिति २०७४।३।५ मा नेपाल राजपत्रमा प्रकाशित स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश २०७४ बमोजिम यस नगरपालिकामा विभिन्न सरकारी कार्यालयबाट काजमा खटाइएका कर्मचारीहरूमध्ये नगरपालिका क्षेत्रभित्र कार्यालय रहेका देहायका कार्यालयहरूका कर्मचारीहरूको हकमा तलव भत्ता यस न.पा.बाट खाने गरी काजमा खटाई पठाइएका कर्मचारीहरूको सम्बन्धित कार्यालयबाट हाजिर रेकर्ड र कार्य प्रगति विवरण लिई नियमानुसार तलव भत्ता ख्वाउने र विद्यालयहरूको हकमा जिल्ला शिक्षा कार्यालयको प्रतिवेदनको आधारमा तलव भत्ताको लागि निकासा पठाउने निर्णय गरियो ।

तपसिल

१. जिल्ला शिक्षा कार्यालय, भक्तपुर
२. जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर ।
३. जिल्ला पशु सेवा कार्यालय, भक्तपुर ।
४. जिल्ला कृषि विकास कार्यालय, भक्तपुर ।
५. जिल्ला आर्युवेदिक स्वास्थ्य केन्द्र, भक्तपुर ।
६. महिला तथा बाल विकास कार्यालय, भक्तपुर
७. जिल्ला वन कार्यालय, भक्तपुर
८. घरेलु तथा साना उद्योग कार्यालय, भक्तपुर ।

## मिति २०७४ भाद्र २२ गते, विहीबार

## निर्णयहरू :-

### "भक्तपुर नपामा सय दिन"

जनप्रतिनिधिहरू भक्तपुर नगरपालिकामा बहाल भएको १०० दिनको अवसरमा मिति २०७४ भाद्र १२ गते, दिनको १:०० बजे स्टार बैंक्वेट कमलविनायकमा आयोजित 'भक्तपुर नगरपालिकामा सय दिन' कार्यक्रमको समिक्षा गरियो । साथै नगरपालिकाले गरेका कामहरूबारे जनतालाई जानकारी दिन वडा वडामा पनि कार्यक्रम राख्ने निर्णय भयो ।

**अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।**

### सीपमूलक तालिम प्रशिक्षक र पारिश्रमिक सम्बन्धमा

मिति २०७४।५।१५ गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निर्णयानुसार देहायअनुसारका तालिमको देहायअनुसार प्रशिक्षकहरूलाई तालिम अवधिको लागि आंशिक करार सेवामा तपसिल बमोजिम पारिश्रमिक पाउने गरी सम्झौता गरी कार्य गराउने निर्णय गरियो :

तपसिल

| क्र.सं. | तालिमकको नाम | अवधि | प्रशिक्षकको नाम | मासिक पारिश्रमिक |
|---|---|---|---|---|
| १ | चाइनिज भाषा | ४ महिना | राजेन्द्र चवाल | रु.१८,०००।- |
| २ | हेयर कटिङ्ग | ४ महिना | लक्ष्मी नापित | रु.१७,०००।- |
| ३ | ब्युटिसियन | ४ महिना | निशा कुमारी श्रेष्ठ | रु.१७,०००।- |
| ४ | एडभान्स सिलाई | ३ महिना | बद्रीलक्ष्मी कवां | रु.१३,०००।- |
| ५ | एडभान्स सिलाई | ३ महिना | कृष्णमाया कवां | रु.१३,०००।- |
| ६ | आधारभूत सिलाई | ४ महिना | धर्मलक्ष्मी लघु | रु.१२,०००।- |
| ७ | आधारभूत सिलाई | ४ महिना | रञ्जना सुवाल | रु.१२,०००।- |
| ८ | आधारभूत सिलाई | ४ महिना | कमला शाक्य | रु.१२,०००।- |
| ९ | आधारभूत सिलाई | ४ महिना | तुल्सीमाया धुख्वा | रु.१२,०००।- |
| १० | पाक शिक्षा | ३ महिना | श्रीराम विरबल | रु.१३,०००।- |
| ११ | पाक शिक्षा | ३ महिना | सविन त्वानाबासु | रु.१०,०००।- |
| १२ | बुटिक (फेसन डिजाइन) | ४ महिना | सविना कवां | रु.१८,०००।- |

### सामान खरिद

सभा कक्ष र बोर्ड बैठक कक्षको लागि आवश्यक सामानबारे छलफल हुँदा देहायअनुसार सामानहरू खरिद गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विवरण | परिणाम |
|---|---|---|
| १ | मेच | १५० वटा |
| २. | माइक | १२ वटा |
| ३ | आयम | २ वटा |
| ४ | स्पीकर | ५ वटा |
| ५ | वायरलेस माइक | २ वटा |
| ६ | टेबुल माइक | १ वटा |
| ७ | पोडियम | १ वटा |
| ८ | प्रोजेक्टर | १ वटा |
| ९ | अटोमेटिक पर्दा | १ सेट |

### ल.ई.स्वीकृत

ल.ई. सम्बन्धमा छलफल हुँदा आ.व. २०७४।०७५ मा नपा/वडास्तरीय योजनाहरूको निर्माण समितिबाट सिफारिस भएका देहायका योजनाहरूको ल.ई. स्वीकृत गर्ने निर्णय गरियो:

| सि.नं. | योजनाको नाम | वडा नं. | ल.ई. रकम रू. | कैफियत |
|---|---|---|---|---|
| क | **वडा स्तरीय योजनाहरू** | | | |
| १ | भार्वाचो महालक्ष्मी पाटीदेखि बसपार्कसम्मको बाटो | १ | ४१८,२६११५६ | |
| २ | भार्वाचो बसपार्कदेखि भक्तपुर क्याम्पससम्मको बाटो | १ | ३५५,४०३।८३ | |
| ३ | भार्वाचो गणेश मन्दिरदेखि मोटर पार्कसम्मको बाटो | १ | ६००,१६६।७१ | १,३७३,८३१।७० |
| ४ | कुस्के चोकको इनार उत्खनन | २ | १००,२८२।६० | |
| ५ | इताछें (रबिन्द्र सरको घर अगाडि) बाटोमा ईंटा छपाइ | २ | १३८,५८३।४१ | |
| ६ | शहीद स्मृति खेल मैदान सँगैको चौतारी निर्माण कार्य | २ | ६६९,८१०।४९ | |
| ७ | डोक्छे बाटो ढल सुधार तथा ईंटा छपाइ | २ | १,३८७,८५६।२२ | |
| ८ | नित्यनाथ मन्दिर पुन: निर्माण | ३ | १,८९४,४७८।०४ | ४,१९१,०१०।७६ |
| ९ | बाराही पुलको पर्खाल (त:मो) मर्मत कार्य | ३ | ११३,७१७।६९ | |
| १० | बाराही उकालोको पर्खाल मर्मत कार्य | ३ | ७७,३८२।७६ | |
| ११ | बाराही पीठ इही जज्ञ गर्ने स्थानमा ढुङ्गा छपाइ गर्ने कार्य | ३ | ८०४,२९४।६१ | |
| १२ | मलाचा गल्लीमा पुन: ईंटा छपाइ कार्य | ३ | १,०३३,७३०।६७ | |
| १३ | देगमना चोकमा ढुङ्गा छपाइ गर्ने कार्य | ३ | ७८९,०९६।९९ | |
| १४ | लाछिचा चोकमा ढल निकास निर्माण कार्य | ३ | ९९,०२०।३३ | ४,८११,७२१।०९ |
| १५ | माकचो गणेश छाना मर्मत | ४ | १०१,६३०।५९ | |
| १६ | ताहामल्ला बाटो ईंटा छपाइ | ४ | ९२८,२११।४५ | |
| १७ | जालाचा बाटो ढुङ्गा छपाइ | ४ | ७६१,४७५।२८ | |
| १८ | दुमलाचा बाटो ईंटा छपाइ | ४ | १७८,१०२।०० | |
| १९ | वाइमल्ला बाटो | ४ | ७४७,८४८।१६ | |
| २० | भुलाँचा बाटो | ४ | ६६०,७८६।५० | |
| २१ | साविक १२ वडा कार्यालय भवनमा छाना मर्मत | ४ | ३०९,०३५।२१ | |
| २२ | साविक १४ वडा कार्यालय भवनमा छाना मर्मत | ४ | ६२४,१३८।४४ | |
| २३ | दुमलाचा चोकमा ईंटा छपाइ | ४ | ५४१,९७६।१६ | ४,८५३,२०३।७९ |
| २४ | इखुमल्ला बाटो ढुङ्गा छपाइ | ५ | ५५५,०४०।०१ | |
| २५ | लैको चलाखु बाटो ईंटा छपाइ | ५ | ९९९,६९१।०८ | |
| २६ | सुकुल्ढोका तुलाछे बाटो ईंटा छपाइ | ५ | ९६८,०१९।४० | २,५२२,७५०।४९ |
| २७ | ६ नं वडा कार्यालय भवन रंगरोगन, शिशुस्याहार स्टोर कोठा र कौसीमा ट्रस बनाउने कार्य | ६ | ७१४,७४४।१२ | ७१४,७४४।१२ |
| २८ | बालकुमारी गल्ली (सिद्धिगणेश साकोस अगाडि) ढल ब्यवस्थापन कार्य | ७ | २९,४९६।७४ | |
| २९ | खँचा पोखरी सफाइ कार्य | ७ | १४८,०५१।७२ | |
| ३० | वाँचुटोल गल्लीमा ईंटा छपाइ कार्य | ७ | १३६,३०४।०१ | ३१३,८५२।४७ |
| ३१ | मचा भैरवको उत्तरतर्फको पाटी पुन: निर्माण गर्ने कार्य | ८ | २,८०७,९३९।९० | |
| ३२ | ब्रम्हायणी बसपार्कको दक्षिण पश्चिम लिवाली प्लानिङ्गको बाटो ग्राभेलिङ्ग कार्य | ८ | २८९,९२९।७५ | |
| ३३ | मचो भैरव उकालो ढुङ्गा छपाइ | ८ | ६२६,४१६।५० | |
| ३४ | लिवाली ख्वप ई.कलेज जाने बाटो छेउको पाटी सुधार गरी ईंटा वा ब्लक छाप्नुपर्ने | ८ | ५००,७०७।१० | |
| ३५ | लिवाली खोला छेउको बाटो (करिडोर) ग्राभेलिङ्ग कार्य | ८ | ८६१,०३४।०२ | ५,०८६,०२७।२७ |
| ३६ | वाकुपति नारायण भित्रको दक्षिण मोहडाको पाटी पुन: निर्माण कार्य | ९ | २,१८१,७४१।०२ | |
| ३७ | ताका गल्ली र शिवननी चोकमा ईंटा छपाइ | ९ | ३६८,६८६।२४ | २,५५०,४२७।२६ |

| ख | नगर स्तरीय योजनाहरू | | | |
|---|---|---|---|---|
| १ | १ वडामा खानेपानी व्यवस्थाको लागि तल्ला थप गर्ने | १ | ४०५,८५५।७३ | खानेपानी व्यवस्थापन रू. २०,००,००० मध्ये रू. ४,०५,८५५।७३ |
| २ | टौमढी स्थित भैरवनाथ मन्दिर मर्मत कार्य | ५ | १२,७५०,४१६।८४ | न.पा बजेट |
| ३ | पर्यटन सूचना केन्द्रमा शौचालय निर्माण | ९ | ५,८६७,०२०।२८ | न.पा बजेट (पर्यटन शौचालयको रू. ९०,००,००० मध्ये रू. ५८,६७,०२०।२८ |
| ४ | नगरपालिका कार्यालयमा रंगरोगन तथा भवन अगाडि बाँकी भागमा **Inter Locking Block** छाप्ने कार्य | २ | २,१३५,८००।०० | न.पा बजेट |
| | | | | २१,१५९,०९२।८५ |

## म्याद थप

म्याद थप गर्ने सम्बन्धमा छलफल हुँदा देहायअनुसारका योजनाहरूको म्याद थप गर्ने निर्णय गरियो–

| सि.नं. | योजना | वडा नं. | सम्पन्न गर्नु पर्ने | म्याद थपको माग | कैफियत |
|---|---|---|---|---|---|
| १ | पुरानो नापी शाखाबाट दागाचाजाने बाटोमा ईंटा छपाइ गर्ने कार्य | ७ | २०७४ असार मसान्त | २०७४ कार्तिक मसान्त | |
| २ | भाजु पोखरी पश्चिम डिलको खण्ड ईंटा छपाइ गर्ने कार्य | १ | २०७४ असार मसान्त | २०७४ भाद्र मसान्त | सम्पन्न भइसकेको |
| ३ | वडा नं. ६ क्षेत्रमा सोलार सडक बत्ती जडान गर्ने कार्य | ६ | २०७४ असार मसान्त | २०७४ आश्विन मसान्त | |
| ४ | भद्रकाली क्षेत्र तथा कुमारी क्षेत्रमा सोलार सडक बत्ती जडान गर्ने कार्य | ५ | २०७४ असार १६ गते | २०७४ कार्तिक २ गते | |
| ५ | क्वाथण्डौ महालक्ष्मी तथा नाग पोखरी क्षेत्रमा सोलार सडक बत्ती जडान गर्ने कार्य | १० | २०७४ असार मसान्त | २०७४ भाद्र मसान्त | |

## पेश्की फछ्र्यौट

पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा देहायअनुसारका योजनाहरूको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो :

| सि.नं. | योजना | वडा नं. | ल.ई. | मुल्यांकन | खुद खर्च | पेश्की | भुत्तानी दिनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महेश्वरी ग्यारेज भित्रको वर्षाको पानी व्यवस्थापन कार्य | ७ | ५२,९१४।३० | ५२,४८३।१२ | ५०,३०९।४६ | ० | ५०,३०९।४६ | ५०,३०९।४६ |
| २ | खँचा पोखरी सफाइ कार्य | ७ | १४८,०५१।७२ | १४८,०५१।७२ | ११८,११०।०० | ० | ११८,११०।०० | ११८,११०।०० |
| ३ | भाजु पोखरी पश्चिम डिलको खण्ड ईंटा छपाइ गर्ने कार्य | १ | ६०७,९९४।८६ | ७७१,८२५।३९ | ५६०,६१२।०० | ३००,०००।०० | २६०,६१२।०० | २६०,६१२।०० |

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित



एम्बुलेन्स
र
शव वाहन
को लागि
सम्पर्क फोन : ६६१३ २००

## रकमान्तर र पेश्की फछ्र्योट

रकमान्तर र रकमान्तर गरी पेश्की फछ्र्योट सम्बन्धमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो–

| सि.नं. | योजना | वडा नं. | ल.ई. | मूल्यांकन | खूद खर्च | पेश्की | रकमान्तर गर्नु पर्ने | भुक्तानी दिनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हनुमन्ते खोला सुधार | नगर स्तरीय | १०,६२१,६८५।८१ | | | | | | |
| | | | | २,८०३,६८२।१३ | २,७६६,०४७।९० | २,७६६,०४७।९० | | | पहिलो बिल |
| | | | | ६,७६८,५०५।७३ | ६,७१७,८५०।०० | | | | दोश्रो बिल |
| | देको मिवा इतापाके जग्गा एकीकरण आयोजनामा माटो बिक्रीबाट आम्दानी | | | ३,६८५,२००।०० | | | | | |
| | | | | **१३,२५७,३८७।८६** | **९,४८३,८९७।९०** | **२,७६६,०४७।९०** | | **६,७१७,८५०।००** | **सम्पन्न** |
| | देको मिवा इतापाके जग्गा एकीकरण आयोजनामा माटो बिक्रीवाट आम्दानी | | ६,१४२।०० | ६०० | | | | ३,६८५,२००।०० | |
| | क्रमागत योजनामा छुट्याएको | | | | | | | २,०००,०००।०० | |
| | रकमान्तर | | | | | | १,०३२,६५०।०० | | हनुमन्ते खोला एवं घात सुधार रू.४२,४१,२७५।०० मध्ये रू.१०,३२,६५०।०० |
| | | | | | | | **१,०३२,६५०।००** | **६,७१७,८५०।००** | |
| २ | नपली पुलको बार (रेलिङ्ग) मर्मत गर्नुका साथै पुल सुरक्षित गर्न जगको वरिपरि ग्यावियन वाल निर्माण कार्य | १ | ५३८,८०१।१६ | ५३३,११४।८९ | ५२१,९९७।४९ | ३९९,७२१।५८ | १२२,२७५।९१ | १२२,२७५।९१ | **सम्पन्न** |
| ३ | इचाडोल स्थित सार्वजनिक शौचालय मर्मत कार्य | १ | ५८३,२०३।०३ | | ५०८,३७२।५० | ५००,०००।०० | ८,३७२।५० | ८,३७२।५० | मूल्यांकन बाँकी |
| | **जम्मा** | | | | | | **१३०,६४८।४१** | **१३०,६४८।४१** | रकमान्तर गरी वडा नं. ५ बजेटबाट भुक्तानी दिने |
| ४ | वडा नं ४ वडा भवन कार्यालय भित्र पार्टिशन तथा रंगरोगन कार्य | ४ | २५६,०११।३३ | २४८,१५९।०६ | २२१,०८२।८३ | | ८,९९९।३९ | ८,९९९।३९ | **सम्पन्न** रू.२,१२,०८३।४४ बजेटमा भएको) |
| ५ | गपली ढुङ्गेधारा निकास मर्मत कार्य | ४ | ९८३,३१९।६३ | | | १४५,०००।०० | ८३८,३१९।६३ | | **चालु** |
| ६ | चपालदेखि लैकोसम्म बाटो ढुङ्गा छपाइ कार्य | ४ | २३४,८२८।७० | २२५,३८७।२७ | १९०,२८५।७० | १००,०००।०० | ९०,२८५।७० | ९०,२८५।७० | **सम्पन्न** |
| | **जम्मा** | | | | | | **९३७,६०४।७२** | **९९,२८५।०९** | रकमान्तर गरी वडा नं. ५ बजेटबाट भुक्तानी दिने |
| ७ | टिबुक्छे धुमबती देवतादेखि चण्डेश्वरी मन्दिर जाने बाटो चिजेलिङ्ग/मर्मत सुधार कार्य | ५ | १,१२४,१५७।५८ | | ६३९,२७६।०० | ४५०,०००।०० | ६७४,१५७।५८ | | **चालु** |
| ८ | भद्रकाली पछाडिको बाटो मर्मत कार्य | ५ | १,४६७,९६९।०० | | ५४३,६६३।०० | २७५,०००।०० | १,१९२,९६९।०० | | **चालु** |
| ९ | ५ नं वडा कार्यालयमा रंगरोगन कार्य | ५ | १५६,७६८।७२ | ११६,९६७।०० | ११६,९६७।०० | | ५२,८०७।३१ | ५२,८०७।३१ | **सम्पन्न** (रू. ६४,१५९।६९ बजेटमा भएको) |
| | | | ६४,१५९।६९ | | | | | | |
| | **जम्मा** | | | | | | **१,९१९,९३३।८९** | **५२,८०७।३१** | रकमान्तर गरी वडा नं. ५ बजेटबाट भुक्तानी दिने |

**भत्ता**

गाईजात्रा मूल्यांकन समिति तथा टोलीका पदाधिकारीहरूलाई प्रति बैठक रु.१,०००।- र गाईजात्राको मूल्यांकन अवधिभर सोही अनुसार दैनिक भत्ता दिने निर्णय गरियो।

**सामान खरिद**

क) भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने प्रेसको सामान खरिद गर्न मिति २०७४।४।१६ गते 'मजदुर' दैनिक पत्रिकामा प्रकाशित विज्ञापन अनुसार पर्न आएका ३ (तीन) वटा सिलवन्दी दरभाउ पत्रहरू मिति २०७४।५।१५ गते भक्तपुर न.पा. सभा कक्षमा दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली मिति २०७४।५।१९ गते बसेको बोलपत्र मूल्यांकन समितिको बैठकमा छलफल हुँदा ३ (तीन) वटा सिलबन्दी दरभाउ पत्रहरूमा पशुपति स्टेशनरी एण्ड जनरल प्रिन्ट सप्लायर्सको भ्याटसहित रु.२२,२६,३८२।५० अक्षरूपी बाईस लाख छबिस हजार तीन सय बयासी र पैसा पचास, लुम्बिनी बुद्ध प्रिन्टर्सको भ्याटसहित रु.२२,५३,८९८।- अक्षरूपी बाईसलाख त्रिपन्न हजार आठ सय अन्ठानब्बे र ग्लोबल ट्रेड ईन्टरप्राईजेजको भ्याटसहित रु.२०,८७,७८८।- अक्षरूपी बीस लाख सतासी हजार सात सय अठासी मात्र भएको हुँदा नियमानुसार सबभन्दा कम दररेट उल्लेख गर्ने ग्लोबल ट्रेड ईन्टरप्राईजेज्को भ्याटसहित रु.२०,८७,७८८।- अक्षरूपी बीस लाख सतासी हजार सात सय अठासीको सिलबन्दी दरभाउ पत्र स्वीकृत गरी खरिद गर्न सिफारिस भई आएकोले उक्त सिलबन्दी दरभाउपत्र स्वीकृत गरी खरिद गर्ने निर्णय गरियो।

ख. भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने सवारी साधनको सामान खरिद गर्न मिति २०७४।४।१६ गते 'मजदुर' दैनिक पत्रिकामा प्रकाशित विज्ञापनअनुसार पर्न आएका ४ (चार) वटा सिलवन्दी बोलपत्रहरू मिति २०७४।५।१५ गते भक्तपुर न.पा. सभा कक्षमा दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा मिति २०७४।५।१९ गते बसेको बोलपत्र मूल्यांकन समितिको बैठकमा छलफल हुँदा ४ (चार) वटा सिलबन्दी बोलपत्रहरूमा पशुपति स्टेशनरी एण्ड जनरल प्रिन्ट सप्लायर्सको भ्याटसहित रु.२५,६८,४९०।- अक्षरूपी पचिस लाख अठसाठी हजार चार सय नब्बे, ईन्द्रेणी ट्रेड लिंकको भ्याटसहित रु.२४,०१,१३७।- अक्षरूपी चौबिस लाख एक हजार एक सय सैतिस, के.पी. हिमाल ईन्टरप्राईजेज्को रु.२४,५०,३४८।५० अक्षरूपी चौबिस लाख पचास हजार तीन सय अठचालिस र पैसा पचास र क्लीन गुड्स ईन्टरप्राईजेज्को भ्याटसहित रु.१९,२२,१३०।- अक्षरूपी उनाईस लाख बाईस हजार एक सय तीसमात्र भएको हुँदा नियमानुसार सबभन्दा कम दररेट उल्लेख गर्ने क्लीन गुड्स ईन्टरप्राईजेज्को भ्याटसहित रु.१९,२२,१३०।- अक्षरूपी उनाईस लाख बाईस हजार एक सय तीसको सिलबन्दी बोलपत्र स्वीकृत गरी खरिद गर्न सिफारिस भई आएकोले उक्त सिलबन्दी दरभाउपत्र स्वीकृत गरी खरिद गर्ने निर्णय गरियो।

**विविध**

विविध विषयमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

क. निम्न व्यक्तिहरूको राजस्व तिरेको रकम फिर्ता गर्ने निर्णय गरियो :

१. योगेन्द्र बहादुर खर्बुजा - रु.५०१३।-
२. कृष्णाश्वरी खर्बुजा - रु.५३५४।-
३. बेलभक्त कोजु- रु.७३५।-

ख. भक्तपुर नगरपालिकाको गाईजात्रा मूल्यांकन समितिको लागि २०७४ श्रावण २६ देखि ३० गतेसम्म र भाद्र २६ गतेदेखि ३० गतेसम्म १० दिन साउण्ड सिष्टम र लाइट व्यवस्था गरेको भुक्तानी रु. १,१३,०००।- अक्षेरूपी रु.एक लाख तेह्र हजार दिने निर्णय गरियो।

ग. मिति २०७४।५।१८ गते विन्नि तालिमका लागि निवेदन परेका व्यक्तिहरूलाई लिइएको अन्तर्वार्तामा सफल उम्मेदवारहरूलाई मिति २०७४।६।१ गते ख्वप इन्जिनियरिङ कलेजमा उद्घाटन कार्यक्रम पश्चात् निर्धारित स्थान र समयमा संचालन गर्ने।

घ. २०७४।५।२३ गते शुक्रबार दिनको ३:०० बजे भक्तपुर न.पा. सभा कक्षमा अन्तर्राष्ट्रिय शिक्षा तथा साक्षरता दिवसको उपलक्ष्यमा भक्तपुर नगरपालिका क्षेत्रका महिलाहरूको शैक्षिक विकासबारे महिला जनप्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम गर्ने।

ङ. शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका मिति २०७४ भाद्र २१ गते बसेको बैठकको निर्णयानुसार यस वर्षको गाईजात्रा पर्वमा प्रस्तुत गरिएका साँस्कृतिक विधाहरूमध्ये मूल्यांकन समितिबाट प्रथम, द्वितीय, तृतीय एवं सान्त्वना हुन सफल विधाहरूलाई पुरस्कार वितरण मिति २०७४ असोज ७ गते शनिबार दिनको २:०० बजे दरवार स्क्वायरमा गर्ने निर्णय अनुमोदन गरियो।

## मिति २०७४ असोज २ गते, सोमबार

## निर्णयहरू :-

**गाईजात्रा पर्वको पुरस्कार**

यस नगरपालिकाको आयोजनामा २०७४ असोज ७ गते हुने यस वर्षको गाईजात्रा पर्वको समयमा प्रदर्शन गरिएका

साँस्कृतिक विधाहरूको पुरस्कार वितरण समारोह गर्ने निर्णय गरियो ।

**सम्मान गर्ने**

पुरस्कार वितरण कार्यक्रममा भक्तपुर नगरको ऐतिहासिक एवं साँस्कृतिक महत्त्व झल्कने गरी 'यो नगर भक्तपुर, नेपालीको धरोहर.....' का सर्जक नारायण कुमार आचार्यलाई नगद रु.२०,०००।– (अक्षरेपी बीस हजार रूपैयाँ सहित) ताम्रपत्रले सम्मान गर्ने निर्णय गरियो ।

**मन्दिरहरूमा घाँस उखेल्ने र झलर राख्ने**

भक्तपुर नगरपालिका क्षेत्रमा रहेका मन्दिर तथा द्योछेंहरूमा घाँस उखेल्ने र झलर राख्न प्रत्येक वडा समितिलाई पेश्की स्वरूप. रु.५०,०००।– (अक्षरेपी पचास हजार रूपैया) प्रदान गर्ने निर्णय गरियो ।

**दशैं खर्च**

दशैंमा नगरपालिका कार्यालयका चालक र सहायक चालकहरूलाई दशैं खर्च वापत रु.१,००,०००।– (अक्षरेपी एक लाख रूपैया) श्यानिटेशन उपशाखा प्रमुख दिलिप कुमार सुवाल मार्फत प्रदान गर्ने निर्णय गरियो ।

**साफुकोठा संरक्षण**

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित साफुकोठा संरक्षण गर्न सम्बन्धित जग्गाका जग्गा धनीहरूसँग छलफल गरी उचित निर्णय गर्न निर्माण समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**ख्वप एफ.एम. र टेलिभिजन**

यस नगरपालिकाले ख्वप एफ.एम. तथा ख्वप टेलिभिजन सञ्चालन गर्ने विषयमा प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**सामाजिक सुरक्षा भत्ताको लागि नपाको रकम**

नेपाल सरकारले दिंदै आएको सामाजिक सुरक्षा भत्ता यो वर्ष दशैं अगाडि वितरण गर्न बैंकमार्फत रकम निकासा नगरिएको अवस्थामा पछि शोधभर्ना गर्ने गरी हाललाई यस नगरपालिकाकै कोषबाट रु.३ करोड ९५ लाख ९६ हजार ८ सय रूपैया रकम निकासा गरी दशैं अघि नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो । हालको विशेष अवस्थामा वडा–वडामा सामाजिक सुरक्षा भत्ता प्रभावकारी रूपमा वितरण गर्न वडा अध्यक्षहरूमार्फत वडा कार्यालयबाट रकम वितरण गर्ने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा विभिन्न समितिको निर्णयहरू देहायअनुसार अनुमोदन गर्ने निर्णय गरियो :

१. मिति २०७४।५।२३ गते बसेको **वातावरण तथा पर्यटन समिति**को निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियोः

क. यस समितिको अगुवाईमा हरेक १५ दिनमा नियमित रूपमा गर्दै आएकोमा यही असोज ३ गते महाकाली मन्दिर परिसरमा सरसफाइ गर्ने निर्णय गरियो ।

ख. ३८ औं विश्व पर्यटन दिवसको अवसरमा विगतका वर्षहरूमा झैं यस वर्ष पनि नगरपालिकाको तर्फबाट कार्यक्रम गर्ने विषयमा पर्यटनसँग सम्बन्धित सरोकारवाला संस्थाहरूसँग छलफल गर्न पर्यटक सेवा केन्द्रलाई जिम्मेवारी दिने निर्णय गरियो ।

ग. साँस्कृतिक चाड दशैं नजिकिँदै गरेको अवस्थामा नगरका टोल–टोलमा रहेको मन्दिर, द्योछें तथा पाटीहरूका छानामा घाँस उखेल्ने तथा झलर राख्ने कार्यका लागि श्यानिटेशन उपशाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

२. मिति २०७४।६।२ गते बसेको **वातावरण तथा पर्यटन समिति**को निम्न निर्णयहरू अनुमोदन गर्नेनिर्णय गरियोः

१. पाक्षिक सरसफाइ कार्यक्रम अन्तर्गत मिति २०७४।६।३ गते महाकाली पीठमा हुने सरसफाइ कार्यक्रमको तयारीबारे छलफल गरियो ।

२. ३८ औं विश्व पर्यटन दिवसको अवसरमा असोज ६ गतेदेखि निम्न गतिविधिहरू गर्ने निर्णय गरियो :

क. असोज ६ गते विहान १०:०० बजे भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा भण्डारखाल पोखरीमा सरसफाइ गर्ने र सोही दिन आ–आफ्नो क्षेत्रका सम्पदाहरू सफा गर्न नगर क्षेत्रका स्कूल र कलेजलाई पत्राचार गर्ने निर्णय गरियो ।

ख. असोज ९ गते विश्व पर्यटन दिवसको यो वर्षको नारा अंकित ब्यानर विभिन्न ठाउंमा राख्ने ।

ग. असोज ११ गते पर्यटन दिवसको दिन भक्तपुर नगरपालिकाले नगर क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरूको पहिलो टोलीलाई खौमा काउण्टरबाट साँस्कृतिक बाजाबाट स्वागत गर्ने निर्णय भयो ।

घ. सरसफाइको लागि आवश्यक सामग्री खरिद गर्न जिन्सी उपशाखालाई जिम्मा दिने निर्णय गरियो ।

३. मिति २०७४।६।१ गते बसेको **शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**को निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. पुरस्कार वितरण समारोहमा निम्न साँस्कृतिक विधाहरूलाई देहाय बमोजिमको रकम विशेष पुरस्कार प्रदान गर्ने निर्णय गरियो :

तपसिल

| क.सं. | विधा | पुरस्कार रकम रू. |
|---|---|---|
| १ | लुसी प्याखँ/लिख्वा प्याखँ | १२,०००।- |
| २ | झ्याउरे/लाहुरे प्याखँ | ८,०००।- |
| ३ | ख्याल/नाटक | ६,०००।- |
| ४ | सिलु प्याखँ | ८,०००।- |
| ५ | म्हेखा प्याखँ | ६,०००।- |

ख. पुरस्कार वितरण कार्यक्रममा विजयीहरूलाई नगद पुरस्कारको व्यवस्था गर्न भ.न.पा. ३ वडा कार्यालयका सचिव विश्वराम सिबन्जारमार्फत पेश्की रकम माग गर्न लगाउने निर्णय गरियो ।

ग. आउँदो असोज ७ गते हुने पुरस्कार वितरण समारोहमा 'यो नगर भक्तपुर नेपालीको धरोहर....' गीतका सर्जक नारायण कुमार आचार्यलाई सम्मान गर्ने निर्णय गरियो ।

घ. दशैं चाडको समयमा ब्रम्हायणी मन्दिर पीठ र त्यस वरपर बत्तीको व्यवस्था तथा सवारी व्यवस्थापनका लागि प्रत्येक वर्ष जिम्मा दिंदै आएको प्रगति पुस्तकालयले मिति २०७४ भाद्र १८ गते नगरपालिकामा पेश गरेको निवेदन अनुसार नगरपालिकाले सामग्री उपलब्ध गराउने निर्णय गरियो । साथै स्टार वाचनालयको निवेदन अनुसार २०७४ सालको दशैंमा महेश्वरी पीठमा हुने मेला व्यवस्थापनको लागि माग अनुसारको सामान उपलब्ध गराउने ।

४. मिति २०७४।४।४ गते बसेको **समाज कल्याण तथा बालबालिका समिति**को निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. हाल संचालित साविक ७ वडा आदर्श टोलस्थित शिशु स्याहार केन्द्रलाई हालको ७ वडा कार्यालयस्थित भवनमा स्थानान्तरण तथा आवश्यक पूर्वाधार तयारी ७ वडा कार्यालयमार्फत गराउने निर्णय गरियो ।

ख. शिशु स्याहार केन्द्र भवन मर्मत तथा सुधार, कोठा रंगरोगन, ग्राउण्ड मर्मत तथा सुधार सम्बन्धित वडा ६ कार्यालयमार्फत गर्न गराउन योजना शाखालाई जिम्मा दिने निर्णय गरियो ।

५. मिति २०७४।४।२९ गते बसेको **समाज कल्याण तथा बालबालिका समिति**को निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ६ वडा शिशु स्याहार केन्द्र सञ्चालनको लागि आवश्यक सामानहरू खरिद गर्ने निर्णय गरियो ।

## कर लिने

भक्तपुर नगरपालिका वडा नं. ७ महेश्वरीस्थित खेल मैदानमा रांगो बिक्री गर्ने स्थानमा कर असुली प्रभावकारी रूपमा गर्नको लागि रांगो लिएर आउने गाडीसँग प्रति गाडी रु.५००।- (अक्षरेपी पाँच सय रूपैयाँ) कर उठाउने निर्णय गरियो ।

## अनुमति दिने

निवेदक रोजिना सांयजु (भोयद्य) समेत ४ जनाले भक्तपुर न.पा. १ साविक १७(घ) स्थित कित्ता नं. ८१३, ८१०, ७९६, २५०, ७८८, ७९४ र ७८३ को क्रमश क्षेत्रफल ०-५-२-०, ०-०-३-०, ०-१५-२-३, ०-१०-०-०, ०-७-२-१, १-४-१-२ र ०-४-१-३ गरी जम्मा ४-०-१-१ भएको जग्गामा योजना विकास अनुमतिको लागि माग भएको सम्बन्धमा तल उल्लेखित शर्त गराई योजना अनुमति दिने भनी निर्माण समितिबाट सिफारिस भई आएको हुँदा सो अनुसार गर्ने निर्णय गरियो ।

क. पेश प्रस्तावित योजनामा ढलको व्यवस्था सम्बन्धमा ह्यूम पाईप राखी साविक ढलमा जोड्ने गरी पेश भएकोमा सो ढलमा नजोडी प्रत्येक प्लटमा सेप्टिक ट्यांक भएर सोकपिटमा जोड्ने व्यवस्था गर्नु पर्नेछ ।

ख. पेश प्रस्तावित योजना Low Land Area मा र सँगै हनुमन्ते खोला भएको हुँदा वर्षातको समयमा दुवान हुने सम्भावना भएको हुँदा सोबाट बच्न योजना संचालकले नै आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

ग. प्रस्तावित योजना क्षेत्रमा हालसम्म खानेपानीको पाईप लाईन व्यवस्था भैनसकेको हुँदा पानीको लागि आकाशे पानी संकलन व्यवस्था मिलाउनु पर्नेछ ।

घ. पेश योजनाले सो क्षेत्रको सार्वजनिक जग्गा, बाटो आदि मिचिएमा योजना स्वतः रद्द हुनेछ ।

## घरलाइनको अनुमति

निवेदक रामकृष्ण तजलेले भ.न.पा. वडा नं. १०, साविक वडा नं. ४ स्थित कित्ता नं. ७७ र ७८ क्षेत्रफल क्रमशः०-१-१-२ र ०-१-१-१ जग्गामा साविक बमोजिम घर पुनः निर्माण गर्न नक्सा पेश सम्बन्धमा भ.न.पा.को भौतिक पूर्वाधार तथा निर्माण मापदण्डअनुसार पूर्व बाटोतर्फ बाटोको छेउबाट १.० मी. छोड्नु पर्नेमा दक्षिणतर्फको घर लाईनसँग मिलाई कभरेज ७०५ मात्र पाउनेमा ८६.३२५ कभरेज कभर हुने गरी पेश भएको सम्बन्धमा स्थानीय वडावासीहरूले संयुक्त निवेदन पेश गरी पूर्वतर्फको बाटोतर्फ पेटी राख्न नपाउने शर्तमा दक्षिण घर लाईनसँग मिल्ने गरी साविक बमोजिम निर्माण गर्न आपत्ति छैन भन्ने व्यहोराको निवेदन भ.न.पा. वडा नं. १० कार्यालयमा पेश भए अनुसार वडा कार्यालयबाट सिफारिस भै आएको हुँदा पेश नक्साको स्थान अवस्थितिलाई मध्यनजर गर्दा वडा कार्यालयको सिफारिस अनुसार पेटी

राख्न नपाउने शर्तमा दक्षिण घर लाईन मिल्ने गरी उत्तरतर्फको नगरकोट सडकको केन्द्ररेखाबाट ११.५ मी. छाडी अन्य बाटोहरूमा दायाँ बायाँ घर बनिसकेको हुँदा आफै जिम्मेवार हुने व्यहोराको सम्बन्धित नक्सा प्रेषकलाई कबुलियतनामा गराई घर लाईनको सुविधा अनुमति दिने सिफारिस निर्माण समितिबाट भए अनुसार गर्ने निर्णय गरियो ।

## ल.ई.स्वीकृत

ल.ई. सम्बन्धमा छलफल हुँदा आ.व. ०७४।७५ मा नपा/वडास्तरीय योजनाहरूको निर्माण समितिबाट सिफारिस भएका देहायका योजनाहरूको ल.इं. स्वीकृत गर्ने निर्णय गरियो :

| सि.नं. | योजनाको नाम | वडा नं. | ल.ई.रकम | रिभाइज ल.ई.रकम | कैफियत् |
|---|---|---|---|---|---|
| क | **वडा स्तरीय योजनाहरू** | | | | |
| १ | सुलुमला ढल सुधार | २ | ४९८,३६३।७५ | | |
| २ | जिविसबाट बालाखु आउने बाटो सुधार कार्य | २ | १३६,३४२।४८ | | |
| ३ | होली गार्डन स्कूल जाने खुडकिल्ला मर्मत कार्य | २ | ८९,२७२।९२ | | |
| ४ | कालीघाट ढुङ्गेधारा निकास मर्मत कार्य | २ | १७५,८६४।२१ | | |
| ५ | सिद्धि गणेश मन्दिर पुन:निर्माण कार्य | ७ | १,३१२,६११।४२ | | |
| ६ | चोर्चा ग:हिति मर्मत कार्य | ७ | २३०,९५०।७१ | | |
| ७ | गोल्मढी उकालोमा रहेको पाटी पुन:निर्माण कार्य | ७ | १,३०१,८१८।६९ | | |
| ८ | लान्चा पाटी गणेश मन्दिरदेखि ओमकारेश्वर बाटोमा ग्राभेलिङ्ग कार्य | १० | ७४२,६८०।७० | | |
| ९ | लान्चा पाटी गणेश मन्दिरदेखि शारदा कलेज बाटोमा ग्राभेलिलिङ्ग कार्य | १० | १,२४५,७८६।९८ | | |
| ख | **नगर स्तरीय योजनाहरू** | | | | |
| १ | सम्पदा पुन:निर्माण अर्न्तगत न्यातापोल मन्दिर मर्मत कार्य | ५ | ५,७४४,२४२।८० | | |
| | हनुमन्ते खोला एवं घाट सुधार | | | | |
| २ | कालीघाट सुधार कार्य | २ | ३२६,९७८।१५ | | |
| | **क्रमागत योजनाहरू** | | | | |
| १ | किसि फल्चा पुन:निर्माण कार्य | २ | १,०५८,८८५।९२ | १३,१४,२६९।४८ | |

## म्याद थप

म्याद थप गर्ने सम्बन्धमा छलफल हुँदा देहायअनुसारका योजनाहरूको म्याद थप गर्नु निर्णय गरियो :

| सि.नं. | योजना | वडा नं. | सम्पन्न गर्नु पर्ने | म्याद थपको माग | कैफियत |
|---|---|---|---|---|---|
| १ | नारायण मन्दिर पुन:निर्माण कार्य | ९ | २०७४ असार मसान्त | २०७४ चैत्र मसान्त | |
| २ | वडा नं. ५ चासुखेल नारायण मन्दिर सोलार सडक बत्ती जडान गर्ने कार्य | ५ | २०७४ असार मसान्त | २०७४ भाद्र मसान्त | |
| ३ | वडा नं. ४ माकचो गणेश सोलार सडक बत्ती जडान गर्ने कार्य | ६ | २०७४ असार मसान्त | २०७४ भाद्र मसान्त | |
| ४ | किसि फल्चा पुन:निर्माण कार्य | २ | २०७४ असार मसान्त | २०७४ चैत्र मसान्त | |

## पेश्की फछ्र्योट

पेश्की फछ्र्योट सम्बन्धमा छलफल हुँदा देहायअनुसारका योजनाहरूको पेश्की फछ्र्योट गर्ने निर्णय गरियो :

| सि.नं. | योजना | वडा नं. | ल.ई. | मुल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | हरि हर नारायण मन्दिर पुन: निर्माण कार्य (फसि देग अगाडि) | २ | १,५८२,५०२।८५ | १,६१६,३३५।५७ | १,२०६,२८१।०० | १,२१२,६१२।०० | ६,३३१।०० | नपा फिर्ता |
| २ | महेश्वरी खोला छेउमा बारको ब्यवस्था गरी हरियाली ब्यबस्थापन कार्य | ७ | ६३४,४२७।८३ | ४६५,५७२।५१ | ४६१,७७१।७९ | १७५,०००।०० | २८६,७७१।७९ | |
| ३ | मुदिपमा सोलार सडक बत्ती जडान गर्ने कार्य | ५ | ५२७,९२०।७५ | ५४७,१३०।०० | ५०८,०३०।०० | १७०,०००।०० | ३३८,०३०।०० | |

**भुक्तानी दिने**

क. यस भक्तपुर नगरपालिकाको टिपर गाडी नं. ३५५९ ले ८२ प ८४७३ नम्बरको स्कुटरलाई ठक्कर दिंदा क्षति भै मर्मत गरेको बिल रु.४१,३३०।– भुक्तानी दिने निर्णय गरियो।

ख. यस भक्तपुर नगरपालिकाको टिपर नं. ३५५८ गाडीबाट ९ वर्षको बालक रेशम घर्ती मगरलाई टिपरको पांग्राले कुल्ची टिपालसँग बालक तानिन्दै लगेको हुँदा सो बालक घाइते भई औषधी उपचारको लागि आवश्यक खर्च व्यहोर्न हाललाई सोही टिपर चालक दयाराम गोसाईलाई रु.२,००,०००।– पेश्की दिने निर्णय गरियो।

ग. यस कार्यालयको २२६ नम्बरको सफाइ गाडीबाट मिति २०७४।४।२३ गते मोटर साइकल नं. बा ६ प ५२ ६८ लाई ठक्कर दिई क्षति भएको हुँदा उक्त मोटरसाइकल मर्मत गरेको रु.३८५०।– भुक्तानी दिने निर्णय गरियो।

घ. वडा नं. ५ वडा समितिको कार्यालय व्यवस्थापन गर्न रु.३,००,०००।– तीन लाख पेश्की लिई वडा सचिव काशीराम प्रजापतिले रु.३,०६,४३८।– बराबर फाँटबारी पेश गरेको हुँदा निजको नामको पेश्की रु.३,००,०००।– फछ्र्यौट गरी नपुग रु.६४३८।– भुक्तानी दिने निर्णय गरियो।

**प्राविधिकको व्यवस्था**

यस न.पा.को वेभसाइट, सफ्टवेरहरू लगायतका कामहरूको लागि सम्झौता गरी प्रकाश खाईजुलाई कार्य गराई आएकोमा हाल यस नगरपालिका र वडा समितिको कार्यालयहरूमा समेत वेभ साइट, इन्टरनेट, इन्ट्रानेट, सफ्टवेयर आदि सेवाको व्यवस्था भइसकेकोले सो समय समयमा मर्मत संभार र सेवा व्यवस्थापन गरी तत्काल संचालन गर्नुपर्ने भएकोले सोको लागि निजलाई विहान १०:०० बजेदेखि ५:०० बजेसम्म कार्यालयमा राखी कार्य गराउनु पर्ने भएकोले मिति २०७४ असोज १ गतेदेखि लागू हुने गरी मासिक रु.३०,०००।– (अक्षरेपी तीस हजार मात्र) पारिश्रमिक दिई आवश्यक शर्तहरू राखी सम्झौता गरी कार्य गराउने निर्णय गरियो।

## मिति २०७४ असोज ७ गते, शनिबार

### निर्णय :-

**जग्गा एकीकरण आयोजना नपाले सञ्चालन गर्ने**

तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजनाको कार्य भक्तपुर नगरपालिका र का.उ.न.वि.यो.का.स बीच सम्झौता भई नगर विकास ऐन २०४५ अनुसार काठमाण्डौ उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको निर्णय बमोजिम गठित व्यवस्थापन उपसमितिबाट सञ्चालन भइआएको र आयोजनाको म्याद २०७४ आषाढ मसान्तमा सकिएको सन्दर्भमा आ.व. २०७४/२०७५ देखि भक्तपुर नगर कार्यपालिकाबाट आवश्यक रेखदेख तथा अनुगमन गरी कार्य सञ्चालन गर्न र उक्त आयोजनाको सम्पूर्ण कार्य प्रगति विवरण, सम्पत्ति र दायित्वसमेत भक्तपुर नगरपालिकाले सकार्ने व्यहोर्ने गरी उक्त आयोजना भक्तपुर नगरपालिका स्वयम्ले सञ्चालन गर्ने निर्णय गरियो।

## मिति २०७४ असोज ९ गते, सोमबार

### निर्णयहरू :-

**नगर शिक्षा समिति गठन**

शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा ११ (ट) को प्रावधान अनुरूप यस नगरपालिकामा **नगर शिक्षा समिति गठन** गर्ने सम्बन्धमा जिल्ला शिक्षा कार्यालय, भक्तपुरबाट मिति २०७४।५।३० गते प्रेषित पत्रअनुसार नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा निम्न पदाधिकारीहरू रहने गरी भक्तपुर नगरपालिका नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो :

संयोजक : सुनिल प्रजापति– प्रमुख, भक्तपुर नगरपालिका
सदस्य : रजनी जोशी– उप प्रमुख, भक्तपुर नगरपालिका
सदस्य : उकेश कवां– वडा अध्यक्ष, भक्तपुर नगरपालिका
सदस्य : योगेन्द्रमान बिजुक्छें– संस्थागत विद्यालयका प्रअहरूको तर्फबाट प्रतिनिधि
सदस्य : तीर्थलक्ष्मी धन्छा– सामुदायिक विद्यालयका प्रअहरूको तर्फबाट प्रतिनिधि
सदस्य : विद्यालय निरीक्षक

**कृषि समिति गठन**

यस नगरपालिका क्षेत्रमा कृषि तथा पशु पन्छी सम्बन्धी आवश्यक व्यवस्था गर्न वडाअध्यक्ष राजकृष्ण गोराको संयोजकत्वमा निम्न बमोजिमका सदस्यहरू रहने गरी **कृषि समिति गठन** गर्ने निर्णय गरियो :

संयोजकः राजकृष्ण गोरा– वडा अध्यक्ष, भक्तपुर न.पा.३
सदस्यः लक्ष्मीप्रसाद ह्यौंमिखा– वडा अध्यक्ष, भक्तपुर न.पा. १०
सदस्यः हरिराम सुवाल– वडा अध्यक्ष, भक्तपुर न.पा. ६
सदस्यः कृष्णलक्ष्मी दुवाल– कार्यपालिका सदस्य
सदस्यः सुनिता प्रजापति (अवाल)– कार्यपालिका सदस्य

**पर्यटकहरूको स्वागत**

३८ औं विश्व पर्यटन दिवसको अवसरमा यही २०७४ असोज ११ गते भक्तपुरको खौमा काउण्टरबाट नगर प्रवेश गर्ने पर्यटकहरूको पहिलो टोलीलाई नगरपालिकाका प्रमुख

सुनिल प्रजापतिबाट स्वागत गर्ने निर्णय गरियो। उक्त कार्यक्रममा नगरपालिकाका कार्यपालिका सदस्यहरू, कार्यकारी अधिकृत र पर्यटक सेवा केन्द्रका कर्मचारीहरू सहभागी हुने निर्णय गरियो :

उक्त कार्यक्रममा धिमे बाजा र माक प्याखँ प्रस्तुत गर्ने निर्णय गरियो।

### "भक्तपुर" थप छाप्ने

यस नगरपालिकाबाट निरन्तर प्रकाशित हुँदै आएको 'भक्तपुर' मासिक पत्रिका वितरणका लागि अपुग भएकोले सङ्ख्या २४७ (वर्ष ३४ अङ्क १०) देखि २ हजार प्रति प्रकाशन गर्ने निर्णय गरियो।

### आर्थिक सहयोग

विविध विषयमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका वडा नं. ५ स्थित भेलुखेलमा आयोजना गरिने ३७ औं नेपाल भाषा साहित्य तःमुज्यालाई नगद रु.५०,०००।- (पचास हजार रूपैयाँ) प्रदान गर्ने निर्णय गरियो।

### निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

### वातावरण तथा पर्यटन समिति :

मिति २०७४।६।८ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाको आयोजनामा प्रत्येक महिनाको १ गते र १५ गते नगर क्षेत्रका ऐतिहासिक, साँस्कृतिक एवं सार्वजनिक स्थलहरूमा नियमित रूपमा सरसफाइ तथा हरियाली क्षेत्र प्रवर्द्धन गर्दै आएकोमा यही २०७४ असोज १५ गते भक्तपुर न.पा.वडा नं. १ स्थित भाज्या पुखु सरसफाइ गर्ने निर्णय गरियो :

ख. ३८ औं विश्व पर्यटन दिवसको अवसरमा यही २०७४ असोज ११ गते विहान ७:३० बजे भक्तपुरको खौमा काउण्टरबाट भित्रिने पर्यटकहरूको पहिलो टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट पुष्प गुच्छा र मायाको चिनो दिएर स्वागत गर्ने र उक्त कार्यक्रममा धिमे बाजा/बाँसुरी बाजा र माक प्याखँ/लाखे प्याखँ प्रदर्शन गरिने निर्णय गरियो।

ग. भक्तपुर नगर क्षेत्रमा गरिँदै आएको सरसफाइ कार्यलाई थप प्रभावकारी बनाउन तथा कुनै ३ वटा वडामा एकीकृत फोहरमैला व्यवस्थापन कार्यको पाइलट प्रोजेक्ट सञ्चालन गर्न निम्न बमोजिमका सामग्रीहरू खरिद गर्न जिन्सी शाखालाई निर्देशन दिने निर्णय गरियो :

तपसिल

| क्र.सं. | सामग्रीको विवरण | आवश्यक परिमाण |
|---|---|---|
| १. | कम्पोष्ट बिन | १५०० थान |
| २. | रातो बाल्टिन (बिर्कोसहित खुट्टाले खोल्ने) | ६००० थान |
| ३. | हरियो बाल्टिन (बिर्कोसहित खुट्टाले खोल्ने) | ६००० थान |
| ४. | बोरा (भक्तपुर नगरपालिकाको लोगो सहितको) | ६००० थान |
| ५. | कोदाली (ठूलो बींडसहित) | १० वटा |
| ६. | खुर्पी (जीआइ पाइपको बींडसहित) | २० वटा |
| ७. | हँसिया बाक्लो (जीआइ पाइपको बींडसहित) | २० वटा |
| ८. | बाल्टिन प्वाल नभएको (शौचालय र टिपनटापनको लागि) | १०० वटा |
| ९. | खुर्पा लामो | १० वटा |
| १०. | पोखरी सफा गर्न बींडसहितको बकेट जाली | २० वटा |
| ११. | काँको (दाँते) | ५ वटा |
| १२. | फोहर बोक्ने गाडा (हाते गाडा) | १० वटा |
| १३. | सार्वजनिक स्थलमा राख्ने डस्ट बिन | ५० थान |

घ. नेपाल सरकार खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, भक्तपुरद्वारा मिति २०७४।६।४ गते प्रेषित नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन, पुनः गठन सम्बन्धी पत्रबारे छलफल हुँदा अर्को बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो।

### युवा तथा खेलकुद समितिः

मिति २०७४।६।८ गते बसेको **युवा तथा खेलकुद समिति**का निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर जिल्ला भलिबल संघको आयोजनामा २०७४ भाद्र २६-३० गतेसम्म भएको प्रशिक्षक भलिबल रेफ्री कोर्षको लागि रु.५,०००।- (अक्षरेपी पाँच हजार) आर्थिक सहयोग गर्ने।

ख. जनसेवा विकास मण्डलको आयोजनामा २०७४ असोज ५,६ र ७ गते भएको भक्तपुर जिल्लाव्यापी फुटसल प्रतियोगिताको लागि रु.५,०००।- (अक्षरेपी पाँच हजार) आर्थिक सहयोग गर्ने।

ग. भक्तपुर जिल्ला टेबुल टेनिस संघको आयोजनामा यही २०७४ भाद्र १६-१८ गतेसम्म भएको भक्तपुर जिल्लाव्यापी नवौं अन्तर विद्यालय रनिङ्ग शिल्ड टेबुल टेनिस प्रतियोगिताको लागि रु.५,०००। (अक्षरेपी पाँच हजार) आर्थिक सहयोग गर्न भक्तपुर न.पा. बोर्ड बैठमा पेश गर्ने निर्णय गरियो।

साथै भक्तपुर चेस क्लवलाई पनि राष्ट्रिय र्‍यापिड बुद्धिचाल प्रतियोगिता २०७४ का लागि रु. ५,०००।- ➲➲

# मध्यपुर थिमी नगरपालिकाको मत विवरण

**नगरपालिकाको नाम:** मध्यपुर थिमी नगरपालिका
**सामावेश भएका साविक नपाहरु:** मध्यपुर थिमी न.पा.
**जनसंङ्ख्या:** ८३०३६
**क्षेत्रफल:** ११.४७ वर्ग कि.मी.
**केन्द्र:** साविक मध्यपुर थिमी नगरपालिका कार्यालय
**वडा सङ्ख्या:** ९
**सिमाना:**
**पूर्व:** चाँगुनारायण नपा र भक्तपुर नपा
**पश्चिम:** काठमाण्डौ जिल्ला
**उत्तर:** काठमाण्डौ जिल्ला
**दक्षिण:** सूर्यविनायक, भक्तपुर नपा र ललितपुर जिल्ला

**वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक नपाहरू | साविक वडा नं. |
|---|---|---|
| १ | मध्यपुर थिमी | १६ |
| २ | मध्यपुर थिमी | १७ |
| ३ | मध्यपुर थिमी | १५ |
| ४ | मध्यपुर थिमी | १२-१४ |
| ५ | मध्यपुर थिमी | ९-११ |
| ६ | मध्यपुर थिमी | ७-८ |
| ७ | मध्यपुर थिमी | ४-६ |
| ८ | मध्यपुर थिमी | १-२ |
| ९ | मध्यपुर थिमी | ३ |

(अक्षरेपी पाँच हजार) आर्थिक सहयोग गर्ने ।

**उपभोक्ता समिति गठन**

७. उपभोक्ता समिति गठन सम्बन्धमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

क. **योजनाको नाम:** भक्तपुर न.पा. वडा नं. ४ वाइमलास्थित बाटो इँटा छपाई कार्य

**पदाधिकारीहरूको नाम**
अध्यक्ष- श्री कृष्ण राम बोहजु
सचिव- श्री सरोज मानन्धर
कोषाध्यक्ष- श्री मनिषा साखकर्मी
सदस्य- श्री कान्छा बमनु
सदस्य- श्री राज्यलक्ष्मी तुकंबन्जार
सदस्य- श्री मैयादेवी ध्वोजु
सदस्य- श्री हरि प्रसाद बाईजु
सदस्य- श्री राजु बमनु
सदस्य- श्री गणेशभक्त भुजु

**पेश्की दिने**

पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा भक्तपुर न.पा. वडा नं. २, ठूलो व्यासीस्थित कासन जाने बाटोमा दाफा पाटी पुनः निर्माण कार्यको लागि छुट्याइएको रु.१३,९८,०४२।... पैसा बराबरको ल.ई. २०७३।६।१ गतेको बैठकबाट स्वीकृत भई मिति २०७४।२।२७ गतेदेखि समितिका अध्यक्ष श्री लक्ष्मी नारायण सुवालले शुरु गरी मिति २०७४।५।२६ गते थप पेश्की पाउँ भनी रु.८,३१,३०५। बराबरको फाँटवारी पेश गरेको योजनाको स्थलगत नाप जाँच गरी मूल्याङ्कन गर्दा सामानतर्फ रु.७,१५,१२४।७३ र ज्यालातर्फ रु.२,६७,२५५।९५ र भ्याट रु.२६००।०० गरी जम्मा रु.९,८४,९८०।६ पैसा हुन आएको हुँदा निवेदक श्री लक्ष्मी नारायण सुवाललाई पहिलो पेश्की रकम रु.६,००,०००।- कट्टी गरी उक्त योजनालाई छुट्याइएको रकम मध्येबाट रु.२,३१,३०५।०० भुक्तानी हुन तथा पुनः रु.२,००,०००।- थप पेश्की दिने निर्णय गरियो ।

**पेश्की फछ्र्यौट**

यस कार्यालयको वडा नं. ९ स्थित दत्तात्रय स्थानमा गाईजात्रा पर्व घुम्ती स्वयंसेवक मूल्याङ्कन गर्न वडा सचिव पुण्यराम लाखाले रु.८०,०००।- पेश्की लिई कार्यक्रम सम्पन्न पछि रु.७३,५००।- बराबरको खर्च र बाँकी १६,५००।- बैंक दाखिला गर्नु भएको हुँदा निजको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

**भुक्तानी दिने**

यस कार्यालयमा पदाधिकारी बहाली भएको १०० दिन पुगेको अवसरमा आयोजित कार्यक्रमको क्रममा आवश्यक खाजा चिया व्यवस्था गरेको खर्च रु. १,२९,१२५।- बराबर समर्थन गरी स्टार बैंक्वेटलाई भुक्तानी दिने निर्णय गरियो ।

**कार्पेट र पर्दाको व्यवस्था**

यस नगरपालिकाको मंचको साइज अनुसारको कार्पेट र आवश्यक पर्दाको व्यवस्था गर्ने ।

**सरसफाइमा जति बढी ध्यान दिइन्छ स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।**

## स्थानीय तह निर्वाचन २०७४

# मध्यपुर थिमि नगरपालिकाको मत परिणाम

| क्र.सं. | नाम | लि. | वर्ष | दल | प्राप्त मत | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रमुख** | | | | |
| १ | चन्द्र गोपाल श्रेष्ठ | पुरुष | ४९ | स्वतन्त्र | २३ | ९ | |
| २ | राम सुन्दर श्रेष्ठ | पुरुष | ५३ | स्वतन्त्र | ११ | १० | |
| ३ | सरीता दुवा | महिला | ३९ | स्वतन्त्र | २ | ११ | |
| ४ | महा प्रसाद पराजुली | पुरुष | ६४ | स्वतन्त्र | १ | १२ | |
| ५ | बावु कृष्ण श्रेष्ठ | पुरुष | ३४ | स्वतन्त्र | ० | १३ | |
| ६ | रोमन बज्राचार्य | पुरुष | ३६ | स्वतन्त्र | ० | १४ | |
| ७ | बैकुण्ठ चित्रकार | पुरुष | ५२ | स्वतन्त्र | ३० | ८ | |
| ८ | अष्ट कुमार कवे | पुरुष | ४६ | नेकाँ | १०८४६ | २ | |
| ९ | प्रतिमा श्रेष्ठ | महिला | ३९ | माओवादी केन्द्र | १२३२ | ३ | |
| १० | राधा अधिकारी | महिला | ५० | राप्रपा | ४२८ | ४ | |
| ११ | ज्ञान राम श्रेष्ठ | पुरुष | ४७ | नयाँ शक्ति | १०४ | ५ | |
| १२ | बसन्त बहादुर खत्री | पुरुष | ६९ | माले | ४८ | ६ | |
| १३ | भिम प्रसाद श्रेष्ठ | पुरुष | ७० | राजमो | ३५ | ७ | |
| १४ | मदनसुन्दर (जगुलु) श्रेष्ठ | पुरुष | ४३ | एमाले | १४००० | १ | निर्वाचित |
| | | | **उपप्रमुख** | | | | |
| १ | अंजना देबी मधिकर्मी | महिला | ५१ | नेकाँ | १०६७८ | १ | निर्वाचित |
| २ | केदार खड्का | पुरुष | ५७ | नेमकिपा | ८१५७ | २ | |
| ३ | नानी छोरी वाडे | महिला | ३७ | संघीय समाजवादी | १२१ | ६ | |
| ४ | नर गोविन्द शंखदेव | पुरुष | ५३ | राप्रपा | १९२९ | ४ | |
| ५ | रूपा राना | महिला | ३६ | राजमो | २०५ | ५ | |
| ६ | सुचित्रा श्रेष्ठ | महिला | ४० | माओवादी केन्द्र | १९७१ | ३ | |
| | | | **वडानं १** | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | सुरज खड्का | पुरुष | ३६ | नेकाँ | १४६२ | १ | निर्वाचित |
| २ | अष्ट कुमार कवे | पुरुष | ४७ | एमाले | ११२४ | २ | |
| ३ | नारायण बहादुर बुढाथोकी | पुरुष | ६५ | राप्रपा | ६८ | ३ | |
| ४ | श्याम कृष्ण डंगोल | पुरुष | ५० | माओवादी केन्द्र | ६१ | ४ | |
| ५ | देवी माया खाती | महिला | ४७ | संघीय समाजवादी | १० | ५ | |
| **महिला सदस्य** | | | | | | | |
| १ | विजय लक्ष्मी महर्जन | महिला | ४९ | नेकाँ | १४१५ | १ | निर्वाचित |
| २ | उत्तरा नेपाल | महिला | ४५ | एमाले | ११४५ | २ | |
| ३ | राजश्री देवी खड्का | महिला | ६७ | राप्रपा | १०० | ३ | |
| ४ | बिना डंगोल | महिला | ३६ | माओवादी केन्द्र | ६१ | ४ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | नानी बिश्वकर्मा | महिला | ४० | नेकाँ | १४१७ | १ | निर्वाचित |
| २ | खुश्बु परियार | महिला | ३१ | एमाले | १३६९ | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सदस्य** | | | | | | | |
| १ | **सूर्य मान मुस्यान** | **पुरुष** | ३८ | नेकाँ | १४४१ | १ | निर्वाचित |
| २ | **रत्न कुमाल** | **पुरुष** | ३८ | नेकाँ | १३७७ | २ | निर्वाचित |
| ३ | **रोशन भक्त श्रेष्ठ** | **पुरुष** | ४१ | एमाले | ९५९ | ३ | |
| ४ | **कृष्ण प्रसाद राजथला** | **पुरुष** | ५० | नेमकिपा | ६४६ | ४ | |
| ५ | **हरि कृष्ण द्वारे** | **पुरुष** | ६३ | राप्रपा | १९४ | ५ | |
| ६ | **अष्ट बहादुर डंगोल** | **पुरुष** | ३६ | माओवादी केन्द्र | ६९ | ६ | |
| ७ | **बाबु राम धमला** | **पुरुष** | ५१ | माओवादी केन्द्र | ६१ | ७ | |
| ८ | **श्याम डंगोल** | **पुरुष** | ३५ | राप्रपा | ५८ | ८ | |
| **वडानं २** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | **राजन आलेमगर** | **पुरुष** | ३६ | माओवादी केन्द्र | ६६ | ४ | |
| २ | **श्याम जङ्ग सिजापति** | **पुरुष** | ६६ | राप्रपा | ७७ | ३ | |
| ३ | **हेम राज गौतम** | **पुरुष** | ६१ | एमाले | ६७० | २ | |
| ४ | **राम थापा मगर** | **पुरुष** | ३६ | नेकाँ | ८३२ | १ | निर्वाचित |
| **महिला सदस्य** | | | | | | | |
| १ | **सकुन्तला श्रेष्ठ (राजभण्डारी)** | **महिला** | ४२ | एमाले | ७०९ | १ | निर्वाचित |
| २ | **मिना श्रेष्ठ** | **महिला** | ३९ | नेकाँ | ७०८ | २ | |
| ३ | **ज्ञानु खड्का** | **महिला** | ५८ | राप्रपा | ८६ | ३ | |
| ४ | **शारदा खतिवडा** | **महिला** | ४४ | माओवादी केन्द्र | ६९ | ४ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | **अम्बिका रजक** | **महिला** | ४५ | एमाले | ० | १ | निर्विरोध |
| **सदस्य** | | | | | | | |
| १ | **प्रल्हाद कार्की** | **पुरुष** | ३९ | नेकाँ | ६९१ | १ | निर्वाचित |
| २ | **विदुर प्रसाद भट्टराई** | **पुरुष** | ५० | नेकाँ | ६९० | २ | निर्वाचित |
| ३ | **बबिता थापा मगर** | **महिला** | ४० | नेमकिपा | ३०९ | ३ | |
| ४ | **उमाकान्त घिमिरे** | **पुरुष** | ४८ | स्वतन्त्र | २४१ | ४ | |
| ५ | **परशुराम खड्का** | **पुरुष** | ६३ | राप्रपा | १०८ | ५ | |
| ६ | **शुसिल राना मगर** | **पुरुष** | ४७ | माओवादी केन्द्र | १०२ | ६ | |
| ७ | **राधा कृष्ण दाहाल** | **पुरुष** | ४३ | माओवादी केन्द्र | ९७ | ७ | |
| ८ | **कृष्ण बहादुर सिजापति** | **पुरुष** | ७१ | राप्रपा | ६७ | ८ | |
| **वडानं ३** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | **रविन थापा** | **पुरुष** | २७ | राप्रपा | २५२ | ३ | |
| २ | **नारायण प्रसाद न्यौपाने** | **पुरुष** | ५० | स्वतन्त्र | ५५६ | २ | |
| ३ | **प्रेम बहादुर कुटु** | **पुरुष** | ३९ | नेकाँ | १४९४ | १ | निर्वाचित |
| ४ | **खगेन्द्र अधिकारी** | **पुरुष** | ५९ | राजमो | ३८ | ५ | |
| ५ | **भुवन के. सी.** | **पुरुष** | ३५ | माओवादी केन्द्र | १९५ | ४ | |
| **महिला सदस्य** | | | | | | | |
| १ | **विनु के.सी.** | **महिला** | ५२ | नेकाँ | १४१८ | १ | निर्वाचित |
| २ | **हरि माया काडेल आचार्य** | **महिला** | ५१ | एमाले | ११९५ | २ | |
| ३ | **भवानी शर्मा** | **महिला** | ३४ | माओवादी केन्द्र | १४९ | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | **निर्मला परियार** | **महिला** | ४४ | नेकाँ | १४७८ | १ | निर्वाचित |
| २ | **प्रमिला परियार** | **महिला** | ४३ | एमाले | ११०१ | २ | |
| ३ | **नन्द कुमारी परियार** | **महिला** | ५४ | माओवादी केन्द्र | १६९ | ३ | |
| **सदस्य** | | | | | | | |
| १ | **कृष्ण हरि आचार्य** | **पुरुष** | ३७ | नेकाँ | १४६५ | १ | निर्वाचित |
| २ | **राज भक्त श्रेष्ठ** | **पुरुष** | ५७ | नेकाँ | १३८७ | २ | निर्वाचित |
| ३ | **रामहरि वानिया** | **पुरुष** | ६२ | एमाले | १००४ | ३ | |
| ४ | **राकेश बस्नेत** | **पुरुष** | २५ | राप्रपा | ४३७ | ४ | |
| ५ | **गणेश के. सी. (खत्री)** | **पुरुष** | ३९ | माओवादी केन्द्र | १६७ | ५ | |
| ६ | **राम प्रसाद पौडेल** | **पुरुष** | ५९ | माओवादी केन्द्र | १६६ | ६ | |
| ७ | **कमल बहादुर खत्री** | **पुरुष** | ५८ | राप्रपा | १४० | ७ | |
| **वडानं ४** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | **चन्द्र कृष्ण श्रेष्ठ** | **पुरुष** | ३९ | स्वतन्त्र | ० | ६ | |
| २ | **लक्ष्मी देवी श्रेष्ठ** | **महिला** | ४७ | संघीय समाजवादी | ३१ | ५ | |
| ३ | **लक्ष्मी भक्त लाखे श्रेष्ठ** | **पुरुष** | ६१ | राप्रपा | ४५३ | ४ | |
| ४ | **कृष्ण लाल गोजा श्रेष्ठ** | **पुरुष** | ६३ | माओवादी केन्द्र | ८५९ | ३ | |
| ५ | **बाल कृष्ण श्रेष्ठ** | **पुरुष** | ५० | एमाले | १३१२ | २ | |
| ६ | **कुमार श्रेष्ठ** | **पुरुष** | ५६ | नेकाँ | १५६४ | १ | निर्वाचित |
| **महिला सदस्य** | | | | | | | |
| १ | **राम केशरी श्रेष्ठ** | **महिला** | ४८ | एमाले | २१५२ | १ | निर्वाचित |
| २ | **कृष्ण माया कायष्ठ** | **महिला** | ६३ | नेकाँ | १४८७ | २ | |
| ३ | **सरीता श्रेष्ठ** | **महिला** | ३५ | राप्रपा | २७३ | ३ | |
| **सदस्य** | | | | | | | |
| १ | **उमेश श्रेष्ठ** | **पुरुष** | ४८ | एमाले | १८६५ | १ | निर्वाचित |
| २ | **सुन्दर लाल श्रेष्ठ** | **पुरुष** | ५० | एमाले | १७२३ | २ | निर्वाचित |
| ३ | **दिप सुन्दर श्रेष्ठ** | **पुरुष** | ३८ | नेकाँ | १५२६ | ३ | |
| ४ | **कृष्ण मानन्धर** | **पुरुष** | ५० | नेकाँ | १३४६ | ४ | |
| ५ | **बाल कृष्ण श्रेष्ठ** | **पुरुष** | ४४ | माओवादी केन्द्र | ५६९ | ५ | |
| ६ | **राम कृष्ण श्रेष्ठ** | **पुरुष** | ४८ | राप्रपा | ४२९ | ६ | |
| ७ | **सानु बाबु श्रेष्ठ** | **पुरुष** | ३७ | राप्रपा | ३१३ | ७ | |
| **वडानं ५** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | **प्रताप श्रेष्ठ** | **पुरुष** | २४ | संघीय समाजवादी | ३१ | ५ | |
| २ | **चन्द्र कृष्ण प्रजापती** | **पुरुष** | ५४ | राप्रपा | २३३ | ४ | |
| ३ | **आशा हरि प्रजापती** | **पुरुष** | ४८ | स्वतन्त्र | ० | ६ | |
| ४ | **अमृत मान श्रेष्ठ** | **पुरुष** | ५४ | एमाले | १९६३ | १ | निर्वाचित |
| ५ | **दिल कृष्ण प्रजापती** | **पुरुष** | ४९ | नेकाँ | १७४१ | २ | |
| ६ | **जगत मान प्रजापति** | **पुरुष** | ४५ | माओवादी केन्द्र | ३९१ | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **महिला सदस्य** | | | | | | | |
| १ | **शुभ लक्ष्मी प्रजापति** | **महिला** | ३९ | एमाले | २१३१ | १ | निर्वाचित |
| २ | **मधु श्रेष्ठ** | **महिला** | ४४ | नेकाँ | १६५० | २ | |
| ३ | **न्हुछे माया प्रजापति** | **महिला** | ६२ | माओवादी केन्द्र | ३५७ | ३ | |
| **सदस्य** | | | | | | | |
| १ | **बाल कृष्ण श्रेष्ठ** | **पुरुष** | ४८ | नेकाँ | १७४१ | १ | निर्वाचित |
| २ | **चन्द्र कृष्ण प्रजापति** | **पुरुष** | ६२ | नेकाँ | १६८६ | २ | निर्वाचित |
| ३ | **रत्नहरी प्रजापती** | **पुरुष** | ४० | नेमकिपा | १६६१ | ३ | |
| ४ | **बिजेन्द्र भासिमा** | **पुरुष** | ३२ | एमाले | १५६९ | ४ | |
| ५ | **जगत कृष्ण श्रेष्ठ** | **पुरुष** | ४९ | माओवादी केन्द्र | ४६७ | ५ | |
| ६ | **प्रेम बहादुर भासिमा** | **पुरुष** | ३६ | माओवादी केन्द्र | ३६४ | ६ | |
| ७ | **बाबु काजी श्रेष्ठ (मन्द्यो)** | **पुरुष** | ४४ | राप्रपा | १४८ | ७ | |
| ८ | **पदम हरी श्रेष्ठ** | **पुरुष** | ६७ | राप्रपा | ९० | ८ | |
| **वडानं ६** | | | | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | **भुवन वाग श्रेष्ठ** | **पुरुष** | ३६ | राप्रपा | ९१ | ५ | |
| २ | **इन्द्र बहादुर प्रजापती** | **पुरुष** | ५२ | नेकाँ | १२१० | १ | निर्वाचित |
| ३ | **पुर्ण भक्त वाडे** | **पुरुष** | ४२ | संघीय समाजवादी | ११ | ७ | |
| ४ | **राजु प्रसाद पराजुली** | **पुरुष** | ३९ | माले | १४ | ६ | |
| ५ | **दिल कृष्ण खाास प्रजापति** | **पुरुष** | ३९ | एमाले | ५७५ | २ | |
| ६ | **कृष्ण मान प्रजापती** | **पुरुष** | ३९ | माओवादी केन्द्र | ५५६ | ३ | |
| ७ | **महेश कारंजित** | **पुरुष** | ३९ | स्वतन्त्र | ३४४ | ४ | |
| **महिला सदस्य** | | | | | | | |
| १ | **अरुणा कारंजित** | **महिला** | ४९ | नेकाँ | १२८७ | १ | निर्वाचित |
| २ | **केशरी प्रजापति** | **महिला** | ३९ | एमाले | ८१४ | २ | |
| ३ | **रत्न केशरी प्रजापती** | **महिला** | ३७ | माओवादी केन्द्र | ४३५ | ३ | |
| ४ | **चन्द्र लक्ष्मी श्रेष्ठ** | **महिला** | ४१ | राप्रपा | ७९ | ४ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | **सिता विश्वकर्मा** | **महिला** | ३९ | नेकाँ | १२७५ | १ | निर्वाचित |
| २ | **सानु सुनार** | **महिला** | ६० | राप्रपा | १०९ | २ | |
| **सदस्य** | | | | | | | |
| १ | **हरि दास प्रजापति** | **पुरुष** | ४६ | नेकाँ | १२०१ | १ | निर्वाचित |
| २ | **भज राम खड्का** | **पुरुष** | ५३ | नेकाँ | ९५४ | २ | निर्वाचित |
| ३ | **कविर कुमार चक्रधर** | **पुरुष** | ४५ | एमाले | ७६४ | ३ | |
| ४ | **कृष्ण बहादुर प्रजापती** | **पुरुष** | ५० | नेमकिपा | ५५६ | ४ | |
| ५ | **बिष्णु बहादुर प्रजापती** | **पुरुष** | ५२ | माओवादी केन्द्र | ३६२ | ५ | |
| ६ | **विश्वजन थापा श्रेष्ठ** | **पुरुष** | ३३ | स्वतन्त्र | ३६० | ६ | |
| ७ | **सुर्य लक्ष्मी श्रेष्ठ** | **महिला** | ४७ | स्वतन्त्र | ३५९ | ७ | |
| ८ | **भिम वहादुर राई** | **पुरुष** | ५५ | माओवादी केन्द्र | ३३१ | ८ | |
| ९ | **दिनेश अधिकारी** | **पुरुष** | ३३ | राप्रपा | ७५ | ९ | |
| १० | **सुरोज विक्रम शंखदेव** | **पुरुष** | ४७ | राप्रपा | ६८ | १० | |

| वडानं ७ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडाध्यक्ष** | | | | | | | |
| १ | राजेश बाडे | पुरुष | ४५ | राप्रपा | १६० | ५ | |
| २ | कृष्ण कुमार प्रजापति | पुरुष | ६३ | स्वतन्त्र | १०९० | १ | निर्वाचित |
| ३ | दिल कुमार बाडे | पुरुष | ५३ | स्वतन्त्र | ७ | ७ | |
| ४ | दिनेश बाडे | पुरुष | २७ | स्वतन्त्र | ७ | ८ | |
| ५ | राम कृष्ण घजु | पुरुष | ४६ | स्वतन्त्र | ० | ९ | |
| ६ | तेज कृष्ण खिचाजु | पुरुष | ५१ | स्वतन्त्र | ० | १० | |
| ७ | सरोज घजु | पुरुष | ३५ | संघीय समाजवादी | ३८ | ६ | |
| ८ | दिनेश घजु | पुरुष | ३७ | नेकाँ | ७९२ | २ | |
| ९ | विकु बहादुर वैद्य | पुरुष | ४७ | नेमकिपा | ५७६ | ३ | |
| १० | पूर्ण काजी कवाडी | पुरुष | ४२ | माओवादी केन्द्र | ३६० | ४ | |
| **महिला सदस्य** | | | | | | | |
| १ | सुजाता बाडे | महिला | ३७ | नेकाँ | १११४ | १ | निर्वाचित |
| २ | बसन्त तारा सैजु | महिला | ४१ | नेमकिपा | ५८१ | २ | |
| ३ | रिता बाडे | महिला | २८ | नयाँ शक्ति | ३१ | ६ | |
| ४ | सविता मेजु | महिला | ३० | राप्रपा | १२६ | ५ | |
| ५ | कान्छी प्रजापति | महिला | ४५ | माओवादी केन्द्र | ४४६ | ४ | |
| ६ | ज्ञान देवी बादे | महिला | ४७ | स्वतन्त्र | ५०२ | ३ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | शर्मिला विश्वकर्मा | महिला | २२ | नेकाँ | १००४ | १ | निर्वाचित |
| २ | चम्पा मिजार | महिला | ४५ | स्वतन्त्र | ५३१ | २ | |
| ३ | मिना सुचिकार | महिला | ४४ | माओवादी केन्द्र | ४४७ | ३ | |
| ४ | भक्ति मिजार रम्तेल | महिला | २७ | स्वतन्त्र | ४२३ | ४ | |
| **सदस्य** | | | | | | | |
| १ | सुजन पौडेल | पुरुष | २९ | नेकाँ | ९९३ | १ | निर्वाचित |
| २ | धर्म रत्न बाडे | पुरुष | ४० | नेकाँ | ९७० | २ | निर्वाचित |
| ३ | विन्दु प्रजापति | महिला | ४३ | एमाले | ५७६ | ३ | |
| ४ | विष्णु भक्त घजु | पुरुष | ५२ | माओवादी केन्द्र | ५४८ | ४ | |
| ५ | ज्ञान कुमार मकै | पुरुष | ३७ | एमाले | ५१४ | ५ | |
| ६ | योगेन्द्र कुमार दुवाल | पुरुष | ४६ | स्वतन्त्र | ५०३ | ६ | |
| ७ | पूर्ण कृष्ण छ्याजु | पुरुष | ४० | स्वतन्त्र | ४७५ | ७ | |
| ८ | रत्न काजी अवाल | पुरुष | ४७ | माओवादी केन्द्र | ४७१ | ८ | |
| ९ | जिवन कवाडी | पुरुष | ३२ | राप्रपा | १९३ | ९ | |
| १० | संध्या खड्गी | महिला | ४२ | राप्रपा | १५२ | १० | |
| ११ | पूर्ण बहादुर दुवाल | पुरुष | ५२ | नयाँ शक्ति | ५९ | ११ | |
| १२ | तुईल माया कालु | महिला | ४९ | संघीय समाजवादी | २२ | १२ | |
| १३ | ज्ञान कृष्ण अवाल | पुरुष | ५० | स्वतन्त्र | १ | १३ | |
| १४ | पूर्ण कृष्ण कवाडी | पुरुष | ३८ | स्वतन्त्र | १ | १४ | |
| १५ | गणेश राम ध्याको | पुरुष | ४७ | स्वतन्त्र | १ | १५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **वडा नं ८** | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | दिल कृष्ण प्रजापती | पुरुष | ३६ | नेकाँ | ९८२ | २ | |
| २ | बिक्रम बुढा | पुरुष | २८ | राप्रपा | ३५३ | ३ | |
| ३ | लक्ष्मी कृष्ण खपे श्रेष्ठ | पुरुष | ५२ | माओवादी केन्द्र | १६१ | ४ | |
| ४ | देव कृष्ण मोय श्रेष्ठ | पुरुष | ५१ | नेमकिपा | १०४२ | १ | निर्वाचित |
| **महिला सदस्य** | | | | | | | |
| १ | रमिता जिमा (साय श्रेष्ठ) | महिला | ३४ | नेकाँ | ९५५ | १ | निर्वाचित |
| २ | राम सुन्दरी जोशी | महिला | ५२ | स्वतन्त्र | ९२९ | २ | |
| ३ | लक्ष्मी केशरी बुढा श्रेष्ठ | महिला | ४३ | माओवादी केन्द्र | १८२ | ४ | |
| ४ | सरिता जयना | महिला | २५ | राप्रपा | २२२ | ३ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | मन्दिरा थापा | महिला | २५ | एमाले | १०६७ | १ | निर्वाचित |
| २ | कल्पना दर्जी | महिला | ४१ | नेकाँ | ९५२ | २ | |
| **सदस्य** | | | | | | | |
| १ | रमेश थापा श्रेष्ठ | पुरुष | ५४ | नेमकिपा | १११७ | १ | निर्वाचित |
| २ | दिपेन धेके | पुरुष | ३३ | नेकाँ | ८९१ | २ | निर्वाचित |
| ३ | कृष्ण सुन्दर धो | पुरुष | ६२ | एमाले | ८४५ | ३ | |
| ४ | सुरेन्द्र साहु | पुरुष | ५२ | नेकाँ | ८२१ | ४ | |
| ५ | राजेन्द्र कुमार भासिंक | पुरुष | ३६ | राप्रपा | ३७३ | ५ | |
| ६ | लुमन धों श्रेष्ठ | पुरुष | ४० | माओवादी केन्द्र | ३२४ | ६ | |
| ७ | प्रेम कृष्ण वाटा श्रेष्ठ | पुरुष | ४४ | राप्रपा | १९८ | ७ | |
| ८ | राम सुन्दर चन्धो | पुरुष | ५७ | माओवादी केन्द्र | १७२ | ८ | |
| | | | **वडा नं ९** | | | | |
| **वडाध्यक्ष** | | | | | | | |
| १ | रघुनाथ खड्का क्षेत्री | पुरुष | ४१ | स्वतन्त्र | २९२ | ४ | |
| २ | श्याम कृष्ण राजवाहक | पुरुष | ५४ | राप्रपा | ३२३ | ३ | |
| ३ | राजु कैती | पुरुष | २८ | नेमकिपा | ५९४ | २ | |
| ४ | राम काजी चक्रधर | पुरुष | ५१ | नेकाँ | ७२१ | १ | निर्वाचित |
| ५ | केशव कासुला | पुरुष | ४६ | स्वतन्त्र | १८ | ५ | |
| **महिला सदस्य** | | | | | | | |
| १ | नमूना चौलागाई (खड्का) | महिला | ३३ | एमाले | ६४९ | २ | |
| २ | मिरा खड्का | महिला | ३६ | नेकाँ | ८६५ | १ | निर्वाचित |
| ३ | सनम थापा श्रेष्ठ | महिला | २६ | राप्रपा | १७२ | ३ | |
| **दलित महिला सदस्य** | | | | | | | |
| १ | सुन्तली बिश्वकर्मा | महिला | ४९ | एमाले | ६९४ | १ | निर्वाचित |
| २ | हरि मैया सुन्दाश (भुसाल) | महिला | ४६ | माओवादी केन्द्र | १५४ | २ | |
| **सदस्य** | | | | | | | |
| १ | गोकुल खड्का | पुरुष | ४६ | नेकाँ | ७३५ | २ | निर्वाचित |
| २ | पंच लाल राजवाहक | पुरुष | ४७ | एमाले | ६९३ | ३ | |
| ३ | बाबु काजी राजवाहक | पुरुष | ५४ | नेमकिपा | ६५० | ४ | |
| ४ | रबिन्द्र कासुला | पुरुष | ३२ | माओवादी केन्द्र | २३० | ५ | |
| ५ | रबी राजबाहक | पुरुष | २७ | राप्रपा | १७८ | ६ | |
| ६ | मान बहादुर राजवाहक | पुरुष | ३६ | राप्रपा | १७० | ७ | |
| ७ | चन्द्र प्रसाद धौबन्जार | पुरुष | ३० | नेकाँ | ८२७ | १ | निर्वाचित |

श्रोत : निर्वाचन आयोग

**वडाध्यक्ष परिचय**

# sd'f/ rjfn

भक्तपुर नपाको साविक वडा नं. १२ को लाकोलाछें टोलको किसान परिवारमा २०२१ साल मंसिर १४ गते जन्मेका कुमार चवाल वडा नं. ४ का वडाध्यक्ष हुनुहुन्छ। वहाँ २०५४ सालको निर्वाचनमा साविक वडा नं. १२ को वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो। माता हिरामाया र पिता तुल्सी चवालका एक्लो छोरा कुमारका तीन दिदीहरू हुनुहुन्छ। दिदीहरूको विवाह भइसकेको छ।

कुमार दुई वर्ष पुग्दैमा पिताको देहावसान भयो। त्यसैले वहाँलाई पिताको अनुहार पनि राम्रो सम्झना छैन।

वहाँका जीवन संगिनी कान्छी चवाल हुनुहुन्छ। वहाँहरूका एक छोरा र चार छोरीहरू छन्।

कृषि पेसा गरी जीवन निर्वाह गर्दै आउनु भएका कुमारले एसएलसी उत्तीर्ण गर्नुभएको छ। घर व्यवहारको कारण वहाँको उच्च शिक्षा अध्ययनको इच्छा अधुरो रहेको छ।

मृगौला सम्बन्धी रोगको उपचारको क्रममा वहाँ भारत पुग्नु भयो।

२०३५ सालदेखि राजनीतिमा प्रवेश गर्नुभएका चवाल नेपाल क्रान्तिकारी किसान संघ भक्तपुर नगर समितिको सचिव र पार्टी वडा समितिको इन्चार्जको जिम्मेवारी २ पटक सम्हाली सक्नुभएको छ।

राजनीतिमा प्रवेश गरेयताका सबैजसो पार्टी गतिविधिमा वहाँ क्रियाशील रहनु भएको छ। जनमत संग्रह, ४६ सालको जनआन्दोलन, 'आतंककारी' विधेयकको विरोध लगायतमा सक्रिय रहनु भएका चवाल ८-१० पटक पक्राउ पर्नुभयो। पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको षडयन्त्रमा वहाँ भूमिगत हुन बाध्य हुनुभयो।

वहाँ गयःभिंद्यो सुधार समितिका अध्यक्ष, भैरवनाथ जात्रा सहयोग समितिका अध्यक्ष, संगम वचत तथा ऋण सहकारी संस्थामा सल्लाहकार रहनुका साथै टोलमा हुने सार्वजनिक हरेक कार्यमा सहभागी हुने गर्नुहुन्छ। निष्पक्षता र स्पष्ट वक्ताका कारण चवाललाई टोल छिमेकमा हुने आपसी झैझगडा मिलाउन प्रायःले बोलाउने गर्छन्।

७२ सालको भूकम्पमा परी साविक १२ वडामा ५ जनाको ज्यान गएको छ। आफू अस्वस्थ भए पनि घर भत्केर पुरिएकाहरूको खोजी, पीडितहरूलाई सहयोग, भग्नावशेष हटाउने कार्यमा वहाँले सक्दो मदत पुऱ्याउनु भयो र



साथीभाइलाई उत्प्रेरित गर्नुभयो।

भूकम्पपछि जताततै भग्नावशेष थुप्रिएको थियो। तर भारतको नाकाबन्दीको कारण इन्धनको हाहाकार थियो। तत्कालीन नगरपालिकासँग माग गर्दा उपलब्ध हुन सकेन। यस्तो अवस्थामा वडावासीहरूसँग भग्नावशेषको परिमाणको आधारमा रकम उठाएर इन्धनको जोहो गरियो। सरकारी दरभन्दा दोब्बरसम्म मूल्य तिरेर इन्धन खरिद गरी भग्नावेशष पन्छाएको अनुभव वहाँ सुनाउनुहुन्छ।

भूकम्प पश्चात घर निर्माणको क्रममा धेरै विवादहरू देखिएको छ। यस्तोमा वहाँले विवाद र झगडा होइन मिलेर घर निर्माण गर्न, घरको निर्माण घर धनी वा डकर्मीको आफूखुसी होइन पास भएको नक्साअनुसार मात्र गर्न वडावासीहरूलाई निरन्तर आग्रह र अनुरोध गर्दै आउनु भएको छ। नियमित वा नक्साअनुसार घर निर्माण गरे नगरपालिका र सरकारबाट दिने सुविधा प्राप्त गर्न कुनै समस्या नहुने कुरा सम्झाउन सकेकै कारण नगरका अन्य वडाको तुलनामा बढी घर निर्माण भएकोमा वहाँ सन्तुष्ट देखिनुहुन्छ।

वहाँ सार्वजनिक कार्य गर्नुमा खुसीका साथै आनन्द पाउने कुरा हर्षकासाथ व्यक्त गर्नुहुन्छ।

सम्पन्न स्थानीय तहको चुनाव अन्तरगत वडा नं. ४ को वडाध्यक्ष पदमा वहाँले ३३९८ मत प्राप्त गर्नु भएको छ। वहाँका निकटतम प्रतिद्वन्द्वीको मत ११०७ थियो।

# lqk'/f ;Gb/L



ओम धौभडेल

हिन्दुधर्ममा मातृ शक्तिको रूपमा देवी भगवतीलाई विभिन्न नामबाट पुज्ने क्रममा त्रिपुरासुन्दरीको नामबाट पनि पूजा आराधना गर्ने चलन छ। रुदयामल तन्त्र र शीवपुराणको युद्ध खण्डको त्रिपुर प्रकरणमा स्कन्द कुमारले तारकासुर दैत्यलाई वध गरेपछि उनका तीन छोराहरू तारकाक्ष, विद्युतमाली र कमलाक्ष वडो बलवान भई सुमेरु पर्वतको गुफामा बसी ब्रम्हाजीको तपस्या गर्न लागे। काम, क्रोध, लोभ, मोह, मद् र मात्सर्यलाई वशमा पारी गरेको कठोर तपस्याबाट प्रभावित भई ब्रम्हाजीले उनीहरूलाई तीनवटा पुरहरू वरदान दिए। यसबाट तारकाक्षले सुनको, विद्युतमालीले चाँदीको अनि कमलाक्षले फलामको पुर तयार गरे। शक्तिले चुर भएका यी तीन दानवहरूले दैत्यहरूमाथि आक्रमण गरे। यसबाट त्राही त्राही भएका देवगणहरू शिवजीकोमा शरण पर्न गए। शिवजीले आफूबाट केही हुन नसक्ने बरु मातृशक्तिको आराधनाबाट ती दैत्यहरूको नाश हुने बताएपछि सम्पूर्ण देवगण मातृशक्तिको आराधना गर्न लागे। शिवजीसहित सम्पूर्ण देवगणको आराधनाबाट देवी प्रशन्न भएछ। र उनै देवीले दैत्यहरूको त्रिपुर ध्वस्त गरी दैत्यहरूको वध गरेछ र उनै देवीको नाम त्रिपुरासुन्दरी रहन गएको भन्ने उल्लेख छ।

चामुन्डा तन्त्र, बृहत धर्म पुराण, मालिनी विजय, तन्त्रचिन्तामणि, शक्तिसंगम तन्त्र, गुहाती गुहयतन्त्र, तोडलतन्त्र जस्ता थुप्रै तन्त्रहरूमा दश महाविद्याबारे उल्लेख भएको छ। दक्ष प्रजापतिले गरेको अश्वमेघ यज्ञमा सम्पूर्ण तेत्तीस कोटी देव देवी, ऋषिमुनि दैत्य नाग अप्सरा निमन्त्रणा भएर पनि जेठी छोरी सतीदेवी र ज्वाईं श्री महादेवलाई डाकेनन्। यसबाट अति दुखी भएका सतीदेवीले धर्म र नीतिमा अडिग भएर आफ्नी स्वामी महादेव समक्ष अति तिखो र सत्य वचन बोलिन। जुन पछि दस महाविद्याको रूपमा प्रकट भयो। यिनै दश महाविद्या रूपी देवीहरूले दशतिरबाट महादेवलाई घेरेर बसे। जसमध्ये पूर्वतर्फ काली, पश्चिमतर्फ बगलामुखी, उत्तरतर्फ भुवनेश्वरी, दक्षिणतर्फ छिन्नमस्ता, वायब्यतर्फ मातङग कन्या, आग्नेयतर्फ धुमावती, नैऋत्यतर्फ त्रिपुरासुन्दरी, इसानतर्फ षोडषी र माथि तारा तल भैरवी रहेको हुन्छ। यहाँ नैऋत्य कोणतर्फ रहेकी त्रिपुरासुन्दरी दश महाविद्याका एक देवी हुन् भन्ने स्पष्ट हुन्छ।

नेपालमण्डलमा भने यो देवीलाई दस महाविद्याका एक देवीको रूपमा लिएको देखिन्छ। नेपालमण्डलका वस्तीहरू जसरी सप्तमातृका, अष्टमातृका, नवदुर्गा जस्ता मातृ शक्तिहरूबाट सुरक्षित घेरामा स्थापना भएको छ, त्यस्तै तान्त्रिक युगको शुरुवातसँगै दश महाविद्याबाट समेत सुसज्जित गरी नगर वस्ती वसाल्ने परम्परा बसेको देखिन्छ।

उदाहरणको लागि नवौं शताब्दीमा भक्तपुर शहर वसाल्ने लिच्छवी राजा आनन्द देवले जसरी नगरको मध्यभागमा भैरव स्थापना गरी श्रीयन्त्राकार नगरमा क्रमशः ब्रम्हायणी, माहेश्वरी, कौमारी, भद्रकाली, इन्द्रायणी, महाकाली र महालक्ष्मी स्थापना गरे त्यसैगरी त्यो पूर्व नै यहाँ स्थापित दश महाविद्या त्रिपुरसुन्दरी देवीप्रति आफ्नो असिम भक्तिभाव दर्शाउने क्रममा त्यही देवीको नामबाट त्यही त्रिपुर दरबारसमेत बनाएको वंशावलीमा उल्लेख छ। वास्तवमा आनन्द देवले शहर बसाल्नु पूर्व नै यहाँ तान्त्रिक मतअनुसार दश महाविद्याका दश देवीहरूमा दक्षिण आम्नायमा श्री तारा, उत्तर र दक्षिण आम्नायमै दक्षिणकाली, उर्ध्व आम्नायमा श्री भैरवी, उत्तर र दक्षिण दुवै आम्नायमा छिन्नमस्ता, उत्तर आम्नायमा धुमावती, उर्ध्व आम्नायमा त्रिपुरासुन्दरी, पच्चिम आम्नायमा मांतगी, पूर्व आम्नायमा भुवनेश्वरी गरी दश विभिन्न रूपहरूमा स्थापना गरिसकेको हुनुपर्छ। यी देवीहरूका अर्मूत मूर्तिहरू यद्यपि भक्तपुरमा कायम नै छन्। क्वाछेंमा भैरवी, तुलाछेंमा त्रिपुरासुन्दरी, चुपींघाटमा छिन्नमस्ता र तारा, खंलामा काली, टौमढीमा भुवनेश्वरी, इताछेंमा मांतगी, दुगंमल्लामा कमला, इन्द्रायणीमा बंगलामुखी र तिबुक्छेंमा धुमावती रहेको छ।

नेपाल मण्डल भित्रका वस्तीहरूमा त्रिपुरासुन्दरीको नामबाट स्थापित एउटै देवी भक्तपुर तुलाछें टोलमा मात्र भेटिएको छ। नेपालमा छैटौं सातौं शताब्दीतिर नै दश महाविद्याले स्थान पाइसकेको विद्वानहरूको मत रहेपनि लिखित रूपमा ने.सं. २२६ को एउटा ताडपत्रमा सप्तसती नामले दशमहाविद्याको चित्रकारी गरिएको पछिल्लो प्रमाण हुन आउँछ भने भक्तपुरका राजा यही दश महाविद्या भित्रका एक देवी त्रिपुरासुन्दरीको नामबाट त्रिपुर दरबार स्थापना गरेको अर्को प्रमाण गोपाल राजवंशावलीमा छ। त्यस्तै ने.सं. ५०२ मा जयस्थिति मल्लको राज्यकालमा तत्कालीन महामन्त्री जयसिंह राम वर्धनका भाइ मदनराम वर्धनले इटुंवहालमा

राख्न लगाएको एउटा ताम्रपत्रमा आफैलाई 'त्रिपुरासुन्दरी वरलब्ध प्रसादित' भनिएबाट त्रिपुरासुन्दरी देवी तत्कालीन समयमा अति प्रसिद्ध रहेको थाहा हुन्छ।

भक्तपुरमा स्थापित त्रिपुरासुन्दरी देवीलाई यद्यपि प्रसिद्ध देवीको रूपमा वडा दशैंताका धुमधाम पूजा गर्ने चलन छ। नवरातको पहिलो दिन सेतो घोडा चढेकी ब्रम्हायणी देवी, दोश्रो दिन साँढे चढेकी माहेश्वरी, तेश्रो दिन मयुर चढेकी कौमारी, चौथो दिन गरुड चढेकी भद्रकाली, पाँचौ दिन भैंसी चढेकी बाराही, छैटौं दिन हात्ती चढेकी इन्द्रायणी, सातौं दिन लाश माथि महाकाली (चामुण्डा), आठौं दिन हाँस चढेकी महालक्ष्मी र नवौं दिन सिंह चढेकी त्रिपुरासुन्दरी प्रकट भएको आख्यानलाई मनन गरी हाल पनि मोहनीको नवमीको दिन तुलाछें स्थित त्रिपुरासुन्दरी देवी कहाँ नवरात मेला भर्ने गरिन्छ। त्यसको लागि विहान पख नै हनुमानघाट स्थित वीरा, भद्रा, तमसा तीन नदीको त्रिवेणीमा स्नान गरी तुलाछें स्थित देवीको दर्शन गर्ने गरिन्छ।

यस देवीलाई यहाँको स्थानीय भाषामा तुपलजु अजिमा भन्ने गरिन्छ। यसको एउटा उदाहरण भक्तपुरका प्रख्यात कवि राजा जर्गज्योति मल्लले रचना गरेको नानार्थ पञ्च दश गीत ग्रन्थमा रहेका पन्ध्र वटा गीतहरूमध्ये एकमा भक्तपुर शहरको वर्णन यसरी गरेबाट स्पष्ट हुन्छ–

च्यागुली पिठ संङ देवी सङ निवास
तुपलजु इश्वरी मध्ये प्रकाश

अर्थात भक्तपुर राज्यको आठ दिशामा आठ देवीको पीठ र निवास स्थापना गरी मध्ये भागमा तुपलजु इश्वरी अर्थात त्रिपुरा सुन्दरी विराजमान भएको उल्लेख छ (खोप्रिङ, अंक ११, वर्ष १२, २०६०, जगज्योति मल्ल र उनको काब्य कृतित्व– डा. जनकलाल बैद्य)। यही त्रिपुरा सुन्दरी देवीको नामबाट त्यहाँ लिच्छविकालमै प्रख्यात त्रिपुर विद्यापीठ स्थापना भैसकेको देखिन्छ। आनन्द देवले त्रिपुर विद्यापीठ बनाएको अर्को महत्त्वपुर्ण पक्ष हो। त्यो भन्दा पनि महत्त्वपुर्ण तथ्य उक्त तुपलजु अजिमाको नामबाट त्यो ठाउँ इलाकाको नामकरण नै तुपलाछें भएको अर्को एउटा प्रमाण भक्तपुरका अर्का प्रसिद्ध कविराजा जगत प्रकाश मल्लले भक्तपुर शहरको वर्णनको क्रममा यसरी गरेको देखिन्छ–

सुय नेत्वार दशे तुपलाछें मुल
मानलपु जगनाथ कृतिम समुल

अर्थात तत्कालीन भक्तपुरको ३२ टोलहरूमध्ये मध्य भागको टोल तुपलाछें हो जहाँ जगनाथलगायतका देवदेवी छन्। वास्तवमा तुपलजु अजिमा रहेको ठाउँ नै पछि गएर तुपलाछें, तुपराछें हुँदै हालको तुलाछें भएको हो।

## भक्तपुर नगर निर्माणमा देखिएका वास्तुग्रन्थहरू

किराँत कालमै खोपृङ नामले बस्ती बसिसकेको भक्तपुर लिच्छवी राजा शीवदेव द्वितीय र अंशुवर्माको समय सम्म आईपुग्दा अझ विकसित हुन पुग्यो। हालको गोल्मढी भेग माखोपृङगस तल द्रङग (अर्थात खोपृङगको मध्यमाग) कहलिन पुग्यो भने सँगैको तुलाछे भेग खोपृङग अनि हालको तालाक्व क्षेत्र माखोदुल्ल हुन पुग्यो। यसरी विकसित भक्तपुर नगर समयको कालखण्डहरूसँगै आएको भूकम्प तथा आगलागी जस्ता प्राकृतिक तथा मानवीय दुर्घटनाबाट कयौं पटक पतन हुँदै नगरको स्वरूप बदलिदै गरेको देखियो। जतिपटक भक्तपुरका नगरको पुनः निर्माण भयो वास्तुशास्त्रलाई महत्त्व दिएको प्रमाण एउटा महत्त्वपूर्ण पक्ष हो। जयदेव द्वितीयपछि पतन भएको भक्तपुर नगर बसाउने क्रममा ने.सं. ४४ अर्थात ई.सं. ९२३ मा भक्तपुर निवासी बंगाली मूलका नगरवासी उदयपाल सोमले वास्तु सम्बन्धी पुस्तक किरणतन्त्र यहीको नेपालभाषामा सारेको देखिन्छ। जुन पुस्तकमा गृह निर्माण, गृह लक्षण, द्वार लक्षण, अग्निकुण्ड बनाउने विधि, काठको प्रयोग, लिंग निर्माण पिंढ निर्माण जस्ता विविध विषयहरू रहेको छ। तत्कालीन समयको नगर निर्माणमा किरणतन्त्रको प्रभाव परेको देखिन आउँछ। यसै बीच ने.सं. १२५ तिर भक्तपुरमा भयंकर युद्ध भई हाहाकार मच्चिएको हसयामल नामक ग्रन्थमा उल्लेख छ। यहाँनेर पुनः एकपटक युद्धले भक्तपुर शहर नष्ट भएको प्रतित हुन्छ। ने.सं. २५४ तिर भक्तपुरवासी महिपालका छोरा संभारोले विश्वास प्रतिष्ठा तन्त्र नामको महत्त्वपूर्ण वास्तु सम्बन्धी पुस्तक लेखेबाट एकपटक फेरि वास्तु सम्मत नगर निर्माण भएको आभाष मिल्दछ। जनु ग्रन्थमा रहेको ६९ अध्यायमध्ये आधा भागमा मुर्तिकलाबारे उल्लेख छ भने आधा भागमा वास्तुबारे उल्लेख छ। जहाँ वास्तुका विविध रूपहरूमा मध्ये काठ ढुङ्गा, माटो जस्ता वास्तुमा उपयोग हुने कच्चापदार्थको गुणदोषदेखि जीर्णोद्धारका विधि, शिलान्यास विधि जस्ता विषयहरू उल्लेख छन्। लिच्छवी राजा नरेन्द्र देवको समयमा संभारोले यो पुस्तक सारेको देखिन्छ। उनै नरेन्द्र देवका छोरा आनन्द देवले तीन चोक, सात तल्ले दरबार र सुवर्ण प्रणाली सहितको त्रिपुर राजधानी बनाउँदा वास्तु शास्त्रलाई आधार मानेको देखिन्छ। सम्पूर्ण नगर नै नाप नक्सासहित श्रीयन्त्राकारका निर्माण गर्न लगाएको थियो। यस क्रममा उनी स्वयमले ने.सं. ३७९ मा प्रतिष्ठा तन्त्र नामको वास्तु सम्बन्धी पुस्तक लेखे। उनी आफै अरु समकालीन विद्वानहरूलाई वास्तु सम्बन्धी ग्रन्थ लेख्न प्रोत्साहन गरेको कारण उनको राज्यकालमा लेखिएका २०

भन्दा बढी ग्रन्थहरू प्रकाशमा आइसकेको छ। यसकारण विद्वान लुसियानो पेटेकले उनलाई नगर राजप्रासाद, प्रणाली मन्दिर निर्माणका साथ अनेक विषयमा ग्रन्थ लेख्न र लेखाउन प्रोत्साहित गर्ने विद्वान राजाको रूपमा बयान गरेको छ। राजा आनन्द देवले हिन्दु वास्तुका साथसाथै बौद्ध वास्तु प्रति पनि ध्यान दिएको प्रमाण उनकै समयमा अर्थात ने.सं. २८४ मा विद्वान अभयगुप्त योगाम्बर साधन नामक ग्रन्थ सारेकोबाट मिल्दछ। जुन ग्रन्थ सम्वत १३ मा विहार तथा बंगालका राजा विग्रहपाल तृतीयको समयममा लेखेको प्रसिद्ध बौद्ध वास्तु ग्रन्थ छ। यसबाट यहाँ हिन्दुका साथसाथै बौद्ध वास्तुको पनि विकास भएको बुझिन्छ। आनन्द देव पछि उनका भाइ रुद्रदेवको समयमा ई.सं. ११६८ मा काठमाडौ मंगलटोलका विद्वानले कालोत्तर तन्त्र नामक शैव ग्रन्थका साथ एउटा वास्तु पुस्तक लेखेको देखिन्छ। त्यस्तै ने.सं.४०६ मा अभय मल्लको समयमा वास्तु सम्बन्धी महत्त्वपूर्ण अर्को ग्रन्थ प्रतिष्ठा पद्धति लेखेका देखिन्छ।

नेपाल मण्डलको राजधानी भक्तपुर छँदा तत्कालीन राजनीतिको तारो भक्तपुर नगर बन्ने क्रममा कयौं पटक यहाँ आन्तरिक एवम् बाह्य आक्रमण जारी नै रह्यो। त्यसमा पनि दक्षिणका डोय तथा पश्चिमका खसहरूको आक्रमणले भक्तपुरका वास्तु जीर्ण बन्दै रहेको समयमा ने.सं. ४७० मार्ग सुद्धि ९ को दिन बंगालका सुल्तान शमशुद्दिन इलियासले गरेको भक्तपुर आक्रमणले पुरै शहर सातदिन सम्म जलिरह्यो। जसबाट प्राचीन वास्तु शास्त्र मुताविक निर्माण भएको भक्तपुर नगर पुनः एकपटक नष्ट हुन पुग्यो। सबै पुराना राजदरबार मन्दिर पाटीपौवा निजी घरलगायतको वास्तु पतन हुनपुग्यो। भक्तपुरको पुनःनिर्माणमा जयस्थिति मल्ल देखि अर्को अध्याय शुरु भयो। ने.सं. ४९४ मा पहिलो पल्ट यही कै नेपालभाषामा चिकित्सा तथा तन्त्रमन्त्र सम्बन्धी हरमेखला नामको पुस्तक लेखिएपछि ने.सं. ५०० मा न्यायविकसिनी, ने.सं. ५०१ मा अमरकोश, ने.सं. ५०९ मा गोपालराजवंशावली नेपालभाषामा लेख्न सफल भयो र तत्पश्चात वास्तु सम्बन्धी थुप्रै पुस्तक नेपालभाषाका शब्दहरू उपयोग गरी रचना भयो। यो क्रममा अन्तिम मल्लराजा रणजीत मल्लसम्म कायम रह्यो। मध्यकालमा यसरी वास्तुको विकास उच्च तहमा पुग्दा घर र घरका विभिन्न भागदेखि नगरको विभिन्न वास्तुहरूको नामाकरण नेपालभाषामा उपयोग हुन पुग्यो। ध्वाखा ( ढोका), चुक (चोक, दबु (डबली), सत (सत्तल) पुखु (पोखरी), त्व (टोल) नगरका वास्तुहरू यसको उदाहरण हुन् भने घर भित्रकै छेलि (छिंडी), झ्य (झ्याल), कसी (कौशी) खापा ( खापा), बैग (बुईगल), क्वथा (कोठा), धलीं (दलिन) जस्ता थुप्रै शब्दहरू नेपालभाषामा उपयोग हुनथाल्यो। सोही अनुरूप भक्तपुर नगरको निर्माण हुन थाल्यो। मल्लकालमा गृहनिर्माण विधि, वास्तुलक्षण, गृहवास्तु, देवता, लक्षण वास्तुविधि, गृह निर्माण वास्तु जस्ता कयौं पुस्तकहरू लेखिएकोमा भुपतिन्द्र मल्लले साकोठास्थित साफुकोठामा र रणजीत मल्लले तलेजुस्थित सफुकोठामा सजाएको थियो। पछि ने.सं. ८८९ मा पृथ्वीनारायण शाहले भक्तपुर जित्ने क्रममा साठकोठाको सफुकोठामा आगो लगाई भष्म पारिदियो भने तलेजु भित्रको साफुकोठाको पुस्तकहरू हनुमान ढोका दरबारमा सार्न लगायो। जुन पछि गिवार्ण युद्ध विक्रमको पालामा राष्ट्रिय पुस्तकालय अभिलेखमा संरक्षण हुन पुग्यो र हाल त्यहाँ वास्तुसम्बन्धी करिव २६ वटा जति गन्थ्रहरू सुरक्षित छन्।

## चिनियाँ नीतिकथा

## गाली र ताली

कसैले बाटोको छेउमा इनार बनायो। तिर्खाएका बटुवाहरूले पानी खान पाएर खुशी भए। उनीहरूले इनार बनाउने मानिसको खुबै तारिफ गरे। यस्तो राम्रो ठाउँमा इनार बनाएकोमा उनीहरूले उसको गुणगान गरे।

तर केही दिनपछि अंध्यारो रातमा एक जना बटुवा इनारमा खसेर मर्यो। त्यसपछि सबै मानिसहरूले त्यो इनार बनाउने मानिसलाई निन्दा गर्न थाले। कस्तो कुठाउँमा इनार बनाएछ भनेर उसको बद्ख्वाई गरे।


## आवागमनमा अवरोध नपुऱ्याउन अनुरोध

सडक बाटोको दायाँबायाँ पेटी र फुटपाथमा समेत पसलको सामान, डण्डी, रोडा, बालुवा, निर्माण सामग्रीलगायत अन्य सामानहरू राख्ने गरेको र सवारी साधनहरू समेत रोक्ने/पार्किङ्ग गर्ने कार्यले आवागनमा अवरोध भएको र वातावरण प्रदुषणका साथै दुर्घटनासमेत हुने गरेकोले त्यसरी सामान नराख्न र सवारी साधन पार्किङ्ग नगरिदिनुहुन सम्बन्धित नगरवासी, उद्योगी-व्यवसायी तथा सवारी धनी र चालकहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

# gd'gf ; a\ukfno vf]Ng]xf]ls Û

विगोल

प्रदेश नम्वर २ बाहेक स्थानीय तहको निर्वाचन गत वैशाख ३१ र असार १४ गते सम्पन्न भयो। वि.सं. २०५९ मै हुनुपर्ने निर्वाचन अहिले बल्ल भयो र प्रदेश नम्वर २ को निर्वाचन असोज २ गते भयो। निर्वाचनताका हरेकजसो राजनीतिक दलले घोषणापत्र जारी गरे। उनीहरूले घोषणापत्र अनुसार काम गर्ने वाचा गरे। घोषणापत्र जारी नगरेका दलका उम्मेदवारले पनि आफूहरू निर्वाचित भएमा गाउँ र नगरको विकास गर्ने र नताको सेवा गर्ने प्रतिवद्धता व्यक्त गरे। निर्वाचन भएका प्रदेशका गाउँपालिका र नगरपालिकामा जनप्रतिनिधि बहाल भए। उनीहरू जनताको दैनिकी कार्य र विकासमा खटिन थाले। कति नगरपालिका र गाउँपालिकाका जनप्रतिनिधिहरू विकास योजनाहरू तर्जुमा गर्दै काममा जुटे। भक्तपुर नगरपालिकाले पनि वार्षिक नीति तथा कार्यक्रम तय गरेको छ। आर्थिक वर्ष ०७४।०७५ को लागि अनुमानित आय–व्ययसहित बजेट पारित गरिएको छ। गत असार २९, ३० र ३१ गते सम्पन्न भक्तपुर नगरपालिकाको प्रथम नगरसभामा १ अर्ब ५ करोड ५५ लाख रूपैयाँको अनुमानित बजेट पारित गरियो। उक्त बजेटको आधारमा यो आर्थिक वर्षको लागि योजनाहरू तयार गरिएका छन्।

भक्तपुर नगरपालिकाले सरसफाइ, स्वास्थ्य सेवा, शिक्षा, कला र संस्कृतिको संरक्षण र आवास योजनामा जोड दिंदै आएको यथार्थ हो। शिशुस्याहार केन्द्रदेखि विश्वविद्यालयसम्म खोलेर भक्तपुरलाई शिक्षाको केन्द्र बनाउने नपाको लक्ष्य हो। देशकै सफा, सभ्य र सांस्कृतिक नगर बनाउने नपाको नीति रहेको छ। व्यवस्थित सहर बनाउने नपाको अर्को लक्ष्य हो। यिनै लक्ष्य पूरा गर्न नपाले नीति तथा कार्यक्रम तयार गरिसकेको छ।

नपाले आन्तरिक आम्दानीको ठूलो खर्च सरसफाइमा गरिरहेको छ। नपाभित्र नयाँ बस्तीको विकास भइरहेको छ। केही समयदेखि नयाँ बस्तीको क्षेत्रमा सरसफाइको क्षेत्र बढाएको छ, यो सकारात्मक पक्ष हो। कति बस्तीमा प्रत्येक दिन सरसफाइको काम नभए पनि घर–घरबाट आउने फोहर सङ्कलन गर्नुपर्ने हुन्छ। नयाँ बस्तीमा त्यो काम कहीं भइरहेको छ, कहीं भइरहेको छैन। कहीं हप्ताको एकचोटि फोहर सङ्कलनको काम भइरहेको छ, तर त्यो पुगेको छैन। हप्ताको कम्तीमा दुई पटक घर–घरमै पुगेर फोहर सङ्कलन गर्नुपर्ने देखिन्छ। यसो गर्दा खोला, पर्ती या अन्य ठाउँमा फालिने फोहर कम हुन्छ या हट्दै जानेछ। अहिले विशेषगरी खोला किनारामा फालेको फोहरको प्लास्टिकको पोकाले सफा नगरलाई गिज्याइरहेको छ। अब त प्लास्टिकलाई न्यूनीकरण गर्ने या तह लगाउने उपायको खोजी गर्ने बेला आएको छ।

फोहरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन घरघरबाटै कुहिने र नकुहिने फोहर सङ्कलन गर्ने नपाको नीति सकारात्मक छ। कुहिने वस्तुलाई कम्पोष्ट मल बनाई न्यूनतम मूल्यमा कृषकहरूलाई वितरण गर्ने सोच पनि सकारात्मक हो। तर त्यस्तो मलमा सिसा र फलामका टुक्राहरू मिसिनु हुँदैन। पहिले नपाबाट वितरण गरिएको प्राङ्गारिक मलमा चिम र ऐनाका सिसा र फलामका टुक्राहरू रहेको कारण धेरै घाउचोट लागेर मल किन्ने काम छोडेको थियो। शुद्ध कुहिने वस्तुबाट बनेको प्राङ्गरिक मल भए त्यो सुनमा सुगन्ध हुनेछ र जैविक खेतीको विकासमा थप टेवा पुग्नेछ।

नगरपालिकाले फोहर सङ्कलन गरेबापत सफाइ सेवा शुल्क लिइरहेको छ। सफाइ सेवा शुल्क तिर्नु नगरवासीको कर्तव्य हो। नगरवासीले सफाइ सेवा शुल्क प्रत्येक वर्ष तिर्नु बुद्धिमानी हुनेछ। सरसफाइको लागि मात्रै नपाको करोडौं रकम खर्च हुन्छ। नपाको आम्दानी स्रोत छैन या कम भयो भने या नियमित उठेन भने काममा अवरोध हुन्छ। सेवा शुल्क र व्यवसायिक कर नियमित नतिरेकै कारण नपाको आन्तरिक स्रोत कम भएको हो। आन्तरिक स्रोत भएन भने नगरको सबै ठाउँमा सरसफाइ गर्न त के कर्मचारी पाल्न पनि कठिन हुनेछ। अहिले त पर्यटक सेवा शुल्क उठेर पो केही काम गर्न सहयोग पुगेको हो।

सरसफाइलाई व्यवस्थित गर्ने एउटा उपाय डस्टविन वितरण पनि हो। घर–घरमै कुहिने र नकुहिने फोहर छुट्याउन फरक फरक रङको डस्टविन वितरण भएमा एकातिर कुहिने र नकुहिने फोहर सङ्कलन गर्न सजिलो हुन्छ भने अर्कोतिर घरमै कुहाएर प्राङ्गारिक मल बनाउन सकिन्छ। नपाको यस तयारीलाई यथाशक्य चाँडो व्यवहारमा ल्याउनुपर्छ। तर फोहर सङ्कलन गर्न नपाले तोकेको समयमा सवारी साधनको

बन्दोबस्त गर्नुपर्छ। यसले गर्दा जहाँतहीं फोहर फाल्दैन र जहिल्यै जहाँ पनि सफा सुग्घर भइरहेको हुन्छ। फोहर कम भई फोहर फाल्ने ठाउँको समस्या देखिँदैन। अनि भक्तपुर नगरपालिका नेपालकै सफा नगर बन्ने छ। यसको लागि फोहर निश्चित ठाउँमा निश्चित समयमा फाल्ने संस्कारको विकास गर्नुपर्छ।

नगरभित्र अहिले नगरबाहिरका व्यक्तिहरूको आगमन बढिरहेको छ। जागिर खान, व्यापार, व्यवसाय र अध्ययन गर्न तिनीहरू यहाँ पसेका हुन्। तिनीहरूसँग पनि सफाइ सेवा शुल्क लिनुपर्छ।

भक्तपुरलाई शिक्षाको केन्द्र बनाउने भक्तपुर नपाको लक्ष्य हो। उक्त लक्ष्य पूरा गर्न नै भक्तपुर नपाले शिशुस्याहार केन्द्रदेखि कलेजसम्म सञ्चालन गरिरहेको छ। नपा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने प्रक्रियामा छ। ख्वप विश्वविद्यालय सञ्चालन गर्न शिक्षाविद्हरूको एक समिति गठन गर्ने नपाको योजना छ। अहिले ख्वप कलेज, ख्वप इञ्जिनियरिङ्ग कलेज, ख्वप कलेज अफ इञ्जिनियरिङ्ग, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप मावि र शारदा क्याम्पस मावि तथा ६ वटा शिशुस्याहार केन्द्र सञ्चालन भइरहेको छ। नपाले चलाइरहेको शिशु स्याहार केन्द्र र कलेजहरू देशकै लागि उदाहरणीय काम हो। सस्तोमा गुणस्तरीय शिक्षा दिएर भक्तपुर नपाले देशभरिका विद्यार्थीहरूको सेवा गरिरहेको छ।

ख्वप इञ्जिनियरिङ्ग कलेजले धेरै इञ्जिनियरहरू तयार गर्‍यो। जिल्ला – जिल्लामा इञ्जिनियरहरू देखापरे। आ-आफ्नो सीप र अनुभव लिएर सरकारी तथा गैरसरकारी कार्यालयमा काम गरेर आ-आफ्नो जीवन निर्वाह गरे। ख्वप प्राविधिक अध्ययन संस्थानले धेरै नर्सहरू तयार गर्‍यो। यस संस्थानबाट तयार भएका नर्सहरूको जिल्ला र जिल्ला बाहिरका निजी तथा सरकारी अस्पतालमा पुगेर सेवा गर्ने अवसर मिल्यो। यसरी विभिन्न जिल्लाका जनताका छोराछोरीलाई कम शुल्कमा इञ्जिनियर र नर्स तयार गरेर देशकै जनताको सेवामा नपाले सहयोग गरिरहेको छ।

भक्तपुरलाई शिक्षाको केन्द्र बनाउने काममा सरकारी तथा निजी स्कूलदेखि कलेजको पनि त्यतिकै हात रहेको छ। अझ विद्यालयदेखि कलेजसम्म पढाउने शिक्षक-शिक्षिकाहरूको लगन, मेहनतको महत्त्वपूर्ण हात हुन्छ। भक्तपुर नपाको माग बमोजिम सरकारले ख्वप विश्वविद्यालय सञ्चालन गर्न छिट्टै स्वीकृति दिनेमा जनता विश्वस्त छन्। यो विश्वविद्यालय सञ्चालन भएमा देशको लागि अर्को महत्त्वपूर्ण आयाम हुनेछ र यसले देशकै फाइदा गर्नेछ। त्यसो त ख्वप विश्वविद्यालयसँगै मेडिकल कलेज सञ्चालन भएमा इञ्जिनियर र नर्सको तयारीसँगै डाक्टरहरू पनि तयार हुनेछन्। डाक्टर पनि टोल-टोल र गाउँ-ठाउँमा हुनेछ। यसले स्वास्थ्य सेवा देशभर पुर्‍याउन थप सहयोग हुनेछ।

भक्तपुर नगरापलिकाभित्र रहेका सामुदायिक विद्यालयहरू स्थानीय तहमै आउने र स्थानीय निकायमार्फत सञ्चालन हुने नीति बनिसकेको छ। यसलाई नपाले कहिलेदेखि कसरी सञ्चालनमा ल्याउने हो या त्यसको बन्दोवस्त कसरी हुने हो भन्नेबारे शिक्षकहरूबीच चर्चाको विषय बनिरहेको छ।

नपाले सञ्चालन गरिरहेको जनज्योति पुस्तकालय जिल्लाकै ठूलो पुस्तकालय हो। यस पुस्तकालयलाई नपाले आधुनिक र सुविधा सम्पन्न पुस्तकालयको रूपमा विकास गर्न आवश्यक बजेटको विनियोजन गरिने नपाको नीति तथा कार्यक्रम रहेको छ। जनप्रतिनिधिहरुले आफ्नो कार्यकालभित्र सो पुस्तकालयलाई उद्देश्यअनुसार पूरा गर्ने विश्वास छ। सर्वसाधारणदेखि विद्यार्थी, युवा, महिला, कर्मचारी, शिक्षक, बुद्धिजीवी, व्यापारी-व्यवसायी, लेखक, पत्रकार, किसान, मजदुरदेखि नेतासम्मले अध्ययन गर्ने पुस्तकालयलाई विस्तार र विकास गर्नुपर्ने तड्कारो आवश्यकता छ।

नगरवासीहरूको लागि स्वास्थ्योपचार सहज बनाउन भक्तपुर नपाले च्याम्हासिंग र भगवती स्थानमा स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरिरहेको छ। केन्द्रले पुर्‍याइरहेको स्वास्थ्य सेवाले नगरवासीलाई मात्र होइन जिल्लावासीहरूको लागि स्वास्थ्य सेवामा राहत मिलेको छ। घर-घरमै स्वास्थ्य सेवा पुर्‍याउन जनप्रतिनिधिले नपामा सेवा गरेको सय दिनकै दिनदेखि नर्सिङ्ग सेवा वडा नं. ३, ४ र ६ मा सञ्चालन गरिएको छ। उक्त सेवामा हाल एकजना स्टाफ नर्स र एकजना स्वयंसेविकाको व्यवस्था गरिएको छ। यसले प्रत्यक्ष लाभ नदेखिए पनि अप्रत्यक्ष सेवा पुर्‍याउने छ। गरिबीको कारण उपचार गर्न नसकेका, रोग लागेर पनि बेवास्ता भएर बसेका, परिवारले बेवास्ता गरेका वृद्धवृद्धा, रक्तचाप र परीक्षण गर्ने र गराउने बानी नभएका स्थानीयवासीहरूको निम्ति यो ठूलो राहत हुनेछ। यसले समग्रमा वडावासीहरूको स्वास्थ्य स्थितिबारे मूल्याङ्कन गर्न सहयोग गर्नेछ। कति नागरिकहरू रक्तचापको सन्तुलन नमिलेर त कति समयमै उपचार गर्न नसकेको कारण मरेको पाइन्छ। यो नर्सिङ्ग सेवाले यस्ता बिरामी नागरिकहरूको लागि टेवा पुर्‍याउनेछ। घर-घरमा स्वास्थ्य सेवा पुर्‍याउने, बिरामी, बालबालिका र वृद्धवृद्धाहरूको स्वास्थ्य स्थिति बुझ्ने बन्दोबस्त समाजवादी मुलुकमा हुन्छ। यसरी नै पहिले पनि स्वास्थ्य कार्यकर्तामार्फत नगरवासीहरूको स्वास्थ्य

स्थिति बुझ्ने काम भएको थियो। यस्तो सेवाले नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हकको कार्यान्वयनमा टेवा पुग्नेछ।

भक्तपुर नपाले च्याम्हासिंह स्थितजनस्वास्थ्य केन्द्रलाई २५ शैय्याको ख्वप अस्पतालको रूपमा विकास गर्ने लक्ष्य राखेको छ। अस्पताल भवन नबनुञ्जेल जन स्वास्थ्य सेवा केन्द्रकै प्राङ्गणमा व्यवस्थित टहरा निर्माण गरी अस्पताल सञ्चालन गर्ने जानकारी 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन' कार्यक्रममा दिइएको थियो। ख्वप अस्पतालको भवन बनाउन बजेट विनियोजन गरिसकेको प्रथम नगरसभामा सार्वजनिक गरिसकेको छ। अस्पताल भवन कहिलेसम्ममा तयार हुने हो र कहिलेदेखि सञ्चालन हुने हो ? जनचासोको विषय बनेको छ। ख्वप अस्पताल बनेपछि जिल्लावासीहरूको लागि स्वास्थ्य सेवामा थप लाभ हुनेछ। अस्पताल खोल्नेमा भक्तपुर नपा देशमै पहिलो नपा हुनेछ। अरु नपाको लागि यो अर्को उदाहरणीय काम हुनेछ।

भक्तपुर नगरको पुरानो बस्ती वाह्य तथा आन्तरिक पर्यटकहरूको आकर्षण केन्द्र बनिरहेको छ। भक्तपुरबाहेकका कुनै नेपाली र कुनै विदेशी भक्तपुर नगई मन नबस्ने खालको वातावरण तयार गर्न सक्यो भने भक्तपुर देशकै मुख्य आगमन केन्द्र बन्ने छ र भक्तपुरको एउटा ठूलो आम्दानीको स्रोत बन्ने छ। जीवित सङ्ग्रहालयको रूपमा परिचित भक्तपुरमा राष्ट्रिय कला सङ्ग्रहालय, धातु सङ्ग्रहालयझैं अरु थप सङ्ग्रहालयहरू खोल्न सकिन्छ, जीवित सङ्ग्रहालयलाई अनन्तसम्म कायम राख्न सकिने छ। नयाँ सङ्ग्रहालयमा जन्मेदेखि मृत्यु हुँदा प्रयोग गरिने माटाका भाँडाकुँडा, परम्परागत नाचगानमा प्रयोग गरिने पोशाक, मुकुन्डो र अन्य सामग्रीहरू, यहाँका वाद्यवादनहरू प्रदर्शनमा राख्न सकिन्छ। पहिले पहिले चिउरा कुट्ने ओखर, मुसल, चामल कुट्ने ढिकी, पीठो कुट्ने जाँतो, घरेलु तान र तानमा प्रयोग हुने सामग्री, यहाँका कृषि औजार पनि प्रदर्शनमा राख्न सकिन्छ। यो नमुना सङ्ग्रहालय हुनेछ र भावी सन्ततिको लागि नयाँ अनुभव र शिक्षा हुनेछ।

सङ्ग्रहालयमात्रै मौलिक जीवन्तताको परिचय होइन। यहाँका मौलिक शैलीका घर, मन्दिर, सत्तल, पाटी, मठ, चैत्य, विहार, इनार, ढुङ्गेधारा, पोखरी आदिको पनि संरक्षण गर्नुपर्छ र मौलिक शैली र स्वरूप कायम राख्नुपर्छ। यहाँको मौलिक सम्पदा जोगाउने र जीवन्तता दिने नपाको लक्ष्य हो। नपाको नीति तथा कार्यक्रममा पनि सम्पदा संरक्षण गरी मौलिकता कायम गर्ने उल्लेख गरिएको छ।

भक्तपुरको पुरानो नगर बस्तीमा परम्परागत शैलीमा घर बनाउने घर धनीहरूलाई नपाले आर्थिक सहयोग गर्ने नीति लिएको छ। घरको बाहिरी मोहडामा परम्परागत शैलीको घर निर्माण गरेमा लाग्ने खर्चमा ३५ प्रतिशत आर्थिक सहयोग गर्ने व्यवस्था गरिएको छ। भक्तपुरको संस्कृतिलाई जीवन्त बनाइराख्न समय–समयमा सांस्कृतिक विधाहरूको प्रतिस्पर्धा गरिने, नयाँ पुस्तालाई सांस्कृतिक विधा सिकाउने र त्यस्ता समूहलाई आर्थिक सहयोग गर्ने नीति बनाएको छ। भक्तपुरको कला संस्कृति, सम्पदा संरक्षणसम्बन्धी अध्ययन अनुसन्धान गर्ने शोधकर्ताहरूलाई आर्थिक सहायता दिने नीति पनि बनाइएको छ। यसैबीच परम्परागत नाचगानलाई निरन्तरता दिने उद्देश्यले गाईजात्रा पर्व २०७४ मा देखाइएका उत्कृष्ट नाचगानलाई पुस्कारको व्यवस्था गरिएको छ। यस्तो पुरस्कारको व्यवस्थाले नाचगान टोलीलाई हौसला मिलेको छ। तथापि यहाँ रहेका कतिपय पुराना नाचगानहरू देखाइएको छैन। ती नाचगानहरू नल्याइएको सन्दर्भमा सोधखोज गरेर पछिल्ला दिनमा प्रदर्शन गराउन पाए या त्यस्ता नाचगानलाई अरु कुनै उत्सवमा स्थान दिने व्यस्था भए उपयुक्त हुने देखिन्छ। कला र संस्कृतिको क्षेत्रमा क्रियाशील पूर्वजहरूको पहिचान गरी सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने देखिन्छ। वास्तुकला, धातुकला, चित्रकला, काष्ठकला, मृत्तिका कला, तथा जीवनभर नाचगान, वाद्यवादन र गायनको क्षेत्रमा लाग्ने अग्रजहरूको सम्मान गर्नुपर्ने देखिन्छ। सरकारले नदेखेका, नचिनेका व्यक्तित्वहरूको सम्मान गर्नु उनीहरूको सीपको कदर गरेको हुनेछ।

ईँटा माटोको जोडाइ, एकमुखे, तीनमुखे र पाँचमुखे झ्यालको झिंगति छाना, चारतले घर पुरानो वस्तीको मौलिक पहिचान हो, विशेषता हो। मन्दिरको प्रत्येक तलाको चारैतिर झिंगति छाना, कलात्मक टुँडाल र टुँडालमा कुँडिएका मूर्ति यहाँको अर्को मौलिकता हो। यस्तै भिन्न शैली र स्वरूपका कलात्मक मन्दिर, घर अवलोकन गर्न र सो सम्बन्धी अध्ययन गर्न स्वदेशी र विदेशी पर्यटकहरू भक्तपुर छिर्छन् र फेरि आउने विचार राखी मन्त्रमुग्ध भएर स्वदेश फर्कन्छन्। भूकम्पीय क्षेत्रमा चारतले घर ठिक्कै मानुपर्छ। देशकै सानो जिल्ला र सानो नगरमा दुईतले घर बनाउँदा बस्ने ठाउँको अभाव हुन्छ। सुरक्षाको हिसाबले दुईतले र तीनतले घर उपयुक्त मानिन्छ। भक्तपुरमा कुनै मौलिक सम्पदा, घर, मन्दिर आदि नहुँदो हो त पर्यटकहरू भक्तपुर पस्दैनन् र यहाँ आम्दानीको स्रोत बन्दैन। पर्यटकहरू नआए पर्यटन व्यवसाय सुक्छ। यसैले पनि पुरानो बस्तीको मौलिक स्वरूप र शैलीलाई संरक्षण र संवर्द्धन गर्नुपर्छ। मौलिक शैलीलाई जीवन्तता दिने नपाको लक्ष्यलाई नगरवासीले पनि साथ दिनुपर्छ।

व्यवस्थित बस्तीको विकास समयको माग हो र त्यो आवश्यक छ। व्यवस्थित बस्ती विकास गर्ने उद्देश्यले भक्तपुर


नगरपालिकाले देको मिवा इटापाके आवास योजना सञ्चालन गरेको हो। नपाले आवास योजना सञ्चालन नगरे पनि बस्ती पुरानो नगरभन्दा बाहिर सर्नेमा शङ्का छैन। बस्ती एकपछि अर्को बाहिर सरिरहेको यथार्थ हो। नगरको पुरानो बस्तीभित्र खासै घर बनाउने खाली ठाउँ छैन। थोरै क्षेत्रफल भएको पुरानो नगरभित्र बाक्लो बस्ती छ। कम क्षेत्रफल भएका घरमा दाजुभाइहरू बस्ने ठाउँ पनि छैन। स-साना खाली भएका बारी र घरहरू पनि गल्लीको पनि गल्ली भित्र परेका छन्। बस्ने ठाउँ नै नभएर या नपुगेर बस्ती बाहिर सरिरहेको हो। विना बाटोघाटो भएको ठाउँमा घर बनाउँदा या स-साना गोरेटो तथा चलन चल्तीको बाटो भएको ठाउँमा पछि चाहेर पनि एम्बुलेन्स, दमकलजस्ता इमर्जेन्सी साधन र गाडी लान सकिँदैन, न त त्यहाँ बजारकै बन्दोबस्त हुन्छ। ढलको बन्दोबस्त पनि हुँदैन। बिजुली बत्ती लान र पछि खानेपानीको बन्दोबस्त गर्न गाह्रो हुन्छ। त्यसकारण देको मिवा इटापाके आवास योजना सञ्चालन भएको हो। यस अघि भक्तपुर नपाले तुमचो दुगुरे आवास योजना सञ्चालन गरेको थियो।

तुमचो दुगुरे आवास योजना सञ्चालन गर्न जग्गा अधिग्रहणको प्रक्रिया थालनी भएको दुई दसक भयो। योजना सञ्चालन भएकै एक दसकभन्दा बढी भयो। तर अहिलेसम्म सो योजना पूरा भएको छैन। योजना ढिलो भएकोमा स्थानीय जनताको धेरै गुनासो छ। कति त योजना जानाजानै ढिलाइ गरेको बताउँछन्। योजना यतिढिलो किन भयो ? ढिलो हुनुका कारण के के हुन् ? त्यसमा को को जिम्मेवार छन् भन्ने प्रश्न पनि टोलमा चर्चा परिचर्चा नभएको होइन। यसरी नै ढिलाइ भयो भने देको मिवा इटापाके योजना सञ्चालन गर्न नदिने स्वर पनि नसल्केको होइन। योजना ढिलाइमा दोष कसको ? कर्मचारीको ? आवास योजना उपभोक्ता समितिको ? नपाको ? नगरवासीको ? या अरु कसको ? जनप्रतिनिधि नभएर ढिलाइ भइरहेको हो भने अरु काम भइरहेकै छ। अहिले पनि योजना पूरा गरेर सबैलाई लालपुर्जा बाँडिदैन या घर बनाउने वातावरण बनाउँदैन भने त्यो विडम्वनाकै विषय हुन्छ। यसतर्फ नपाको ध्यान जानैपर्छ। के योजना ढिलाइ गरेर स्थानीय जनतालाई राहत मिल्छ ? नपाले जस पाउँछ ? योजना लम्ब्याएर योजनाको रकम कहिलेसम्म कर्मचारीहरूलाई खर्च गरिरहने ? के योजनाभित्र समस्या सुल्झाउनै नसकिने बाधा अड्चन छ ? समस्या सुल्झाउन अझै कति वर्ष कुर्नुपर्ने ? के त्यो समस्या कहिल्यै सुल्झिँदैन ?

देको मिवा इटापाके आवास योजना तुमचो दुगुरेजस्तो ढिलो हुँदैन, हुनेछैन, ढिलो गर्नु पनि हुँदैन। इटापाके योजना चाँडो सकाउनुपर्छ, छिट्टै लालपुर्जा दिएर घर बनाउने पूर्वाधार तयार गर्नुपर्छ। तर इटापाके योजना छिट्टै सकाउने अनि तुमचो दुगुरे योजना त्यसै थन्काउनु हुँदैन। जनप्रतिनिधिहरूको देश र जनताको हितमा काम गर्नुबाहेक अर्को स्वार्थ छैन भन्ने कुरालाई व्यवहारमा उतार्नु पर्छ र उतार्ने अपेक्षा छ।

## सफाइ अरुको लागि होइन हामी आफ्नै लागि हो।

## बासिबियाँलो



बीचमा साना धसलि काटिएका यी छड्के धर्साहरू समानान्तर छन्।

### उत्तर जहिल्यै १९९८ हुन्छ

एउटा कागजमा १९९८ लेखेर साथीले नदेख्नेगरी घोप्ट्याएर राख्नु होस् र भन्नुहोस् यो उत्तर हो। त्यसपछि साथीलाई तीन अङ्कको एउटा सङ्ख्या लेखाउनु होस्। तपाईंले ती अङ्कको मुनि तीन अङ्कको एउटा सङ्ख्या लेख्नु होस्। फेरि साथीलाई तीन अङ्कको एउटा र तपाइँले पनि तीन अङ्कको एउटा सङ्ख्या लेखेर साथीलाई जोड गराई अघि घोप्ट्याएको कागजमा लेखिएको उत्तरसँग रुजु गराउनु होस्। आश्चर्य ! उत्तर ठ्याकै मिल्छ। के यो सम्भव छ ?

उत्तर– तपाइँले चलाखी जान्नु भयो भने सम्भव छ। यसमा चलाखी के हो भने तपाइँले हरेक पटक लेख्दा साथीले लेखेका अङ्कमा जोड्दा ९ हुने गरी लेख्नुपर्छ। उदाहरणको लागि साथीले ४२० लेखे तपाइँले ५७९ लेख्नुपर्छ।

# आत्मनिर्भरताको लागि घरेलु तथा साना उद्योगको आवश्यकता



कृतिका प्रजापति

सामान्यतया हस्तकला उद्योगलाई घरमै बसेर छोटो समयमा मनग्गे आम्दानी गर्न सकिने पेशाको रूपमा लिइन्थ्यो । हस्तकलाका कतिपय वस्तुहरू मानवसभ्यताको विकासको रूपमा धेरै महत्त्व राख्ने क्षेत्रको रूपमा लिइन्थ्यो । घरेलु तथा साना उद्योग देशभित्रै स्थानीय कच्चापदार्थको उपयोगबाट बनाइएका वस्तुहरूको बिक्री वितरण, प्रवर्द्धन र संरक्षण गर्ने क्षेत्र हो । आफू पनि स्वरोजगार हुन सकिने र अरुलाई पनि रोजगार दिन सकिने साना उद्योगहरूमा विशेषगरी महिलाहरू धेरै आबद्ध छन् र राम्रो आम्दानी पाउँछन् पनि । स्वदेशी कला–संस्कृति, परम्पराको संरक्षण र प्रवर्द्धनको लागि घरेलु तथा साना उद्योगहरूको महत्त्वपूर्ण देन हुन्छ । हस्तकलाका वस्तुहरू जति बनाए पनि बिक्री गर्न समस्या हुने व्यवसायीहरूको अनुभव छ तर यस क्षेत्रप्रतिको सरकारको दृष्टिकोणले गर्दा यथोचित बजार पाउन नसकेको तथ्यमा व्यवसायीहरू स्पष्ट छन् ।

विशेषतः हस्तकला सामग्रीअन्तर्गत हातले बुनेको महिलाहरूको ओड्ने, सारी, ऊनको पञ्जा, स्वीटर, टोपी, ब्याग, पस्मिना सल, माटोबाट बनाइएका मूर्ति, भाँडाकुँडा, गमला, खुत्रुके, पाला, फर्निचरका सामानहरूजस्तै काठको दराज, मेच–टेबल, दूधबाट मिसाएर बनेको चाकु, पोष्टकारी, नेपाली धागो तथा कपडा, नेपाली कागज, कपडाको जुत्ता, पौभा चित्र, ढाका टोपी, गलैंचा आदि पर्दछन् ।

**हस्तकला उद्योगका फाइदाहरू**

व्यवसायीकरणको यो युगमा पनि हजुरबुबाले सुरु गरेको व्यवसायको विरासतलाई नातिको पुस्ताले पनि निरन्तरता दिइरहेको देख्न सक्छौं । हाम्रो सभ्यता, कला–संस्कृति बचाइराख्ने यो उत्तम उपाय पनि हो । बेरोजगारीलाई स्वदेशमै रोजगारी मिल्ने, सीप नहुनेलाई सीप सिकाउने, विदेश जाने युवालाई स्वदेशमै काम गरौं भन्ने उत्प्रेरणा घरेलु तथा साना उद्योगले दिन्छ । विशेषगरी ग्रामीण क्षेत्रका गरिबी रेखामुनि हुर्केका व्यक्तिहरूको लागि यस्तो किसिमको सीपले उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउन मद्दत पुग्छ । आत्मनिर्भर बन्ने यो उपयुक्त माध्यम पनि हो । गाउँ घरमा पाउने बाँस वा अन्य प्रकृतिले दिएको कच्चा पदार्थबाट बन्ने सामान युवाहरूलाई सिकाउन पाएमा चेलीहरू विदेश गएर दुःख पाउने थिएनन् ।

**प्रविधिको प्रयोग**

कुनै पनि व्यवसायमा आधुनिक प्रविधिको प्रयोगले उत्पादन शक्ति बढाउँछ साथै कम समयमा धेरै सामान उत्पादन गर्न मद्दत पुग्छ । कतिपयले हाते तानबाट कपडा उत्पादन थालेकोमा अहिले स्वचालित हुँदै द्रुत गतिको मेसिनको प्रयोगले उत्पादन वृद्धि हुन्छ । त्यस्तै माटोको भाँडा बनाउनेदेखि लिएर अरु कार्यहरूमा पनि मेसिनहरूको प्रयोगले उत्पादन क्षमता वृद्धि गरेको छ र थोरै समयमा धेरै उत्पादन सम्भव भएको छ । तर विडम्बना, उद्योगमा प्रयोग हुने धेरै लागतका ठूल्ठूला मेसिनहरू विदेशबाट आयात गर्नुपर्ने हुन्छ त्यसमा सरकारको आवश्यक सहयोग छैन ।

**के–के हुन् समस्याहरू**

विदेशबाट आयातित र देशकै वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्दा कतिपय उद्योग राम्ररी सञ्चालन हुने सकेका छैनन् भने कति त बन्द भएका छन् । अरु देशबाट आयातित सस्ता उत्पादनका वस्तुहरूसँग प्रतिस्पर्धा गरेर यहाँका उद्योग टिक्न समस्या रहेको व्यवसायी बताउँछन् । स्थानीय उत्पादनका वस्तुहरू विदेशमा अत्यधिक रुचाइएका धेरै मात्रामा निर्यात



माटोका सिंहहरू

भएका वस्तुहरू जस्तै गलैंचा, नेपाली कागजबाट बनेका वस्तुजस्तै डायरीहरू, काठबाट बनेका आँखी झ्याल, माटो तथा मूर्तिका मुकुन्दो, मूर्तिहरू पर्दछन् । तर त्यस्ता उत्पादनले



ढाका टोपी तस्बिरहरू : लेखिका

घरेलु बजार लिन नसक्नु यसको नकारात्मक पक्ष मान्नुपर्छ । सस्तै छ भने पनि नेपाली भनेपछि नाक खुम्च्याउने प्रवृत्ति नेपाली उपभोक्तामा छ । महँगो मोलमा आयातित कपडा किनेर आनन्द मान्ने मानसिकता भएका उपभोक्ताले स्वदेशी वस्तुको उपभोग धेरै कममात्र गर्छन् । उपभोक्ताको मानसिकताले व्यापारको आयु निर्धारण गर्छ । अहिले मान्छेसँग फुर्सद छैन । तुरुन्तै किनेर पाउने सामान उपभोग गर्न रुचाउँछन् । सरकारको ध्यान पनि यस किमिसको उद्योगको प्रवर्द्धन गर्नेभन्दा निजी उद्योगलाई ठूलो मात्रामा कर छुट दिने, कर छली गर्ने र भन्सार छुट दिने किसिमका प्रवृत्तिले घरेलु व्यवसाय छायाँमा परेको हो । अवैध रूपमा भित्रिने विदेशी सामानले स्वदेशी उद्योग बन्द हुने अवस्थामा पुग्दा सरकारको ध्यान यसतर्फ नजानु नेपाल र नेपाली जनताको लागि विडम्बनाको विषय बनेको छ ।



धातु र काठलगायतका विभिन्न वस्तुहरू

**समाधान कहाँ छ ?**

नेपालमा उत्पादन हुने वस्तुको गुणस्तर बढाएर अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने खालको उत्पादनमा जोड दिनु आवश्यक छ । चीनलगायत अरु देशहरूमा घरेलु उद्योगको विकासमा सरकारले वार्षिक हजारौं करोड लगानी गर्छन् र सरकार मातहत ती उत्पादित वस्तुको निर्यात गरेर व्यवसायीलाई सजिलोसँग व्यापार गर्ने वातावरण बनाइदिन्छन् । त्यसैले हाम्रो देशमा पनि स्थानीय बजारमा उत्पादन हुने वस्तुको विकास गर्न सरकारी सहयोग अपरिहार्य छ । उपभोक्ताको ध्यान घरेलु उत्पादनतिर तान्न अभियान नै सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ । स्थानीय उत्पादन मूल्यअनुसार गुणस्तरीय छन् भन्ने विश्वास दिलाउन प्रचारप्रसार पनि गरिनु आवश्यक छ । धेरै व्यक्तिले रोजगारी पाउने पेशा भएकोले सरकारले यसतर्फ ध्यान दिनैपर्ने आवश्यकता देखिन्छ । सरकारले हस्तकला र घरेलु उद्योगलाई सहयोग



थाङ्का लेख्दै महिला

गर्नुको अर्थ पैसाले सहयोग भनेको होइन बरु ऐन-नियम बनाएर, पाएसम्म सबै सरकारी कार्यालयहरूले नेपाली उत्पादनका वस्तुहरू प्रयोग गर्ने नीति बनाउनु भनेको हो । यसले देश र जनता अघि बढ्नेबारे कुनै शंका छैन ।

**अन्तमा,**

जसरी भारतले नाकाबन्दी गर्दा हामीले ग्यास नपाएर एक छाक खान मुश्किल परेको थियो, विदेशी वस्तुसँगको निर्भरताले हामीलाई अपाङ्ग नै बनाइदिन्छ । त्यसैले सरकारको ध्यान निर्यात बढाउने सोचसँगै आत्मनिर्भरताको बाटो अँगाल्ने हुनु आवश्यक छ । सरकारले राजस्व कसरी बढाउने भन्ने भन्दा पनि घरेलु उद्योगहरू कसरी फस्टाउँछन् भनेर सोच्नु आवश्यक छ । नेपाली वस्तुको निर्यात गर्ने वातावरणको सिर्जनामा अगुवाई आवश्यक छ । नेपाली सामानहरू भारत, बंगलादेश, चीन, अमेरिका, अष्ट्रेलिया, जर्मनी जस्ता देशसम्म पुग्छ ।

# नेपालको ‘अन्न भण्डार’ लाई ‘बलि’ चढाएर भारतले कति ‘पुण्य’ कमाउने ?

अनल कुमार

यस वर्षको वर्षामा पनि तराई क्षेत्रमा बाढी र डुबान, मृत्यु र बेपत्ता, विस्थापित र उठिवासका दुःखद समाचार पत्रपत्रिका, रेडियो, टिभीमा प्रशस्तै आए। जलश्रोतको धनी भनिएको देशमा जल प्रकोपको त्रासदीपूर्ण समाचार हामीले धेरै दसकदेखि सुन्दै, देख्दै र भोग्दै आएका छौं। जलश्रोत हाम्रो लागि वरदान हुनुपर्थ्यो तर अभिशाप सिद्ध भइरहेको छ। त्यसोत देशमा एकपछि अर्को राजनीतिक परिवर्तनहरू भए, सत्तामा जानेहरूले विकास र सुधारका धेरै कुरा गरे, प्रगति र सुविधाका बखान पनि प्रशस्तै गरे। तर विडम्वना ! बाढी, पहिरो, डुबान र त्यसबाट मृत्यु, बेपत्ता, विस्थापितका दुःखद समाचार सदावहार बनेको छ।

हिमाल, पहाड र मैदानी अर्थात तराईको नेपालमा मनसुनले हरेक वर्ष ताण्डव देखाइरहेको छ। ‘हरियो वन नेपालको धन’ लाई ‘हरियो वन ठूला वडाको धन’ भएदेखि प्राकृतिक प्रकोपमा मानव प्रकोप थपिएर ताण्डवमा ‘प्रगति’ भएको छ। कुनै पनि सरकारले प्रकोप नियन्त्रणको लागि ठोस काम नगरेको तथ्य हरेक वर्ष दोहोरिने ताण्डवले स्पष्ट गरेको छ। यसमा ‘रोटी-बेटी’ को सम्बन्ध भएको छिमेकी तथा ‘सबथोक’ सहयोग गरेर नेपाल ‘समृद्ध’ भएको हेर्न चाहने ‘मित्र’ भनिएको भारतीय प्रकोप पनि थपिन्दा जलप्रकोपको ताण्डवले फड्को नै मारेको छ। यसमा हाम्रै देशका सत्तामा जाने दलहरू अर्थात विभीषणहरूले नेपाल र नेपालीलाई दुःख, पीडा र संकटमा पार्ने काम ‘कर्तव्य’ ठानेर गरिरहेको तथ्यबाट पनि कुनै सचेत नेपाली अनविज्ञ छैनन्। कुर्सी ओगट्न तीन हातको ज्याल चुहाउने तर कुर्सीमा बसेर कर्तव्य पूरा नगर्ने नेपालका शासक दलहरू कै कारण भारतले नेपाल र नेपालीलाई असह्य दुःख र पीडा दिइरहेको छ। आकाशको फल टिपेर दिने जस्ता आश्वासन बाँडेर चुनाव जित्नेहरू नेपाल र नेपालीलाई हरेक वर्षामा अकल्पनीय समस्या दिने भारतको ज्यादति र दादागिरीविरुद्ध उल्लेखसम्म गर्न त्राहिमाम हुन्छन्। ‘माटो सुहाउँदो’ भनिएको ‘पञ्चायती प्रजातन्त्र’ होस् या ‘उत्कृष्ट’ भनिएको बहुदलीय प्रजातन्त्र र गणतन्त्र सबै सरकारहरू ‘एकै ड्याङका मुला’ सावित भएका छन्।

सत्तामा जाने शासक दलहरू जति बढी कर्तव्यच्यूत हुँदैजान्छ छिमेकी भारतले नेपाल र नेपालीलाई त्यति नै बढी



(चित्र साभार : नागरिक दैनिक)


दुःख दिन थालेको छ। अब त सिंहदरबारमा कुन दल वा नेता कुर्सीमा पुग्यो भन्नु भन्दा कुनै नेपाली दल वा नेता पुग्यो कि पुगेन भनेर सोधखोज गर्न आम नेपाली जनता वाध्य हुन थालेका छन्। नेपाली जनता सत्तामा कुनै सच्चा नेपाली पुगोस् भनेर कामना गर्नुपर्ने अवस्था छ। यस्तो भन्नु कसैको रहर होइन, सत्तामा जानेहरूको व्यवहार कै कारण त्यस्तो भन्न वाध्य पारेको छ।

भूगोलले भारतलाई हाम्रो छिमेकी बनाएको छ। अन्तर्राष्ट्रिय सम्बन्धले भारत हाम्रो मित्र पनि हो, अन्तर्राष्ट्रिय राजनीतिले नेपाल र भारत असंलग्न राष्ट्र पनि हुन्। तर भारतले नेपालप्रति छिमेकीको नाताले, मित्र देशको नाताले गर्नुपर्ने व्यवहार गरिरेहको छैन। सम्बन्धमा छिमेकीपन, मित्रताका मूल्य–मान्यताको अभाव रहँदै आएको छ। अन्तर्राष्ट्रिय कानुनले समेत वर्जित कामहरू भारतले दादागिरी देखाएर हाकाहाकी गरिरहेको छ। अन्तर्राष्ट्रिय कानुनले नदी बगेर जाँदा सीमारेखाबाट १२ किलोमिटर माथि र तल दुवै देशको सहमतिविना बाँध जस्ता कुनै संरचना बनाउन पाइँदैन। तर भारतले दशगजा समेत मिचेर नदीको प्रवाह रोक्ने गरी संरचना बनाएको छ। त्यस्तै छिमेकी देशलाई आघात पर्ने कुनै संरचना बनाउन नपाउने प्रावधान पनि अन्तर्राष्ट्रिय कानुनमा छ। तर भारतले नेपालको कृषि भूमिलगायतका भूमि जलमग्न हुने, बाढी आउने गरी सडक, पुल, तटबन्ध र बाँध जस्ता थरिथरिका संरचनाहरू बनाएका छन्। यसबाट भारत विश्वको सबभन्दा ठूलो प्रजातान्त्रिक देश भनिए पनि ऊसँग प्रजातान्त्रिक आचरण, मानवीय विवेक, मित्रता र छिमेकीपनको छ्यान समेत नभएको स्पष्ट गर्छ। भारत नेपालको छिमेकी हो तर खराब छ, कुटनीतिक सम्बन्ध छ तर शत्रुको व्यवहार गर्छ। त्यसैले नेपालको 'अन्नको भण्डार' मानिएको तराई क्षेत्रलाई भारतले नियोजित रूपमा जलाशयमा परिणत गरिरहेको छ।

## नदी जडान योजना

भारतको एउटा महत्त्वाकांक्षी योजना छ– उत्तरदेखि दक्षिणसम्म नदीको जालो बनाउने अर्थात नदी जोड्ने परियोजना। एक समाचारअनुसार सन् २०२० सम्ममा भारतका नदीहरूमा ३० प्रतिशतमात्र पानी हुनेछ। यसको अर्थ ३ वर्षपछि भारतमा पानीको अकल्पनीय समस्या र संकट सिर्जना हुनेछ। भारतको नदी जडान आयोजना (inter river linking project) अन्तरगत ३७ वटा प्रमुख नदीलाई १२ हजार ५ सय किलोमिटर लामो ३० वटा ठूला नहरद्वारा जोडेर जलसमस्या समाधान गर्ने योजना छ।

नेपाल जलश्रोतमा धनी भए पनि समुद्र छैन परन्तु ताल तलैयाहरू थुप्रै छन्। यसमा कृत्रिम विशाल जलाशयहरू पनि थपिन्दो छ। यसमा कोशी उच्च बाँध र कर्णाली बाँधका कुरा व्यवहारमा आए भारतको नदी जडानको लागि नेपालमा सानो तिनो कृत्रिम समुद्र नै बन्ने निश्चित छ। नेपालका ६ हजार नदी नालामध्ये नेपालबाट भारततर्फ बग्ने ६० वटा नदीमध्ये प्रमुख ठूला नदीमा बाँध, तटबन्ध बनाएर पानी रोक्ने योजना छ। भारतको त्यस 'राष्ट्रिय गौरवको योजना' ले नेपालको तराईको भूभाग जलमग्न बनाएको र बनाउने छ, बाढी निम्त्याएको छ र बर्सेनि जलप्रकोपको ताण्डव हुने गरेको छ।




भारतको नदी जडान योजना

(चित्र : इन्टरनेट)

वर्षामा बाढी र सुख्खायाममा खडेरीले आक्रान्त हुने विश्व कै दोश्रो ठूलो जनसङ्ख्याको देश भारतको नदी जोड्ने योजनामा कसैले टाउको दुखाउनु आवश्यक छैन। परन्तु उसको आफ्नो परियोजना छिमेकी देश र जनतालाई समस्या र संकटको कारण र कारक बन्नु हुँदैन। तर भारतले नेपालको कृषि भूमिका जलाशय बनाई, नेपालीलाई जलप्रकोपमा पारी आफ्नो मात्र हित हेरेको छ। कोशी बाँध, टकपुर बाँध, गण्डक बाँध, शारदा बाँध लगायतका क्षेत्रको भ्रमण गर्नेहरूले नेपाली भूमिमा विशाल जलाशयहरू देख्ने गरेका छन्। त्यसमाथि लक्ष्मणपुर बाँध, रसियावाल खुर्दलोटन बाँध आदिले नेपालका तराईका भूमि र गाउँमात्र डुबानमा परेका छैनन् विश्व सम्पदा सूचीमा रहेको लुम्बिनीसमेत डुबानमा पर्ने खतरा छ। यो छिमेकीपन, मित्रताको मूल्यमान्यता र मानवीय गुण र चरित्रकै प्रतिकूल छ।

भारतले नेपालसँगको सीमाका पूर्वदेखि पश्चिमसम्मका विभिन्न भागका दशगजा सँगै र दशगजा नै मिचेर सडक, पुल र तटबन्धहरू बनाएका छन्। सीमासँगै सडक बनाउने भन्दै ३-४ मिटर अर्थात १०-१५ फीट अग्लो बनाएर नदीको प्रवाहलाई थुनेको छ। त्यस्तै पुल बनाउने नाममा उसले पानीको बहाव रोक्न ढोका राखेको छ। यसबाट ती सडक र पुल यथार्थमा तटबन्ध बनेको छ। यसरी भारतले बनाएका सडक, पुल, तटबन्ध र बाँध सबैले बग्ने नदी थुनिएपछि नेपालको तराई क्षेत्र भारतको जलाशयमा परिणत भएको छ। जव वर्षातमा नदीहरूमा पानीको परिमाण बढ्छ त्यस्तो बेलामा भारतले पानीको बहावलाई सहजमार्ग दिन पुल र बाँधका ढोकाहरू आवश्यकताअनुसार खोलिदिएको भए पनि नेपालमा डुबान, विस्थापित र उठिवास तथा मृत्यु र क्षतिमा कमी हुन्थ्यो। मित्र भनिएको भारतले त्यो पनि गर्दैन। जनताले ढोका खोल्न माग छर्न्, विरोध गर्छन् तर कान थुनेर बस्छ, नेपाल र नेपालीको विपत्तिमा तमाशे बनिदिन्छ। यता हाम्रा सरकार र शासक दलहरू भने जनताको विपत्तिमा अवलोकन-भ्रमणको नाउँमा हेलिकप्टरमा सयर गर्ने अवसर बनाउँछन्।

नेपालको भूमि डुबानमा पार्ने भारतले बनाएका बाँध-तटबन्धहरूको सूची लामो छ-

**१. शारदा बाँध** (कञ्चनपुर)- भारतमा अंग्रेज शासनकै बेला महाकाली नदीमा सन् १९२० मा ३२ ढोकाको शारदा बाँधको सन्धि भएको थियो। त्यो बाँध बनाउन सट्टा भर्ना दिने गरी नेपालको ४००० एकड भूमि उपयोग गरिएको थियो। तर सट्टा भर्ना अहिलेसम्म पाइएको छैन र त्यस बाँधबाट नेपाललाई दिने भनिएको ४६० क्युसेक पानी पनि कहिल्यै पाएको छैन।

**२. कोशी बाँध** - वि.सं.२०११ सालमा भएको सम्झौताबाट सुनसरीमा बनेको कोशी बाँध १९९ वर्ष भारतले सञ्चालन गर्नेछ। अझै १४७ वर्ष बाँकी छ। यो बाँध ५० वर्ष पुरानो भएकोले कुनै पनि समयमा भत्किन सक्ने बताइएको छ। यो बाँधले नेपालको ठूलो भूभागमा विशाल जलाशय बनेकोछ।

**३. गन्डक बाँध** (भैंसालोटन)- वि.सं. २०१६ मा भएको सम्झौताबाट नवलपरासीमा बनेको यो बाँधको कारण नवलपरासीका १३ गाविसका वासिन्दा दसकौंदेखि पीडित छन्। स्थानीय जनताले पटक पटक विरोध र संघर्ष गरेपनि ठोस समाधानको लागि नेपाल सरकारले पहलसम्म गर्न सकेको छैन।

**४. टनकपुर बाँध** (कञ्चनपुर)- वि.सं. २०४८ सालमा सन्धि हुनु अगाडि नै बनेको बाँधको लागि ५७७ मिटर नेपाली भूमि मिचेर तटबन्ध बनाइएको छ। यसबाट नेपाली भूमिमा विशाल जलाशय बनेकोछ।

**५. पञ्चेश्वर बाँध-** २०४८ सालको टनकपुर 'समझदारी' को व्यापक विरोधपछि त्यसलाई सन्धिमा परिणत गऱ्यो। पछि २०५२ सालमा टनकपुरसमेत गाभेर महाकाली सन्धि गरियो।। त्यस सन्धिअनुसार पञ्चेश्वर बाँध बनाइयो भने नेपालको पहाडी क्षेत्रमा पनि अर्को एउटा विशाल जलाशय बन्नेछ।

**६. कोशी उच्च बाँध** (सुनसरी)- यो प्रस्तावित बाँधले नेपालमा अहिलेसम्मकै सबभन्दा ठूलो जलाशय बनाउने छ। उच्च बाँधको कारण नेपालका ६ जिल्लाका ठूलो क्षेत्रफलको जमिन डुब्ने र जनता विस्थापित हुनेछन्। यसबाट तराईमात्र होइन पहाड पनि डुबानमा पर्नेछ।

'समृद्ध' नेपालको चाहना राख्ने भारतले नेपालको 'अन्न भण्डार' रहेको तराई क्षेत्रलाई जलाशयमा परिणत गर्न अन्तर्राष्ट्रिय कानुन, छिमेकीपन र मित्रताको मूल्य-मान्यता विपरीत एकतर्फी थुप्रै तटबन्ध र बाँध, सडक र पुलहरू बनाएका छन्। **जस्तै -**


**७. लक्ष्मणपुर बाँध-** सीमा नजिक २०३७ मा बनाएको यो बाँधले नेपालको बाँकेका गाउँहरू डुबानमा पर्ने गरेकोछ।

**८. कलकलुवा तटबन्ध-** लक्ष्मणपुर बाँधसँगै जोडेर २०५६ सालमा बनाइएको यस तटबन्ध समेतको कारण ५०० विघा नेपाली भूमि डुबान र कटानमा पर्ने गरेकोछ।

**९ धौलीगंगा बाँध-** भारतको धार्चुलाबाट महाकाली नदीमा मिसिने धौलीगंगामा बनाइएको यस बाँधको कारण २०७० सालमा दार्चुलाको सदरमुकाम खलंगा बजार नै बगाएको थियो।

**१०. कोइलाबास तटबन्ध-** दाङको सीमा नजिक बनाइएको यो बाँधको कारण बर्सेनि हजारौं नेपालीको खेत र घर-आंगन डुबानमा पर्ने गरेकोछ।

**कोशी बाँध**




(तस्बिर : इन्टरनेट)

**११. महलीसागर बाँध–** कपिलवस्तुको सीमा नजिक २०५९ सालमा बनाइएको यस बाँधको कारण सुख्खा याममा समेत १९१ हेक्टर नेपाली भूमि डुबानमा पर्ने गर्छ ।

**१२. रसियावाल–खुर्दलोटन बाँध–** रूपन्देही सीमा नजिकको यो बाँधको कारण नेपालका १८ गाउँका बासिन्दाले बर्सेनि डुबानको समस्या भोग्नु परेकोछ ।

**१३. डन्डा फरेना बाँध–** रूपन्देहीको सिद्धार्थनगर नगरपालिकाको सीमाबाट ६ मिटर टाढा बनाइएको यस बाँधमा ३ किमि लामो तटबन्धसमेत बनाएको छ । यसबाट सिद्धार्थनगरको भूभागसमेत डुबानमा पर्ने गरेकोछ ।

**१४. लाल बकैया तटबन्ध–** रौतहट भएर बग्ने लाल बकैया नदीमा ८ किमि लामो तटबन्ध बनाइएको छ । यस तटबन्धको कारण गौर नगरपालिकाका साथै ४ गाविसका अधिकांश भाग हरेक वर्ष डुवानमा पर्ने गरेकोछ ।



गण्डक बाँध

(तस्बिर : इन्टरनेट)

**१५. बैरगनिया तटबन्ध–** रौतहटको सीमा क्षेत्रमा भारतले एकतर्फी बनाएको १५ किमि लामो १०–१२ फिट अग्लो यस तटबन्धको कारण बागमती र लाल बकैया नदीको प्राकृतिक बहाव मोडिएर रौतहटको सदरमुकाम गौरलगायत छिमेकका ६ गाविसका भूभाग बर्सेनि डुबानमा पर्ने गरेकोछ ।

**१६. बागमती तटबन्ध–** बाढी र डुबान नियन्त्रणको लागि भनेर भारतले रौतहट नजिकै बागमती नदीको दुवै किनारामा बनाएको यस तटबन्धले भारतमा बाढी नियन्त्रण गरेको तर नेपालको भूभाग डुबानमा पारेको छ । बागमतीसँगै रातु बाँधसमेत बनाइएको छ । त्यसले नेपाली भूमि थप डुबानमा परेको छ ।

**१७. कमला तटबन्ध–** धनुषा र सिरहाको सीमाभई बग्ने कमला नदीको दुवै किनारमा भारतले बनाएको यस तटबन्धको कारण लहान नगरपालिकाको केही भूभागसहित ६ गाविसका भूमि बर्सेनि डुबानमा पर्ने गरेकोछ ।

**१८. सिरहा तटबन्ध–** सिरहा सदरमुकामबाट ५ किमि दक्षिणतर्फ हरकट्टी गाविस नजिकैको दशगजा क्षेत्रमा बनाइएको यो ३ किमि लामो २० फिट चौडा तटबन्धको कारण पनि नेपाली भूमि डुबानमा पर्ने गरेकोछ ।

**१९. खाँडो तटबन्ध–** सप्तरी सदरमुकाम राजविराजको दक्षिणमा रहेको लालापट्टी नदीमा निर्मित यस तटबन्धले नेपाली भूभाग डुबानमा पार्छ र भारततर्फ पानी नियन्त्रण हुन्छ ।

**२०. कुनौली तटबन्ध–** सप्तरीको सीमाक्षत्रेबाट १ मिटर दूरीमा एकतर्फी बनाएको यस तटबन्धले सप्तरी जिल्लाको ११ गाविसलाई डुबानमा पार्दछ ।

**२१. लुना बाँध–** मोरङको बक्राह नदीमा सीमाक्षेत्र नजिकै बनाएको यस बाँध भारततर्फ पानी नियन्त्रण हुन्छ तर नेपालतर्फ जलाशय बनाउँछ ।

**२२. कैलाशपुरी बाँध** (गिरिजापुरी) – कैलालीको जबलपुरभन्दा केही पर मोहना नदीमा बनाइएको यस बाँधको कारण नेपालका दर्जन गाउँमा बर्सेनि नोक्सानी पुऱ्याउने गरेको छ ।

**२३. गोपिया बाँध–** कैलालीकै कञ्चनपुरदेखि पूर्वतर्फ बनाइएको यस बाँधले पनि ३–४ गाउँ डुबानमा पर्ने गरेको छ ।

नेपालको भूमिलाई जलाशय बनाउने भारतीय बाँध र तटबन्धहरूको माथिको नक्सा र विवरणले प्रत्येक नेपालीलाई चिन्तित बनाउँछ । तर हरेक सरकारले झारा टारेर समय बिताउँछ र बिताएको छ ।

माथिको नक्सा र विवरणले भारतले मेचीदेखि महाकालीसम्म ३३ ठाउँमा संरचना बनाएकै कारण नेपालमा बाढी र डुबानको समस्या बढेको स्पष्ट छ । बाढी पहिले पनि आउँथ्यो तर खेतै खेत भएर बगेर जान्थ्यो । तर भारतले एकपछि अर्को बाँध र तटबन्ध, सडक र पुलका नाममा पानीको प्रवाह रोक्दा 'नेपालको अन्नको भण्डार' कहालिएको तराईको भूभाग जलमग्न हुन थालेको छ । एक समाचार अनुसार नेपालको तराई क्षेत्रका करिब ८० प्रतिशत भूभाग अन्तर्राष्ट्रिय कानुनसमेत मिचेर बनाइएका भारतीय बाँध, तटबन्ध, सडक र पुलका कारण जलाशयमा परिणत भएको छ ।

यसरी नेपाललाई संकटमा पारेर वा 'अन्न भण्डार' को बलि दिएर भारतले फाइदा अर्थात 'पुण्य' कमाएकोमा जनताले विरोध र संघर्ष गरिरहेका छन् । तर सत्तामा बस्ने र जानेहरूले चुइँक बोल्न नसक्नु, बोलिहालेमा केवल झाराटार्ने मात्र नियत राख्नुले स्वतन्त्र, स्वाधीन, सार्वभौमसत्ता सम्पन्न

नेपालको जगेर्ना हुन सक्दैन । त्यसैले भारतीय दासता स्वीकार्ने र चाकडीमा व्यस्त हुने शासकदलहरूलाई खबरदारी गर्न, सचेत पार्न र तहलगाउन 'सार्वभौमसत्ता र राजकीय सत्ता सम्पन्न नेपाली जनता' नै संगठित भई संघर्षमा ओर्लन स्थिति र समयले माग गरिरहेको छ– सबैलाई चेतना भयो !

भारतले नेपालसँग 'समझदारी' गरेर र नगरेर, एकतर्फी बनाइएका उपरोक्त बाँध–तटबन्ध बाहेक सीमा क्षेत्रका विभिन्न भागमा सडक र पुलहरू बनाएका छन् । त्यसले पनि नेपालको ठूलो क्षेत्रफल डुबान परेको र बाढी आउने गरेको छ ।

यसै सिलसिलामा कोशी उच्च बाँधको चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

**कोशी उच्च बाँध**

कोशी नदीलाई विहारको दुःख भन्ने भनाई धेरैले सुनेका छन् । तर ५६ ढोका भएको एक किलोमिटर १७५ मिटर लामो कोशी बाँध बनाए पछि कोशी नदी विहारलाई वरदान र नेपाललाई अभिशाप भएको छ । कोशी बाँधको संरचनागत प्राविधिक आयु सकिएकोले कोशी उच्च बाँधको कुरा जोडतोडले उठाउन थालिएको छ । प्रस्तावित उक्त उच्च बाँध २६९ मिटर अग्लो हुने छ । त्यसले नेपालका सुनसरी, उदयपुर, भोजपुर, संखुवासभा, तेह्रथुम र धनकुटा जिल्लाहरू प्रभावित हुनेछन् । ती ६ जिल्लाका ७९ गाविसका भूमि र बस्ती डुबानमा पर्ने विज्ञहरूले बताएका छन् । त्यसबाँध बनाइएमा नेपाली भूमिमा कति ठूलो जलाशय बन्ने होला ?

कोशी उच्च बाँध आवश्यक नै हो भने भारतीय भूमिमा नै बनाए हुन्थ्यो– सबैले यस्तै सोच्छन् । तर भारतमा त्यस्तो बाँध बनाउनै मिल्दैन अर्थात भौगोलिक रूपमा बनाउनै सकिन्दैन । त्यसैले नेपालमै बनाउनु पर्छ अर्थात डुबान क्षेत्र वा जलाशय नेपाली भूमि नै हुनुपर्छ । तर फाइदा भारतलाई धेरै र नेपाललाई थोरै हुन्छ । त्यसैले उच्च बाँधको कुरा आउँदा धेरैले 'भैंसी पाल्ने' कथा सम्झिन्छन् । त्यस कथामा एउटा भैंसी दुईजना मिलेर किन्छन्, एकले अगाडिको र अर्कोले पछाडिको भाग पाउँछ । अगाडिको भाग पाउनेले घाँस–दाना खुवाउने र पछाडिको भाग पाउनेले दूध र मल (गोबर) पाउँछ । शारदा, गण्डक, कोशी, टनकपुरमा यस्तै भइरहेको छ– फाइदा जति भारतलाई डुबान र बाढी जति नेपाललाई ।

भारतको हित र नेपालको अहित चाहने केही कथित विज्ञहरू उच्च बाँध बनाइए बिजुलीबाट धेरै फाइदा हुने बताउँछन् । तर झन्डै एक खर्ब मुआब्जा दिएर, विशाल भूभाग जलाशय बनाएर उत्पादित बिजुलीबाट नेपालले कति फाइदा लिने ? कोशी बाँध, शारदा बाँधबाट पाउनु पर्ने फाइदा आजसम्म नेपालले पाउनसकेको छैन भने भोलि दिन्छ भन्ने प्रत्याभूति कसले दिन्छ ? त्यतिमात्र होइन वर्षामा धेरै विजुली दिने, सुख्खा र हिउँदमा थोरै विजुली दिने गरिएको यथार्थमा भोलि हुने फाइदा भनेको दाजुभाइले एकजोर जुत्ता किने जस्तै हो । बाठो दाजुले दिनभरि जुत्ता लगाउने भाइलाई रातभर जुत्ता लगाउन दिने जस्तो 'साझेदारी' के बुद्धिमानी र न्यायोचित हुन्छ ? नेपालको विशाल भूभाग अहिले डुबानमा पारेर ५–१० वर्षपछि फाइदा हुने कुरामा र्‍याल चुहाउनु बुद्धिमानी नहुने कुरा अर्थशास्त्रीहरू पनि बताउँछन् । आकाशको फल जस्तो लाभ, मही नदिनेले दूध दिने जस्ता कुरामा विश्वास गर्नु सट्टे बुद्धिको होइन मूर्खताको परिचय मात्र हुनेछ ।



टनकपुर बाँध

(तस्बिर : इन्टरनेट)

यसका साथै भूकम्पीय जोखिम धेरै भएको नेपालमा २६९ मिटर अर्थात ९१२ फीट अग्लो बाँध के उपयुक्त होला ? कथं कदाचित भूकम्प वा अन्य कारणले त्यो बाँध भत्किएमा कति भयानक विनाश निम्याउला ? त्यसैले दास मानसिकताले होइन स्वतन्त्र र विवेक युक्त बुद्धिले सोच्नुपर्ने देखिन्छ ।

यसै सन्दर्भमा कर्णालीमा उच्च बाँधको चर्चा पनि यहाँ स्मरणीय छ । त्यहाँ ४१० मिटर अर्थात झन्डै १४०० फीट अग्लो बाँध बनाइयो भने संसारकै सबभन्दा अग्लो बाँध हुनेछ । त्यसले समुद्र नभएको देशमा सानोतिनो समुद्रजत्रै जलाशय बन्नेछ । तर भूकम्प वा अन्य कुनै कारणले त्यो बाँध भत्कियो भने परिणाम के होला ?

सहयोग सामग्री

१. नयाँ पत्रिका (२०७४।४।३२)

२. नागरिक (२०७४।५।१)

नागरिक भावना

# विश्वास

हेमन्त

हरेक दिन कृष्णभक्त बिहान ४ बजे ओछ्यानबाट उठ्ने बित्तिकै सार्वजनिक शौचालय जान्थ्यो। आफ्नै टोलको ढुङ्गेधारामा स्नान गर्थ्यो र टोलभरिका विभिन्न मन्दिरहरू चहार्दै बिस्तारै माइला साहुको भट्टी पसलमा हाजिर हुन्थ्यो। त्यसबेलासम्ममा घडीले बिहानको ५ बजाइसकेको हुन्थ्यो।

कृष्णभक्त पसलमा पस्ने बितिकै माइला साहुले एक गिलास रक्सी उसको अगाडि टक्क राखिदिन्थ्यो। आफ्नो अगाडि रक्सीको गिलास पाएलगत्तै उसले स्वात्त गिलास तानेर एकै सासमा गिलास रित्याउँथ्यो र रु.५ को नोट साहुको अगाडि हुत्याउँदै बाहिरिन्थ्यो। पसले र ग्राहकको बीचमा वस्तुको मोलमोलाइ र मात्राको विषयमा बोल्नै नपर्ने कस्तो आनन्दको व्यापार ! कृष्ण चुपचाप आउँथ्यो र एक गिलास स्वाट्ट पारेर चुपचाप फर्कन्थ्यो। कृष्णभक्तको दैनिकी यस्तै थियो।

कृष्णभक्त नगरपालिकाको सफाइ मजदुर हो। आफ्नो सहर, टोल सफा गर्दा इज्जत जाँदैन। सफा गर्नु पनि देश र जनताको सेवा गर्नु हो भन्ने भनाइबाट प्रभावित भएर ऊ सफाइ मजदुरमा भर्ती भएको थियो। सफाइ मजदुरको काम गर्दा सेवा पनि हुने र मेवा पनि पाइने। सफाइ मजदुर हुनुभन्दा अगाडि कृष्णभक्तमा जाँड-रक्सी खाने लत बसेको थिएन। वर्ष वर्षमा आउने चाडबाडमा सगुनको रूपमा अलिअलि घरमै बनाएको रक्सी मात्रै खाने गर्थ्यो। अरु बेला छुने सम्मन् गर्दैनथ्यो। ठीक ६ बजेपछि वडा कार्यालयबाट सफाइ कार्यमा चाहिने सामानहरू च्वाफी, साविल र गाडा लिएर सडक र गल्ली सफा गर्दै हिँड्थ्यो।

पुस महिनाको बिहान साह्रै नै जाडो थियो। कृष्णभक्त जाडोको वास्ता नगरी च्वाफीले सडक बढार्दै आइरहेको थियो। त्यसैबेला उसले राम दाइ आफूतिर आउँदै गरेको देख्यो र टाढैदेखि नमस्कार गऱ्यो।

"ए, कृष्णभक्त ! के आज पनि रक्सी खाएर आयौ ? मैले रक्सी नखानु भन्या होइन।" समाजसेवी राम दाइले सडक बढार्दै गरेको कृष्णभक्तलाई एकै भेटमा हप्काइहाले।

"खानु हुँदैन भन्ने कुरा त मलाई पनि थाहा छ राम दाइ ! तर के गर्नु, यस्तो फोहोर ठाउँ सफा गर्नुपर्छ। दुर्गन्ध आउँछ, फोहोरबाट निस्कने रोगका किटाणुहरूबाट बच्न पनि त पऱ्यो नि ! कस्तो नबुझ्नुभ'को तपाईंले ?" कृष्णभक्तले ङिच्च पर्दै भन्यो।

"त्यस्तै होला भनेर नगरपालिकाले मास्क, पञ्जाको बन्दोबस्त गरिदिएको छ त। मास्क लाउँदैनौ तिमीहरू।"

"मास्क लाउँदा सास फेर्न गाह्रो हुन्छ क्या दाइ ! त्यसैले मास्क नलाएको। एक गिलास रक्सी खाएपछि जाडो पनि नहुने र त्यही रक्सीको बास्नाले रोगका कीटाणु पनि भाग्ने अनि किन लाउनु पऱ्यो त मास्क।" गर्वका साथ कृष्णभक्तले जवाफ फर्कायो।

"आहा ! तिमीले गजबको कुरा सुनायौ त, कसले सिकायो हँ तिमीलाई यस्तो कुरा ?" राम दाइले हाँस्दै सोधे।

"पहिला मलाई यस्तो कुरा थाहा थिएन राम दाइ, गल्ली भित्रको फोहोर उठाउँदै गर्दा भिमचाले सारै हितैषी भएर बताएको थियो। फोहोर ठाउँमा काम गर्दा विभिन्न किसिमका सरुवा रोगहरू लाग्ने सम्भावना हुन्छ रे, रोकथामको लागि अलि अलि रक्सी खाने गर्नुपर्छ भन्ने सुझाव उसैले दिएर पो मैले थाहा पा'को नि। यसो विचार गर्दा भिमचाको सुझाव मनासिव लाग्यो। अनि माइला साहुको पसलमा तलब आएपछि तिर्ने गरी रक्सी उधारो खाने गरेँ। अब त उधारो खाने गऱ्या छैन पैसा तिरेरै खान्छु।" कृष्णभक्तले बिस्तार लगाएर सबै कुरा सुनायो।

'ए, त्यसो भए तिम्रो बानी बिगार्ने त्यो भिमचा रहेछ ! यतिका वर्ष किसान संघमा काम गरिसकेको व्यक्तिले भिमचालाई चिन्न सकेनौ। यो नगरको विकास हेर्न नचाहने जनविरोधी मान्छे हो त्यो। सारा जनताले सफा गरेको ठाउँमा फोहोरको थुप्रो फ्याँक्दै हिँड्ने नागरिक भावना नभएको मान्छे हो त्यो।" राम दाइले भिमचाका सारा कुकार्यहरू सम्झँदै सुनाउन थाले।

"हुन त ऊ खराब मान्छे हो भन्ने कुरा मलाई थाहा थियो, तैपनि त्यसबेला उसले दिएको सुझाव राम्रो लाग्यो। किनकी फोहोर सफा गर्दा दुर्गन्ध आउँथ्यो। साना साना भुसुनाहरू मेरो वरिपरि झुमिन्थे। रक्सीको बासनाले किरा भगाउँछ कि भनेर मैले रक्सी खान थालेको हुँ राम दाइ !" अबुझ कृष्णभक्तले बिस्तारै आफ्नो कमजोरी बतायो।

"खराब मान्छेले कहिल्यै राम्रो सुझाव दिँदैन, बुझ्यौ ? नगरपालिकाका सफाइ मजदुरहरू रक्सीकै कारण अकालमै कति जना मरिसके सम्झना छ ? तिमी पनि त्यही लाइनमा बस्दै छौ कि के हो ? जनविरोधीको कुरामा विश्वास गर्नुहुन्छ ?" राम दाइले कृष्णभक्तलाई आफ्नै सन्तान सम्झेर गाली गरे। कृष्णभक्त पनि आफ्नो कमजोरीलाई मनन गरी शिर निहुराइ रह्यो। अन्तमा उसले भन्यो- "हो, साँच्चै हो। रामे, श्यामे, डम्बरे र कृष्णे रक्सीकै कारण मरेका हुन्। तिनीहरू पनि राम्रै सफाइ मजदुरहरू थिए।"

राम दाइ मनमनै कुरा खेलाउँदै बरबराउँदै, आफ्नो बाटो लागे। कृष्णभक्त भने निक्कै बेरसम्म पनि हातको च्वाफीतिर हेर्दै टोलाएर बस्यो।

# नेपालको संविधान २०७२ (२४)

## भाग – १७

## स्थानीय कार्यपालिका

**२१४. स्थानीय तहको कार्यकारिणी अधिकार** : (१) स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहनेछ।

(२) स्थानीय कार्यकारिणी अधिकार अनुसूची–८ र अनुसूची–९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ।

(३) यो संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुनेछ।

(४) गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुनेछ।

(५) उपधारा (४) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानून बमोजिम हुनेछ।

**२१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था** : (१) प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका अध्यक्ष रहनेछ। निजको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुनेछ।

(२) उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र उपधारा (४) बमोजिम निर्वाचित सदस्य रहनेछन्।

(३) अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्बन्धित गाउँपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्नेछन्।

स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "अध्यक्ष र उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष सम्झनु पर्छ।

(४) धारा २२२ बमोजिमको गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन्।

(५) देहायको योग्यता भएको व्यक्ति अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पदमा निर्वाचित हुन योग्य हुनेछ :–

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र

(घ) कुनै कानूनले अयोग्य नभएको।

(६) अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ।

(७) अध्यक्षको पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति गाउँपालिकाको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।

(८) देहायको कुनै अवस्थामा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पद रिक्त हुनेछ :–

(क) अध्यक्षले उपाध्यक्ष समक्ष र उपाध्यक्षले अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा।

(९) अध्यक्ष वा उपाध्यक्षको एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा उपधारा (७) बमोजिम पद रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा हुनेछ।

**२१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था** : (१) प्रत्येक नगरपालिकामा एक जना नगर कार्यपालिका प्रमुख रहनेछ। निजको अध्यक्षतामा नगर कार्यपालिका गठन हुनेछ।

(२) उपधारा (१) बमोजिमको नगर कार्यपालिकामा एक जना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र उपधारा (४) बमोजिम निर्वाचित सदस्य रहनेछन्।

(३) प्रमुख र उपप्रमुखको निर्वाचन सम्बन्धित नगरपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने छन्।

स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "प्रमुख र उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख सम्झनु पर्छ।

(४) धारा २२३ बमोजिमको नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक

समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगर कार्यपालिकाको सदस्य हुने छन् ।

(५) देहायको योग्यता भएको व्यक्ति प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पदमा निर्वाचित हुन योग्य हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र

(घ) कुनै कानूनले अयोग्य नभएको ।

(६) प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ ।

(७) प्रमुखको पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति नगरपालिकाको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

(८) देहायको कुनै अवस्थामा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पद रिक्त हुनेछ :-

(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुखले प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा ।

(९) प्रमुख वा उपप्रमुखको एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा उपधारा (८) बमोजिम पद रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा हुनेछ ।

**२१७. न्यायिक समिति** : (१) कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ ।

(२) उपधारा (१) बमोजिमको न्यायिक समितिमा गाउँ सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरू रहनेछन् ।

**२१८. गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्य सञ्चालन** : गाउँ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।

**२१९. स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था** : यस भागमा लेखिए देखि बाहेक स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था यस संविधानको अधीनमा रही संघीय कानून बमोजिम हुनेछ ।

**२२०. जिल्ला सभा र जिल्ला समन्वय समिति** : (१) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ ।

(२) जिल्ला सभामा जिल्ला भित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहनेछन् । गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्नेछ ।

(३) जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।

(४) सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुनेछ । जिल्ला समन्वय समितिको प्रमुख उपप्रमुख वा सदस्यको पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिको गाउँ सभा वा नगर सभाको सदस्य पद स्वतः रिक्त हुनेछ ।

(५) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ ।

(६) देहायको कुनै अवस्थामा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद रिक्त हुनेछ :-

(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख वा सदस्यले प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा ।

(७) जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,

(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

(८) जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

(क्रमशः)




**Henry Ambrose Oldfield's**

# SKETCHES FROM NIPAL 17

**CHAPTER XVII.**

WILD ELEPHANTS.

In December 1851 I accompanied for a few days the camp of the Maharajah and Jang Bahadur on a shooting excursion in the Terai. The rendezvous was at Hetowara, where we all arrived on the morning of the 19th. In the afternoon the King, Jang, myself, and some of his brothers made a circuit of a few miles, on elephants through the jungles, to see if we could pick up any game.

In the course of an hour or two, Jang came upon fresh tracks of elephants, and prepared for a dour* after them. Three or four staunch fast elephants were selected, their howdahs and trappings removed on to others, so that they were quite free from any gear which could embarrass them in passing rapidly through the tree jungle. Besides his mahaut each elephant had one other man on his back. On this occasion there were only four or five elephants, Jang, Captain Sutaram, and three or four others accompanying them. The riders wear almost as little clothing as the elephants, and take off their turbans, shoes, kummurbunds, &c, so as to be quite free to use their limbs. Each mahaut was provided with a set of ropes, to act as lassos to secure the wild elephants if they came up with them. Jang and his party started off in pursuit ; the King, myself, and the bulk of the party returning to camp. On our way back Ranudat Sing shot a large male sambar deer, which we had some difficulty in hoisting up on to an elephant's back.

Shortly before sunset, as I was sitting outside my tent smoking a cheroot with General Ranudat Sing, Jang returned to camp, bringing with him in triumph a fine female elephant, which he had caught after we left him. He had come upon a small herd of them, but only succeeded in separating and securing this one. The lasso having been well secured round her throat, one end of the long rope was fastened to one large tame elephant, who went before, leading the way, while the other was, in the same way, fastened to another large tame elephant (Jang's own, on which he was seated), who followed behind in order to administer a push or prod with his tusks as a reminder in case the newly captured one jibbed or objected to go on.

These two tame elephants were very fine ones, thoroughly broken in to their work, and had been both engaged in the capture of the new one. It was very curious to see the skilful way in which they guided their prize safely through the camp, close to my tent, despite all her resistance, without swerving from the line, or coming in contact with a single tent-peg.

The new one, much frightened, tried once or twice on entering the camp to throw herself down, so as to prevent her further progress. Immediately Jang's elephant, behind, touched her up in the quarter with his tusks, not fiercely so as to do any harm, but with sufficient energy to show what she would get in case of further resistance. She jumped up, and tried to bolt off forward or to one side. The leading elephant's rope kept her steady, and prevented her swerving. Jang waited a minute or so outside my tent to get a cheroot. The leading and the following elephants, by tightening their respective ropes, kept the new one fixed in one spot, as she could neither advance nor recede. The tame ones went through their parts with the greatest docility and gravity, perfectly understanding their respective duties.

*(*Dour, or daur, a chase.—Ed.)*

**(To be continued)**

तपाईंको भान्छा

# क्यान्सरबाट बच्न काउली

काउली खानु क्यान्सरबाट बच्ने एउटा उत्तम उपाय हो। काउली खानाले क्यान्सरका कोषहरू बनेका छन् भने पनि त्यसलाई वृद्धि हुन नदिई त्यहीँ निष्कृय पार्छ। यसमा पाइने 'ग्लुकोसिनोलेट' र 'सल्फोराफेन' ले क्यान्सर लाग्न सक्ने तन्तुहरूलाई हटाउन महत्त्वपूर्ण भूमिका खेल्छन्। यसमा पाइने अन्य तत्त्वले डीएनएको मर्मत गरी क्यान्सर रोग लगाउने कोषहरू बढ्नबाट रोक्छ।

काउलीले फोक्सो, स्तन, आन्द्रा, डिम्बाशय र मुत्रथैलीको क्यान्सरबाट बचाउन पनि मद्दत गर्दछ। फ्रेड हचिन्सन क्यासर रिर्सच सेन्टरमा गरिएको अध्ययनले काउलीजस्ता हरियो सागपातको दैनिक प्रयोगले प्रोस्टेट क्यान्सर हुने सम्भावना लगभग आधा घटाउँछ।

अध्ययनअनुसार काउलीमा 'इन्डोल–३–कार्विनोल' र योभन्दा सशक्त 'डाइ–इन्डोमिथेन' नामक रसायनहरू हुन्छन् जसले क्यान्सरसँग लड्न र क्यान्सरका कोषको वृद्धि हुन रोक लगाउँछ।

जति धेरै काउली आफ्नो खानामा भयो उति नै राम्रो। एक अध्ययनले त हप्तामा धेरै काउलीको खपत गर्ने महिलाको स्तन क्यान्सर हुने सम्भावना ७२ प्रतिशतले कम देखाएको छ।

**खाने विधि**

अध्ययनहरूले के देखाएका छन् भने, काउलीलाई धेरै पकाएमा यसमा पाइने क्यान्सर विरुद्ध लड्ने तत्त्वहरू नाश हुने सम्भावना रहन्छ। विज्ञहरू यसलाई काँचै खान सल्लाह दिन्छन्। विज्ञहरूको सुझाव छ, 'काउलीलाई एउटा नुनपानी भएको भाँडामा करिब चार घन्टा जति डुबाउने र चिसो पानीले मज्जाले पखालेर खाने।'

यसलाई लेदो बनाएर पनि अन्य विभिन्न परिकारको मिश्रण गरेर खान सकिन्छ। साथै सलादका रूपमा यसको प्रयोग धेरै नै उत्तम हुन्छ।

काउलीलाई काटेर नुनको पर्याप्त मात्रा मिलाई मजाले थिचेर बोतलमा राख्दा यसबाट निस्केको रसले विस्तारै अमिलोपना विकास गर्छ। चारदेखि सात दिनभित्र यसरी राखिएको काउली खानका लागि उपयुक्त हुन्छ। यसरी राखिएको काउलीमा क्यान्सर विरुद्ध लड्ने रसायनहरूको राम्रो विकास हुन्छ र शरीरलाई फाइदा गर्छ।

**अन्य फाइदा**

काउलीले हड्डी दह्रो बनाउन पनि मद्दत गर्छ। एलर्जी हुने सम्भावना कम गर्छ र पाचन प्रणालीलाई राम्रो बनाउँछ। यसले मुटुमा लाग्ने रोगहरूबाट बच्न पनि त्यत्ति नै मद्दत गर्दछ।

काउली भिटामिन 'के' र 'सी' को मुख्य स्रोत हो। एक बटुका काउली मात्र खपत गर्दा शरीरलाई चाहिने ९१ प्रतिशत भिटामिन 'के' र ५१ प्रतिशत भिटामिन 'सी' उपलब्ध हुन्छ। साथै, काउलीबाट राम्रो मात्रामा रेसा र शरीरलाई चहिने अन्य महत्त्वपूर्ण तत्त्वहरू पनि पाइन्छ।

'स्वास्थ्य खबरपत्रिका' बाट



# जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

## फ्याका धों व सारस्


छन्हु फ्याकाधोंल्या ख्या याएगु मती तया व फ्याकाधो लं सारस् इत थगू छें भ्वे नकेत सःता यंकल। भ्वे नके ते वं सुरुवा तपागु भुइ पोंका व भू न्ह्योने तएहल। व देमाया सी चिकि जागु लिं व सारसं थगु ताहागु त्वा थुना व सुरुवा तोने मछिन। व फ्याका धोलं धमा धम् मेचं फेया फुक सुरुवा फुका बिल। 'छं भ्वे मनसें चोंगु खना जि दुःख ताए धुनो; छाए, छं थो भ्वे मयल थें' धका व फ्याक धोलं वइत धाल। व सारसं व धागु खेंत छुं हे लिस मब्यू। व सारसं 'हाकनं आ जिथाए भ्वे वा, आ जि नके पालि धका वइत सतल। वं धा खुन्हुं हे व फ्याकाधों व सारस् इथाए भ्वे वन। भ्वोजे खालि सुरुवा सुराहि छगले थना वं न्ह्योने तयाबिल। व सुराहिया कक्कु चिकि पु, हो चिकि हो जुगु लिं व सारसं थअगु ताहाकगु त्वा दुत छोया सुरुवा मजां तोन। व फ्याका धोलं धासा थगु न्हा स्या चोका नापं दुछ्वे मफुत। सुरुवाया ना आपा साइथें चों सानं सुराहि या सिथे किनाचोंगु जक वं फे पावे जुल।

भ्वे सिधएका बिदा काएगु वखते व फ्याका धोलं तमं ख्वा ख्यूँ कल। अले व सारसं 'छं गथे जित यात अथे हे जिं छंत याना गु ख' धका धाल।

थःत गथे यात कर्केत नं अथेहे याएमा।

अकिं छंत मेपिसं गथे याके मंदु थमनं नं मेपिंत अथे हे या। (मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

# आ.व. २०७४/७५ भाद्र महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४०३ | ३५३ | २७९ | २३७ | १८६ | २३७ | २४३ | २३२ | २२९ | २६७ | २५९ | २१३ | २०९ | १४२ | १७६ | १७३ |
| ■ सार्क तथा चिनियाँ | २२२ | २६० | २८४ | २०६ | १४७ | २०८ | १२८ | ८५ | १३९ | १७७ | ११७ | १०० | २०१ | १३५ | १३० | १५४ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २१८ | २३२ | १७८ | १५६ | १५४ | २०७ | २११ | २२८ | १८५ | १६८ | १७९ | २२५ | २३३ | २१७ | २०२ |
| ■ सार्क तथा चिनियाँ | २२३ | १५१ | १३६ | १८० | २५६ | १२९ | २०३ | २७९ | १५३ | २४५ | १९२ | १४५ | ७९ | १९० | २८२ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७३ भाद्र | ६,७७५ | ४,२५७ | ११,०३२ |
| २०७४ भाद्र | ६,८३१ | ५,५३६ | १२,३६७ |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# गाईजात्राको उत्भव थलो भक्तपुर

हुलका हुल मानिसहरू ताल मिलाएर लठ्ठी जुधाएको नाच अर्थात घिन्ताङ्घिसी देख्ने कतिपय विदेशी पर्यटकहरू घोर आश्चर्यमा पर्थे । बच्चादेखि बूढासम्मले एउटै तालमा नाच प्रदर्शन गरेको देखेर तिनीहरू सोध्थे रे– यतिका मानिसलाई कहिलेमात्र सिकायो ? यथार्थमा घिन्ताङ्घिसी सिकाइँदैन, हेर्दै र नाच्दै सिक्छन्– भक्तपुरवासीहरू ।

गाईजात्राको अवसरमा प्रदर्शन हुने घिन्ताङ्घिसी भक्तपुर बाहेक मोफसलका विभिन्न जिल्लाहरूमा पनि प्रदर्शन गरिन्छ । भक्तपुरबाट विभिन्न कारणले पूर्व र पश्चिम पुगेका नेवारहरूले आफ्नो संस्कृतिलाई गाईजात्राको अवसरमा निरन्तरता दिइरहेका छन् ।

गाईजात्राको अवसरमा भक्तपुर नगरपालिकाले धेरै वर्षदेखि परम्परागत र आधुनिक विभिन्न नाचहरूबीच प्रतिस्पर्धा गराई पुरस्कृत गरिरहेको छ । नाचगानको राजधानी र सांस्कृतिक केन्द्र भक्तपुरको महत्तालाई जीवन्त पारिरहेको छ । यसबाट एकातिर नाचगान टोलीलाई आर्थिक सहयोग पुगिरहेको छ भने अर्कोतिर नयाँ पुस्तामा अमूर्त सम्पदा हस्तान्तरण पनि हुँदै गइरहेको छ ।

यस वर्ष पनि 'गाईजात्रा पर्व २०७४' मा प्रदर्शित परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूका उत्कृष्ट टोलीहरूलाई एक कार्यक्रम आयोजना गरी पुरस्कार प्रदान गरिसकेको छ ।

उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्ने क्रममा इतिहासविद् प्रा.डा.पुरूषोत्तम लोचन श्रेष्ठले गाईजात्राको उत्भव थलो ६०० वर्ष अगाडि भक्तपुर भएको जानकारी दिनुभयो ।

इतिहासमा आजभन्दा ३७६–३४३ वर्ष अघि कान्तिपुरका मल्ल राजा प्रताप मल्ल (शासनकाल नेपाल सम्वत ७६१–७९४; सन् १६४१–१६७४, विक्रम सम्वत १६९८–१७११) ले पुत्रशोकले विह्वल रानीलाई सबैका घरमा मानिस मर्छन् भनी शान्त्वना दिन गाईजात्रा पर्व थालनी गराएको उल्लेख छ र त्यसलाई सबैले मानिआएका छन् ।

तर प्रा.डा.श्रेष्ठले तत्कालीन नेपाल मण्डलका राजा जयस्थिति मल्ल (शासनकाल नेपाल सम्वत ५०२–५१५, सन् १३८२–१३९५, विक्रम सम्वत १४३९–१४५२) को पालामा अर्थात आजभन्दा ६३५–६२२ वर्ष पहिले नै भक्तपुरमा गाईजात्राको प्रचलन भएको दाबी गरेका छन् । यस हिसाबले प्रताप मल्लभन्दा झन्डै २६० वर्ष पहिले नै गाईजात्राको प्रचलन भएको देखिन्छ ।

यस विषयमा गोपाल राजवंशावलीको ६१ पत्रमा जयस्थिति राजमल्ल देवको शासनकालमा ने.सं. ५०४ (वि.सं. १४४१) को विवरणमा '.... गाईजात्राको दिन ङ्वांपानमा उठाई मूल बाटोबाट ...' वाक्यांश उल्लेख छ । तर कहिलेदेखि गाईजात्रा पर्व चल्यो भन्ने स्पष्ट तिथिमिति उल्लेख नभेटिए पनि प्रतापमल्ल जन्मनुभन्दा दुई शताब्दीभन्दा अघि नै गाईजात्रा पर्व चलेको प्रमाणित हुन्छ । यसबाट आजसम्म हामीले पढ्दै आएको गाईजात्राबारेको इतिहास गलत भएको पुष्टि हुन्छ ।

अब प्रा.डा.श्रेष्ठलगायत सम्बन्धित विज्ञहरूले गाईजात्राबारेको इतिहास सच्याउन विलम्व गर्न नहुने बोध गर्ने विश्वास छ र सत्य र तथ्यपूर्ण इतिहासबाट वर्तमान पुस्तालाई लाभान्वित पार्ने अपेक्षा छ ।